Ratokhabar weekly
रातो खबर साप्ताहिक

## हामी पाँचौं वर्षमा प्रवेश गर्‍यौं

रातो खबर साप्ताहिक चार वर्ष पूरा गरी पाँचौं वर्षमा प्रवेश गरेको सन्देश आदरणीय पाठक, लेखक, न्यायप्रेमी जनसमुदाय, विज्ञापनदाता, शुभचिन्तकहरूमा पुर्‍याउन पाउँदा हामी अत्यन्त गौरवान्वित छौं । विभिन्न समस्याहरूसँग जुध्दै हामी आजसम्म आफ्नो यात्रा जारी राख्न सफल भएका छौं । यो तपाईं न्यायप्रेमी, स्वतन्त्रता र समानताका पक्षधर, देशभक्त, क्रान्तिकारी जनसमुदायकै कारण सम्भव भएको हो । तपाईंहरूको यो साथ र सहयोग पाइरहने र जस्तासुकै चुनौतीहरूको पनि सामना गर्न सक्षम हुनेमा हामी विश्वस्त छौं । असत्यका विरुद्ध सत्य र अन्यायका विरुद्ध न्यायका पक्षमा समाचार र विचारका माध्यमले सामना गर्नुपर्ने सबै चुनौती हाम्रा लागि स्वीकार्य छन् । हाम्रो पाँचौं वर्षको यात्रा पनि यस्तै निरन्तर रहने विश्वास र प्रतिबद्धता व्यक्त गर्दछौं ।

**रातो खबर साप्ताहिक**

वर्ष ५, अङ्क १, पूर्णाङ्क १९६ | २०७६ जेठ २९ गते बुधबार | Wednesday, 12 June 2019 | www.eratokhabar.com | मूल्य रु. १०

# दूरसञ्चार सेवामा दलालको चलखेल

■ **रातो खबर संवाददाता**/काठमाडौं



नेपाल दूरसञ्चार प्राधिकरणको अध्ययन प्रतिवेदनले स्थान अनुपयुक्त ठहर गरेको र विश्व बैङ्कले कालोसूचीमा राखेको विवादास्पद फ्रेन्च कम्पनी थेल्स ग्रुपसँग ओली सरकारले स्याटेलाइट खरिद सम्झौताप्रक्रिया सुरु गरेको छ । ओलीको युरोप भ्रमणकै अवसरमा उक्त सम्झौता गर्ने सरकारी तयारी देखिन्छ । थेल्स ग्रुप फ्रान्सको विवादास्पद कम्पनी हो । यसले हतियार अन्तरिक्ष र सुरक्षासम्बन्धी सामानको व्यापार गर्दछ । दक्षिणअफ्रिकामा थेल्स ग्रुपका विरुद्ध मुद्दा विचाराधीन छ । ३ महिनाअघि नै सरकारले सम्झौता उक्त कम्पनीसँग स्याटेलाइट खरिद सम्झौताका लागि सहमतिपत्रमा हस्ताक्षर गरेको थियो । अफ्रिकी पूर्वराष्ट्रपति जयाकब जुमालाई घूस दिएको आरोपमा मुद्दा चलिरहेको र ताइवानलाई समुद्री जहाज बिक्री गर्दा भ्रष्टाचार गरेको भन्दै अन्तर्राष्ट्रिय अदालतद्वारा जरिबानाको फैसलासमेत गरिसकेको विवादास्पद कम्पनीसँग वली सरकार कारोबार गर्न किन लालायित भयो ? त्यसको विकल्प थिएन ? वली सरकार अब कमिसनको चक्करमा नेपाल टेलिकम डुबाउन र देशलाई थप परनिर्भर बनाउन उद्यत भएको देखिन्छ । त्यसो होइन भने नेपाल दूरसञ्चार प्राधिकरणले अध्ययन प्रतिवेदनकै बर्खिलाप हुने गरी जोर-जबर्जस्ती किन गर्नुपर्‍यो ? वली सरकारको यो हर्कत राष्ट्रिय सुरक्षाको दृष्टिले पनि खतराको घन्टी हो ।

काङ्ग्रेस र एमाले पार्टीको नेतृत्वमा २०४६ सालदेखि गठित सरकारहरूले एकपछि अर्को राष्ट्रिय गौरवका कल-कारखाना र संस्थाहरू डुबाउने गरेका छन् । बाँसबारी छालाजुत्ता, भृकुटी कागज कारखाना, कपास उत्पादन (बर्दिया), बुटवल धागो कारखाना, हेटौँडा कपडा उद्योग, वीरगन्ज कृषि औजार कारखाना, जनकपुर चुरोट उद्योग, विराटनगर जुट मिल, उदयपुर सिमेन्ट उद्योग, हिमाल सिमेन्ट, हेटौँडा-काठमाडौं रोप वे सबै संस्थाहरू २०४६ सालपछि टाट पल्टाइएको छ । अनावश्यक कर्मचारी, मन्त्री र दलहरूको बैठक, गोष्ठीको बिल, तेल आपूर्ति, चुनावी खर्च, भ्रष्टाचार, प्रतिस्पर्धीसँग मिलेर आफ्नो उत्पादन र सेवा कमसल वा गुणस्तर गिराउने हाकिम तथा उनीहरूलाई संरक्षण गर्ने सत्तारूढ सरकारका कारण गौरवका संस्थाहरू डुबाइएको छ । ती संस्थाहरूको बजार खाली गरेर विदेशी उत्पादनले भरिएको छ । त्यसबापत बहुराष्ट्रिय कम्पनीबाट नीति निर्माता र शासकहरूले मोटो कमिसन हातपारेका छन् । काङ्ग्रेस र एमालेलाई बहुराष्ट्रिय कम्पनीका मालिकहरूले पालैपालो

बाँकी पृष्ठ ७ मा

## जनपरिषद्ले गर्‍यो भूमाफियाको जग्गा कब्जा




**भक्तपुर** : जिल्ला जनपरिषद् भक्तपुरले भूमाफियाको जग्गा कब्जा गरेको छ । जिल्लाको चाँगुनारायण नगरपालिका २ दुवाकोटमा रहेको एक रोपनी एक

... बाँकी पृष्ठ ७ मा

## पत्रकार महासङ्घले दिउँसै लालटिन जुलुस निकाल्ने




**काठमाडौं** : नेपाल पत्रकार महासङ्घले सरकारले संसद्मा दर्ता गराएको मिडिया काउन्सिल विधेयक फिर्ता लिन माग राख्दै तेस्रो चरणको आन्दोलन घोषणा गरेको

... बाँकी पृष्ठ ७ मा

## गम्भीर घाइते भएकाहरूको उपचारमा समेत प्रहरीको अवरोध




■ **रातो खबर संवाददाता**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले बम विस्फोटका घाइतेहरूलाई भयभीत पारेर उपचारमै अवरोध गरिरहेको भन्दै ओली-बादल गृहप्रशासनलाई चेतावनी दिएको छ । पार्टी प्रवक्ता प्रकाण्डले शुक्रबार विज्ञप्ति जारी गरी चेतावनी दिएका हुन् ।

प्रकाण्डको विज्ञप्तिमा भनिएको छ, ' ओली-बादलमण्डलीको गृह प्रशासनले जेठ ७ गते राजनीतिक कार्यक्रममा हिँडिरहेका हाम्रो पार्टीका युवा कमरेड तीर्थ घिमिरे 'राजु' लाई निःशस्त्र अवस्थामा गिरफ्तार गरेर पार्टी पङ्क्ति र

## गुठी विधेयकविरुद्ध प्रदर्शनमा प्रहरी हस्तक्षेप, दर्जनौं घाइते



**काठमाडौं** : गुठी विधेयकविरुद्ध शनिबार काठमाडौंको माइतीघरमा विरोध प्रदर्शन भएको छ । सरकारले संसद्मा दर्ता गराएको गुठीसम्बन्धी कानुन संशोधन गर्न बनेको विधेयकले जग्गा हडप्ने बाटो खुला गरेको भन्दै सरोकारवालाहरू विरोध प्रदर्शनमा उत्रेका हुन् ।

... बाँकी पृष्ठ ७ मा

## घेरा हालेर नेकपाका २२ जना गिरफ्तार




**कास्की** : प्रहरीले कास्कीबाट नेकपाका २२ जना नेता-कार्यकर्तालाई घेरा हाली गिरफ्तार गरेको छ । नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) कास्की र पृथ्वीनारायण क्याम्पस जिल्ला समितिको संयुक्त बैठकमा हस्तक्षेप गरी प्रहरीले नेकपा कास्कीका सेक्रेटरी आक्रोशसहित २२ जना नेता-कार्यकर्तालाई गिरफ्तार गरेको हो ।

कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं. ११ उरीस्थित आमा समूहको भवनमा शनिबार विद्यार्थीको संयुक्त बैठक बसिरहेका बेला अपराह्न चार बजे प्रहरीले बैठकस्थल घेरा हाली उनीहरूलाई गिरफ्तार गरेको जानकारी नेकपाले दिएको छ ।

... बाँकी पृष्ठ ७ मा

## अपर कर्णाली परियोजनामा बम विस्फोट किन ?




■ **रातो खबर संवाददाता**/काठमाडौं

माथिल्लो कर्णाली जलविद्युत् परियोजनाको कार्यालयमा शनिबार भएको विस्फोटको जिम्मा नेपाल कम्युनिस्ट पार्टीले लिएको छ ।

नेपाल कम्युनिस्ट पार्टी सेती-महाकाली ब्युरो इन्चार्ज निर्माणले आइतबार विज्ञप्ति निकालेर माथिल्लो कर्णाली जलविद्युत् परियोजना नेपाल र नेपाली जनताको हित र जनचाहनाविरुद्ध भारतीय कम्पनी जीएमआरलाई सुम्पिएर सरकारले राष्ट्रघाती कदम जारी राखेको भन्दै त्यसको विरोधमा जनस्तरबाट उक्त कारबाही गरिएको जिम्मा लिएका छन् ।

उक्त परियोजना नेपाली लगानी र प्रविधिमा नेपालले नै बनाउनुपर्ने र उक्त परियोजनामा स्थानीय जनताको प्रत्यक्ष सहभागितामा निर्माण हुनुपर्ने कुरामा हामीले बारम्बार सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै आएको

... बाँकी पृष्ठ ३ मा

# भोजपुर हत्याकाण्डको परकम्प

**देश/परिवेश**

■ अनिल शर्मा 'विरही'



वली सरकारले देशमा औपचारिक अर्थमा गृहयुद्ध नभएको अवस्थामा एकजना निःशस्त्र युवक तीर्थ घिमिरे 'राजु' लाई नियन्त्रणमा लिएर जानीबुझी हत्या गर्‍यो । त्यसप्रकारको अपराधकर्म राज्यले किन गर्‍यो ? त्यसप्रकारको घटना भोजपुरमै हुनु केवल संयोग हो कि ? त्यसको दूरगामी दुष्प्रभाव के हुन्छ ? यी विषयमा यहाँ चर्चा गरिनेछ ।

नेपालको इतिहासमा पश्चिमको जुम्ला उपत्यकाजस्तै भोजपुर जिल्लाको पूर्वमा ख्याती रहेको छ । वि.सं. १९७९ तिर नै आर्य समाजीहरूले अन्याय, सामाजिक विकृति र राणा शासनका विरुद्ध विद्रोह गरेका थिए । राजा महेन्द्रको राजनीतिक नक्साङ्कनपूर्व भोजपुर 'माझ किराँत' नामले चिनिन्थ्यो जो पूर्व ४ नम्बर जिल्ला थियो । राणाकालमा नै भोजपुर दिङ्लामा गुरु षडानन्दले संस्कृत पाठशाला खोलेर शैक्षिक जागरण ल्याएका थिए । धरान, विराटनगरलगायत सहरहरू अँध्यारा गाउँ रहँदा दिङ्लाको सान र मान देशभर थियो । तर नक्कली सामानको बढी विज्ञापन भएझैं छ यो देशमा । पारिजात र बारबरा एडम्सका बीचमा भएको एउटा छलफल स्मरणीय छ । पारिजात भन्नुहुन्छ, 'बारबरा निम्री, साह्रै दुःखको कुरा यस देशको इतिहासमा यस्तै महत्वपूर्ण कुराहरू पोखराले सेती लुकाएजस्तै लुकाइदिएको छ ।' भोजपुरकी विद्वान्, विद्रोही छोरी योगमायाको इतिहास पनि शासक वर्गले लुकाएको छ । योगमायाबाट आजको पुस्ताले प्रेरणा नलेओस् भन्ने शासकीय मनसुवा देखिन्छ । राणाकालमै योगमायाले रूपान्तरणको प्रक्रिया, परिवर्तनको प्रक्रिया आफैँबाट सुरु गर्नुपर्ने बताएकी थिइन् । एउटा श्लोक (कवितांश) हेरौँ–

'माया त्याग्न सजिलो छ, लोभ त्याग्न कोटी
लोभी चित्त भयो भने कर्म हुन्छ खोटी ।'

आर्यसमाजी योगमायाको समूहले छुवाछूत, जातिभेद, महिला उत्पीडन, सतीप्रथा, धर्मको आडमा आर्थिक शोषणका विरुद्ध धर्मकै आडमा विद्रोह गरेका थिए । उनीहरूलाई धर्मविरोधी, राजाविरोधी, समाजविरोधी आरोपित गरियो । त्यसबेला साहूमहाजनले लिनुपर्दा ठूला र दिनुपर्दा साना माना-पाथी चलाउँथे । त्यसका विरुद्ध कवितामै जागरण फैलाइयो-

'जन्म नर अन्न पच्चिसा लाग्यो
साना र ठूला पाथीहरू चलायो

... बाँकी पृष्ठ ४ मा

## सम्पादकीय

# सरकारको अमानवीय व्यवहार

सरकारको नीति, कार्यक्रम र व्यवहार मात्र होइन, व्यवस्थाप्रति नै असन्तुष्टि राख्ने अधिकार जनतालाई छ, हुन्छ । यथास्थितिवादी, प्रतिगामी सबै पक्षले साझा संस्थाका रूपमा स्वकिार गरेको संयुक्त राष्ट्र सङ्घले नै विद्रोह गर्ने अधिकार जनतासँग सुरक्षित रहेको भन्दै आएको छ। मार्क्सवादले त विद्रोह गर्नु जनताको अधिकार नै घोषणा गरेको छ। त्यसमाथि नेपालले त मानवअधिकारका विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूमा हस्ताक्षर नै गरेर नागरिकको अधिकारको सुनिश्चितता गरेको बताउँदै आएको छ तर सरकारले नागरिकमाथि गर्ने व्यवहार भने उसको प्रतिबद्धताअनुसार नभएको मात्र होइन, ठीक विपरीत किसिमको छ। कथित समाजवादतिरको यात्रा गरेको भन्न रुचाउने दलहरू र आफूलाई कम्युनिस्ट भनाउने सरकारले पछिल्लो समयमा आफ्नै नागरिकहरूमाथि गरेको व्यवहार शत्रु राष्ट्रका नागरिकलाई गरेको भन्दा निकृष्ट र खेदजन्य छ।

सबैभन्दा पहिला त यो सरकारले यो व्यवस्था, संविधान र सरकारप्रति गम्भीर विमति राख्दै एकीकृत जनक्रान्तिको कार्यदिशा लागू गरिरहेको नेकपामाथि आफैँले लोकतान्त्रिक र समाजवादी घोषणा गरेको संविधानलाई नै मिचेर प्रतिबन्ध घोषणा गरेको छ। नेपालको इतिहासमा कम्युनिस्ट पार्टीमाथि लगाइएको यो पहिलो प्रतिबन्ध नभए पनि कथित कम्युनिस्ट पार्टीको सरकार भएको समयमा लगाइएको भने पहिलो प्रतिबन्ध हो। शाहीकालमा तत्कालीन एमालेसमेत सहभागी भएर बनेको सरकारले कथित आतङ्ककारी कानुन निर्माण गर्न र तत्कालीन माओवादीलाई आतङ्ककारी घोषणा गर्न सहयोग गरेको थियो तर त्यो शाही-काङ्ग्रेस र एमालेको सरकारको पालाको कुरा थियो। एउटा कम्युनिस्ट नामधारी सरकारले अर्को कम्युनिस्ट पार्टीमाथि प्रतिबन्ध लगाउनु, सामान्य राजनीतिक गतिविधिसम्म गर्न नदिनु, पार्टीका राजनीतिक कार्यक्रम त परै जाओस्, जनताको जीविकासँग जोडिएका विषयहरूमा छलफल गरिरहेका जनवर्गीय सङ्गठनहरूका भेला र बैठकहरूमै घेरा हाली सामूहिक रूपमा गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाएर लामो समयसम्म बेपत्ता बनाउने, हिरासतमा राख्ने, यातना दिने, झूट्टा मुद्दा लगाएर देशभर घुमाउने, नागरिकहरूमाथि गोली प्रहार गरी हत्या गर्ने र जेलसम्म पठाउने काम गर्दै आएको छ। सरकारका यी गतिविधिहरूले सामान्य लोकतान्त्रिक मान्यताबाट मात्र होइन, औपचारिकता पनि गुमाउँदै गइराखेको छ र फासिवादी चरित्र व्यवहारबाटै देखाउँदै गइरहेको छ भन्ने प्रस्ट पारिरहेको छ।

जेठ १२ गते साँझ काठमाडौँ उपत्यकाका विभिन्न स्थानमा विस्फोटहरू भए। ती विस्फोटमा परी चारजनाको ज्यान नै गयो। सातजना अझै गम्भीर घाइते भएर विभिन्न स्थानमा उपचार गराइरहेका छन्। केपी वली सरकारका गृहमन्त्री रामबहादुर थापाले विस्फोटमा परी ज्यान गुमाउनेहरू नागरिक नभएको अत्यन्त गैरजिम्मेवार अभिव्यक्ति दिए। जनयुद्धको बाटो भएर हाल दलाल संसदीय व्यवस्था लागू गर्ने सरकारका गृहमन्त्री बनेका रामबहादुरले विद्रोही नेकपाका कार्यकर्ता र विस्फोटमा परी ज्यान गुमाएका तथा घाइते भएकाहरूलाई नागरिक होइनन् भन्नु विद्रोहीहरूलाई दुस्मन ठान्नु मात्र होइन, अनागरिक घोषणा गर्नु हो। उनको यो अभिव्यक्ति उनका लागि मात्र होइन, यो सरकार र व्यवस्थाका लागि पनि अत्यन्त महँगो साबित हुनेछ।

जनयुद्धकालमा तत्कालीन गृहमन्त्री देवेन्द्रराज कँडेलले माओवादीलाई आतङ्ककारी घोषणा गर्दै माओवादीका तत्कालीन नेताहरू पुष्पकमल दाहाल, रामबहादुर थापा, बाबुराम भट्टराईलगायतको टाउको काटेर झोलाभरि ल्याउन र झोलाभरि खनखनी गनेर पैसा लैजान उर्दी लगाएका थिए। हिजोको राज्यसत्ताले आतङ्ककारी घोषणा गरी प्रतिबन्ध लगाउँदा गम्भीर आपत्ति व्यक्त गर्ने रामबहादुर थापा आज विद्रोहीहरूलाई प्रतिबन्ध लगाउने, गोली हान्ने, झूट्टा मुद्दा लगाएर हिरासत र जेल पठाउनेमा मात्र सीमित नभएर अनागरिक भन्नेसम्मको धृष्टता गरिरहेका छन्। उनलाई थाहा हुनुपर्ने हो यो दलाल संसदीय व्यवस्थाको आयु सर्पको मुखमा परेको भ्यागुताको जत्ति पनि छैन। यस्तो लघुतम समयको गृहमन्त्री बनेका रामबहादुरलाई विद्रोहीहरू अनागरिक हुन् भन्ने हिम्मत कसले दियो होला ? उनले आफ्नै मनले त्यस्तो अभिव्यक्ति दिए होलान् कि उनलाई त्यस्तो बोल्न कसैले अरायो होला, अझै गम्भीर भएर बुझ्नुपर्ने कुरा छ।

यसैक्रममा जेठ १२ गते सुकेधारा विस्फोटमा परेर घाइते भएकाहरू जीवनमरणको दोसाँधमा काठमाडौँका विभिन्न अस्पतालहरूमा उपचार गराइरहेका छन्। त्यसरी उपचारमा रहेका गम्भीर घाइतेहरूको उपचारमा समेत प्रहरीले अवरोध गरेको सन्दर्भले यो सरकारको फासिवादी शैलीलाई उजागर गरेको छ। नेपाल कम्युनिस्ट पार्टीले बम विस्फोटका घाइतेहरूलाई भयभीत पारेर उपचारमै अवरोध गरिरहेको भन्दै वली-रामबहादुर गृह प्रशासनलाई चेतावनी नै दिनुपर्ने अवस्था उत्पन्न हुनु दुःखद् त हो नै, मानवजातिकै लागि कलङ्कको विषय हो। नेकपाले विज्ञप्ति नै जारी गरेर वली-बादलको गृह प्रशासनले जेठ ७ गते राजनीतिक कार्यक्रममा हिँडिरहेका पार्टीका युवानेता तीर्थ घिमिरे 'राजु' लाई निःशस्त्र अवस्थामा गिरफ्तार गरेर पार्टी पङ्क्ति र जनसमुदायलाई तर्साउने र राजनीतिक वातावरण उत्तेजित पार्ने उद्देश्यले हत्या गरेको र त्यसप्रकारको सरकारी अपराधका विरुद्ध पार्टीले जेठ १३ गते आमहडतालसहितका सङ्घर्षका कार्यक्रम घोषणा गरेको सन्दर्भमा कार्यक्रम सफल पार्ने क्रममा प्राविधिक समस्याका कारण घाइते भएका ५ जना सहिद मेमोरियल अस्पताल (कलङ्की), ट्रमा सेन्टर (रत्नपार्क) र ओम अस्पताल (चाबहिल) काठमाडौँमा उपचार गराइरहेको, सरकारको गृह प्रशासनले घाइतेका आफन्तलाई सहज रूपमा भेट्न नदिने, तर्साउने, अवरोध गर्ने, बिरामीलाई 'एम्बुस' का रूपमा प्रयोग गर्ने, कुरुवालाई दुःख दिने गरेको र बिरामीलाई भयभीत पारेर उपचारमै अवरोध गरिरहेको जनाएको छ। यो अत्यन्त निन्दनीय र मानवताविरुद्धको अपराध हो। युद्धमा समेत घाइतेहरूलाई उपचार गर्ने र बचाउने परम्परा र अभ्यास छ तर दुर्घटनामा परी घाइते भएकाहरूलाई समेत गैरनागरिक घोषणा गर्ने र उपचारमा सघाउनुको सट्टा अवरोध पुऱ्याउने कार्य अन्तर्राष्ट्रिय स्तरको अपराध हो। यो विषयलाई अधिकारवादीहरूले पनि गम्भीरतापूर्वक लिनुपर्छ र अन्तर्राष्ट्रिय जगत्को ध्यानाकर्षण गराएर वली-थापा सरकार र गृह प्रशासनलाई ज्यादती र हर्कत सुधार्न बाध्य बनाउनुपर्छ। यो स्वतन्त्रताका पक्षपाती, न्याय पक्षधर, अधिकारकर्मीहरूले समयमै उठाउनुपर्ने विषय हो।

## लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

– **रातो खबर साप्ताहिक**



भरत बम 'रणवीर'

# एकीकृत जनक्रान्तिको स्कुल र नयाँ विश्व–सभ्यता

२०७४ साल भदौमा नेकपाका महासचिव क. विप्लवले केन्द्रीय स्कुलको उद्घाटन गरेपछि अभियानात्मक रूपले देशभर स्कुलहरू सञ्चालन भए। ती स्कुलमा कति प्रशिक्षित भए र केकस्ता प्रश्नहरू गरिए ? साथै यो एकीकृत जनक्रान्तिको कम्युनिस्ट स्कुल कसरी नयाँ विश्व मानवसभ्यतासँग जोडिएको छ ? के पुँजीवादी विचारकहरूले भनेजस्तो 'सभ्यताको अन्त्य' भएको हो ? हैन भने वास्तविकता र विकल्प के हो ? यी विषयमा थुप्रै ग्रन्थहरूको आवश्यकता होला तर यहाँ सङ्क्षिप्त चर्चा गरौँ।

स्कुलका गतिविधिहरू

२०७४ भदौदेखि २०७५ फागुनसम्म, पूर्व ताप्लेजुङको हेल्लोकदेखि पश्चिम डँडेल्धुराको जोगबुढासम्म, उत्तर हिमालदेखि दक्षिण तराईसम्म जम्माजम्मी २४ वटा स्कुल सम्पन्न भए। एउटा स्कुलमा न्यूनतम् १२ देखि अधिकतम् ८० जनासम्म नेता-कार्यकर्ता सहभागी भए र समग्रमा ९ सय ६० जना प्रशिक्षित भए। मालेमावादका तीन सङ्घटक अङ्ग दर्शनशास्त्र, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादका विषयहरूमा स्कुल भयो। जम्मा ५ सय ७६ कक्षाहरूमा ३० श्रमका र ४५ जति विज्ञानप्रविधिका क्लास भए।

यो अभियान स्कुलिङ विभागको नेतृत्वमा प्रशिक्षकका रूपमा पार्टी महासचिवदेखि स्थायी समिति, पोलिटब्युरो, केन्द्रीय र क्षेत्रीय ब्युरो सदस्यले भाग लिए भने केही विषयगत विज्ञहरू पनि आमन्त्रित प्रशिक्षकका रूपमा सहभागी भए। उत्सुकतापूर्ण जिज्ञासासहितका थुप्रै प्रश्नहरूले भरिएका दिमागहरू, आक्रोशित अमिलिएका भारी मनहरू र औपचारिक शरीरहरू लिएर स्कुलमा प्रवेश भएकाहरू स्कुल सकिँदा सापेक्ष स्पष्टतासहित आशावादी र खुसी भएर निस्किए।

स्कुलमा प्रश्नोत्तर

सभ्य मानिस भएर बाँच्ने आफ्नो सङ्घर्षमा मानिसहरूलाई आउने समस्या र हुने असफलताले कहिलेकहीँ विज्ञानको सीमा र नयाँ नियमको उद्घाटन गरिदिन्छ। हो, जनयुद्धको असफलताले पनि समाज विज्ञान मालेमाको सीमा र थप नियमको उद्घाटन गरिदिएको छ। परिणामतः एकीकृत जनक्रान्तिको नयाँ स्कुल खडा भएको छ। यसले एकातिर बाह्य साम्राज्यवादी, संशोधनवादी हमलाको प्रतिवाद गर्नुछ भने अर्कोतिर आफ्नै वृत्तमा मालेमावाद र क्रान्तिप्रतिकै आशङ्का र अविश्वासको सामना गर्नुपर्नेछ। त्यसैले अहिले उठेका र उठाइने प्रश्नको उत्तर दिँदा परिभाषा, व्याख्या र छलफल समावेश गर्नुपर्ने देखिन्छ।

प्रश्न : क्रान्तिमा फेरि पनि पहिलेको जस्तो हुँदैन र जितिन्छ भन्ने के ग्यारेन्टी छ ?

उत्तर : हो, विज्ञानमा ग्यारेन्टी हुन्छ र हुनुपर्छ। तर माओले भनेझैँ समाज विज्ञानमा कहिलेकहीँ 'वर्गसङ्घर्षमा सामेल शक्ति सन्तुलनका कारण सही विचारको पनि हार हुन्छ।' भने कहिलेकहीँ असफलताले विज्ञानको सीमा र थप नियमको पनि उद्घाटन गर्दछ। विगत क्रान्तिमा वस्तुगत रूपमा क्रान्तिको रणनीति र कार्यनीति, समग्रमा कार्यदिशामा आवश्यक विकास गर्न नसकेर र आत्मगत रूपले नेतृत्वले उचित बलिदानका लागि आँट नगरेर क्रान्ति हारियो। अब त्यसो हुनेछैन किनकि हामीसँग सामाजिक क्रान्तिको विज्ञान मालेमावाद छ र यसमा आधारित भएर क्रान्तिको नयाँ कार्यदिशा विकास गरेका छौँ। साथै देश र जनताको मुक्तिका लागि आवश्यक पर्ने बलिदानका निम्ति पनि तयार भएका छौँ। त्यसैले विगतको जस्तो क्रान्ति हुनेछैन। हाम्रो भविष्य उज्ज्वल छ र सफल हुनेछौँ।

प्रश्न : पार्टीले विकास गरेको एकीकृत जनक्रान्तिको नयाँ कार्यदिशा के हो र यो कसरी सफल हुन्छ ?

उत्तर : मालेमावाद- सशस्त्र जनविद्रोह र दीर्घकालीन जनयुद्ध- का आधारभूत सार्वभौमिक पक्षसहित समकालीन परिवर्तित समाजका नगरसमाज, मध्यमवर्गको विकास, विज्ञानप्रविधिको विकास, मिश्रित नेपाली समाजको बनोट, राष्ट्रवादी धारा, दलाल पुँजीवाद र भूपरिवेष्ठिततालगायत नयाँ विशेषतालाई सम्बोधन गर्दै विकसित क्रान्तिको नयाँ कार्यदिशा नै एकीकृत जनक्रान्तिको कार्यदिशा हो।

यो कार्यदिशा पुरानो समाजको गर्भबाट नयाँ समाजको जन्ममा 'सुडेनी' को भूमिकाका रूपमा क्रान्तिमा बलप्रयोगको अनिवार्यताको मार्क्सवादी मान्यतामा आधारित छ। यसका थप विशेषताहरू सङ्क्षिप्तमा यसरी उल्लेख गर्न सकिन्छ :

भौतिक विज्ञान र समाज विज्ञानलाई एकीकृत गर्ने, जनता, सेना र विज्ञानप्रविधिलाई एकीकृत गर्ने, गाउँ र सहरलाई एकीकृत गर्ने, सर्वहारा वर्ग, मध्यम वर्ग र राष्ट्रवादीलाई एकीकृत गर्ने, दीर्घकालीन जनयुद्धका तीन चरण र स्वरूपलाई एकीकृत गर्ने, दुस्मनको घेरा साँघुरो र मित्रको घेरा फराकिलो पार्ने, दलाल पुँजीवाद र उत्तरसाम्राज्यवादविरुद्ध केन्द्रित हुने, क्रान्तिलाई सरल र जनप्रिय बनाउने र आजको असमान, अशान्त, असभ्य विश्वको विकल्प समान, शान्त र सभ्य नयाँ विश्व दिने।

यो कार्यदिशा जनता, सेना, विज्ञानप्रविधि, गाउँ र सहर, सर्वहारा श्रमिक वर्गसँग मध्यम वर्ग र राष्ट्रवादीलाई एकीकृत गर्दै अनि दीर्घकालीन जनयुद्धका तीन चरण र स्वरूपलाई एकीकृत गर्दै मूलतः दुई स्वरूप र चरण हुँदै मध्यम दूरीमा सम्पन्न हुन्छ।

प्रश्न : वैज्ञानिक समाजवाद भनेको के हो ? यसमा के हुन्छ ? बुर्जुवा समाजवाद जो अहिले सरकारी पार्टीले भन्छन् र वैज्ञानिक समाजवादमा के फरक छ ?

उत्तर : वैज्ञानिक समाजवाद सङ्क्रमणकालीन समाजको एक निश्चित राजनीतिक रूप हो जहाँ कम्युनिस्ट विचारको नेतृत्वमा निरन्तर क्रान्तिद्वारा मानव सिर्जित वर्गीय शोषण, असमानता, दमन र अशान्तिको अन्त्य हुन्छ। साथै सम्पूर्ण रूपमा पूर्ववर्ती समाजको विचार, उत्पादन पद्धति, राजनीति र संस्कृतिको पनि अन्त्य हुन्छ र यसले अनिवार्यतः वर्गशोषण र विभेदरहित राज्यविहीन मानव जातिकै उत्कृष्ट सभ्यता र संस्कृतिसहित स्वतन्त्र, समुन्नत, शान्त, समानतामा आधारित र समृद्ध समाजव्यवस्था साम्यवादमा पुऱ्याउँछ। यसलाई वैज्ञानिक समाजवाद भनिन्छ।

वैज्ञानिक समाजवादको राजनीति कम्युनिस्ट वैचारिक नेतृत्वमा दलाल पुँजीवाद र उत्तरसाम्राज्यवादविरोधी जनताको संयुक्त शासन तथा राजनीतिक प्रभुत्व हुन्छ। महासचिव विप्लवका शब्दमा विगतको असफलताबाट शिक्षा लिएर अब 'जनवाद र अधिनायकत्वलाई वैज्ञानिक' बनाउन आवश्यक छ। चुनावी प्रतिस्पर्धामा कुनै नेता चुनिने योग्यता उसको 'राज्यसम्बन्धी दृष्टिकोण, जनताप्रतिको समर्पण र समग्र आचरणलाई' बनाइनुपर्छ। अहिलेको औपचारिक लोकतन्त्रको ठाउँमा वास्तविक लोकतन्त्रको अभ्यास गर्नुपर्छ। अहिलेको चुनावमा जनता चुन्ने र दलाल पुँजीपति चुनिनेमा सीमित छन्। त्यसैमा पनि देशबाहिर रहेका आधा करोड मतदाताले मतदान गर्न पाउँदैनन्। वैज्ञानिक समाजवादको अर्थनीति भनेको एकीकृत अर्थनीति हुन्छ। जस्तो कि जनतालाई नयाँ जनवादी (पुँजीवादी), कार्यकर्तालाई समाजवादी र नेतालाई साम्यवादी अर्थनीति हुनेछ। यो एकीकृत अर्थनीतिमा जनताको निजी पुँजीमा हस्तक्षेप नगरी सामाजिक पुँजीको श्रेष्ठता पक्डिन प्रोत्साहित गरिन्छ। विप्लवको भनाइमा 'वैज्ञानिक समाजवादमा व्यक्तिका निजी स्वतन्त्रता र आवश्यकताको ग्यारेन्टी गरेरै त्यो साम्यवादमा प्रवेश गर्न सक्छ।' प्रारम्भमा उत्पादनका मुख्य साधनहरूलाई राज्यको स्वामित्वमा लिएर व्यवस्थापन गरिन्छ अर्थात् जनताका आधारभूत आवश्यकताहरू गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको जिम्मा राज्यले लिएर हल गर्छ र दलाल उत्पादन सम्बन्धको अन्त्य गरिन्छ। यसरी सामाजिक पुँजीको नेतृत्वमा सामाजिक र निजी पुँजी एकीकृत हुन्छ। यो 'दुईको एकमा संयोजन' को दर्शनबाट मुक्त मिश्रित आर्थिक नीति हुनेछ जहाँ सामाजिक र निजी पुँजीको स्वस्थ प्रतिस्पर्धा तथा मैत्रीपूर्ण सङ्घर्षमा सामाजिक पुँजीले आफ्नो सर्वश्रेष्ठता कायम गरेर मात्र त्यसमा आधारित वैज्ञानिक समाजवाद साम्यवादतिर अग्रसर हुन सक्छ।

वैज्ञानिक समाजवादको संस्कृति जनवादी, प्रगतिशील र वैज्ञानिक हुन्छ। यो पनि महासचिव विप्लवले भनेझैँ जनवादी र वैज्ञानिक समाजवादी संस्कृतिको एकीकृत संस्कृति हुन्छ भने राष्ट्रिय (जातीय) नीति भनेको वर्गीय मुक्तिसहित जातीय, लैङ्गिक, क्षेत्रीय मुक्तिको नीति हुनेछ।

नेपालको दलाल पुँजीवादी सत्तासँग रहेको नेपाली श्रमिक जनताको प्रधान अन्तरविरोधको समाधान नयाँ जनवादले हैन, वैज्ञानिक समाजवादले मात्र गर्न सक्छ। यो गतिशील दुनियाँमा पुरानो पुँजीवादलाई नयाँ पुँजीवादले हैन, वैज्ञानिक समाजवादले मात्र जित्न सक्छ किनभने नयाँ जनवाद भनेको कम्युनिस्ट पार्टीको नेतृत्वको राष्ट्रिय पुँजीवाद भनेको हो। त्यसैले नयाँ जनवादको ठाउँमा वैज्ञानिक समाजवाद अगाडि सारिएको हो। वर्गविभाजित समाजमा सत्ता पनि वर्गीय हुने भएकाले अहिलेको सरकारी समाजवाद श्रमिक जनतालाई शोषण, दमन र उत्पीडन गर्ने शोषक, दलाल पुँजीपति वर्गको समाजवाद हो भने वैज्ञानिक समाजवादमा श्रमिक वर्गको मुक्ति, स्वतन्त्रता र समृद्धिसहित सर्वहारा वर्गको समाजवाद हो। यो आधारभूत रूपमा भिन्न हुन्छ।

प्रश्न : उत्तरसाम्राज्यवाद भनेको के हो ? किन मार्क्स, लेनिनको घोषणाविपरीत पुँजीवाद अहिलेसम्म बाँचिरहेको छ ?

उत्तर : उत्तरसाम्राज्यवाद भनेको अति उत्पादनमा आधारित अति केन्द्रित, एकाधिकारवादी, सङ्कीर्ण, अधिनायकवादी, विखण्डनकारी, अतिक्रमणकारी भूमण्डलीय निगम पुँजीवाद हो।

यसले सामान्यतः विश्वभरि विशेषतः उत्पीडित राष्ट्र र जनतालाई चर्को, अमानवीय शोषण, दमन र उत्पीडन गर्दछ। परिणामतः आज विश्वका केही दर्जन व्यक्तिको हातमा विश्वका आधा जनसङ्ख्याको भन्दा बढी पुँजी केन्द्रीकरण हुन पुगेको छ र त्यो केन्द्रित पुँजीको नेतृत्व केही निश्चित निगमले गरिरहेका छन् जसलाई नाफाको एक मात्र उद्देश्यले भूमण्डलीय चरित्र ग्रहण गरिरहेको निगम पुँजीवाद भनिन्छ। आजको विश्वको नेतृत्वदायी पुँजी यही भएको छ र आफ्नो उद्देश्य पूरा गर्न प्रतिकूल राष्ट्र, राज्य, राजनीति, संस्कृति र नेतृत्वलाई एकीकृत रणनीतिद्वारा निल्दै गएको छ। हो, यसैलाई अर्थराजनीतिक परिभाषा दिँदा उत्तरसाम्राज्यवाद भन्नु नै सही देखिन्छ। यसको सोझो र सरल अर्थ पछिल्लो अवस्थाको साम्राज्यवाद भन्ने हुन्छ। लेनिनले साम्राज्यवादको संश्लेषण गरेको १०० वर्ष पुगिसकेको छ। आज त्यो लेनिन र माओको पालाको जस्तो छैन। नयाँ चरित्र र विशेषतासहित छ। यसमा सबै सहमत नै देखिन्छन् तर के भनेर परिभाषित गर्ने भन्नेमा मतान्तर छन्। साम्राज्यवादको संश्लेषण गर्दा लेनिनले 'मरणासन्न पुँजीवाद' भनेका थिए तर किन मरेन ? आज यही प्रश्न जोडदार रूपमा उठाइन्छ। चाहे नेपालमा चैतन्य मिश्रले उठाऊन्, चाहे पछिल्ला अर्थशास्त्री थोमस पिकेटीले। यद्यपि पिकेटीले मार्क्सकै आलोचना गर्दा पुँजीवाद मर्ने मार्क्सको भविष्यवाणी गलत भएको भनेका छन्। तर उनीहरूले मार्क्सवादमाथि आक्रमण गर्नलाई अल्पकालीन रूपवादी टिप्पणी गरेका हुन्।

खासमा पुँजीवाद गतिशील भयो। नाफा कमाउने आफ्नो आधारभूत चरित्र जोगाउन नयाँनयाँ रूप ग्रहण गर्दै गयो। मार्क्सको शब्दमा आफैँलाई 'क्रान्तीकृत' गर्दै गयो। विज्ञानप्रविधि र सूचनाप्रविधिको विकासलाई प्रोत्साहित गर्दै प्रयोग गऱ्यो। बबको शब्दमा 'मालको फेटिसिज्मका कारण पैदा हुने बुर्जवा व्यक्तिवाद' जो मार्क्सवादले हल गरिसक्यो, यसलाई यत्ति धेरै उचाल्यो जुन व्यक्तिवादको कारण मानिस समाजबाट अलग्गियो। समाजका विरुद्ध गयो। कथित स्वतन्त्र बजारको दास भयो तर तथाकथित पुँजीवाद व्यक्तिगत स्वतन्त्रताको सङ्गीतमा लट्ठिएर मस्तराम भयो। तर यो सबै उसले राज्यशक्तिको प्रयोगद्वारा गऱ्यो। पुँजीवादको सारभूत चरित्रमा बुझाइको एकरूपतासहित आफू केन्द्रित भैरहन सक्यो र बदलिएको रूप देखाएर जनतालाई भ्रमित पार्दै र विरोधीलाई विखण्डित गर्दै आफू बाँचिरहन सफल भइरह्यो। त्यसैले गतिशील पुँजीवाद तथा साम्राज्यवादको पछिल्लो स्वरूप नै उत्तरसाम्राज्यवाद हो जो आफ्नो अवश्यम्भावी मृत्यु कुरेर मात्र बाँचिरहेको छ। मार्क्सको शब्दमा यसले आफ्नै 'मलामी' उत्पादनमा वृद्धि गरिरहेको छ। अन्तिम परिणाममा उत्तरसाम्राज्यवाद रक्षात्मक छ र त युद्धोन्मुख छ।

प्रश्न : पार्टीले मालेमावादकै विकास गर्ने मान्यता अगाडि सारेर के विकास गऱ्यो त ? विपरीतको एकत्वको नियमसम्बन्धी पार्टीको संश्लेषणले विचारको सङ्घर्षलाई त निषेध गर्दैन ?


उत्तर : हो, पार्टीले सामाजिक क्रान्तिको विज्ञान मालेमावादको नै विकास गर्ने मान्यता अगाडि सारेको छ। यो सन्दर्भमा पार्टीको आठौँ महाधिवेशनको महत्वपूर्ण योगदान छ। जस्तो कि वैज्ञानिक समाजवादका क्षेत्रमा 'एकीकृत जनक्रान्ति' को नयाँ कार्यदिशा दिएको छ भने राजनीतिक अर्थशास्त्रका क्षेत्रमा 'उत्तरसाम्राज्यवाद' को संश्लेषण गरेको छ। त्यस्तै दर्शनशास्त्रका क्षेत्रमा भौतिक विज्ञानको विकास (हकिन्सको एकीकृत भौतिकीको सिद्धान्त) लाई दार्शनिकीकरण गर्दै 'संसारको व्याख्या र बदल्ने मुख्य' हैन, 'बदलिएको वस्तुको निरन्तर रक्षा र विकास मुख्य' हुने मान्यतासहित विपरीतको एकता र सङ्घर्षको नियम पार्टीमा यान्त्रिक रूपमा लागू गरिनु नहुने दृष्टिकोण अगाडि सारेको छ।

मालेमावादको विकासका सन्दर्भमा सर्वप्रथम माओको यो भनाइ राखौँ, 'द्वन्द्वात्मक भौतिकवाद विश्व भौतिक एकताको सिन्द्धान्त विकास गर्न तथा त्यसलाई प्रकृति र मानव समाजको इतिहासमा विस्तार गर्न सक्षम छ।' तर यो सन्दर्भमा एकातिर बदलिएको वस्तुस्थितिमा मालेमाको विकास गर्ने नाममा त्यसको आधारभूत सार्वभौमिक मान्यता नै बदल्ने दक्षिणपन्थी संशोधनवाद र अर्कोतिर मालेमावादको रक्षा गर्ने नाममा नयाँ बदलिएको परिस्थितिलाई सम्बोधन गर्न नसक्ने संकीर्ण जडसूत्रवाद मुख्य समस्या हुन्। यी समस्यासँग

बाँकी पृष्ठ ५ मा

## बजेट २०७६/०७७

# नेपाली सोसिने, भारतीय पोसिने



गुणराज लोहनी

### बजेटमा संसदीय संरचनाको नै विरोध

केपी वली र प्रचण्डको पार्टीबीच एकता भएर बनेको नेपाल कम्युनिस्ट पार्टी (नेकपा) को सरकार बनेपछिको दोस्रोपटक आर्थिक वर्ष २०७६/०७७ को बजेट गत जेठ १५ गते सार्वजनिक हुनेबित्तिकै उक्त बजेटका पक्षमा भन्दा पनि विपक्षमा टिप्पणीहरू आउन थालेका थिए । यस्ता टिप्पणीहरूमा सकारात्मकभन्दा बढी नकारात्मक आरोपहरू नै बढी लगाइएको थियो । अहिले पनि त्यो प्रक्रिया जारी नै रहेको छ । रमाइलो कुरा के हो त भने नब्बेको दशकदेखि योजनाबद्ध तरिकाले नेपालमा अर्थतन्त्रमार्फत नवउदारवादलाई प्रवेश गराउन नेपालमा खटिएकाहरूले नै यो बजेटमाथि नकारात्मक टिपणी गरिरहेका छन् । जुनकुनै पार्टीको सदस्यता लिएको भए पनि ती आरोप लगाउनेहरू र अहिलेका अर्थमन्त्री डा. युवराज खतिवडाको वैचारिक धरातल र उद्गम बिन्दु नवउदारवाद नै हो र स्कुलिङ पनि एउटै स्थान हो । जसरी २०४७ मा संसदीय व्यवस्थाको पुनर्स्थापना भयो । त्यसलगत्तै नवउदारवादको एजेन्ट बनेर डा. रामशरण महत यूएनडीपीको जागिर छाडेर काङ्ग्रेसका तर्फबाट संसदीय चुनावमा उम्मेदवार भई हारेपछि गिरिजाप्रसाद कोइरालाले योजना आयोगको उपाध्यक्षमा नियुक्त गरे । त्यही समयदेखि नै व्यावहारिक र सैद्धान्तिक रूपमा वास्तविक निजीकरण र उदारीकरणलाई नेपाल भित्र्याएको थियो । ठीक त्यही पदचाप हालका अर्थमन्त्री युवराज खतिवडाले पछ्याएका छन् ।

यसरी सैद्धान्तिक र व्यावहारिक रूपमा एउटै धरातल बोकेका यी दुई पूर्व र वर्तमान अर्थमन्त्रीहरूले एकअर्कालाई उनीहरूकै वैचारिक पक्षधरतामा ल्याइएको बजेटको विरोध र समर्थन भइरहेका छन् । यो बजेटमा असहमति जनाउनेहरूले 'निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रममा बजेट बढाउनु हुन्थेन, धेरै छरेर बजेट विनियोजन गर्नु हुन्थेन, बजेटको आकार बढाउनु हुन्थेन । यी तीन कारणले वित्तीय अनुशासन भङ्ग भयो । त्यसैले यो बजेट कार्यान्वयन गर्न गाह्रो छ' भन्ने आरोप लगाएका छन् । हुनत यो बजेटको आफूलाई समाजवादी भन्न रुचाउने प्रदीप गिरी र घनश्याम भुसालहरूले पनि विरोध गरेका छन् । उनीहरूको तर्क भने यो बजेट समाजवाद उन्मुख भएन भने छ । दलाल पुँजीवादी राज्यसंरचनामा समाजवादी बजेट खोज्नुको के तुक रहन्छ र ? यसले उनीहरूको सैद्धान्तिक धरातलको पटाक्षेप गरेको छ । यति मात्र नभएर नेपालका सबैभन्दा धनी उद्योगपति, यसपालि नेपाली काङ्ग्रेसका तर्फबाट सांसद बन्न पुगेका विनोद चौधरीले पनि यो बजेटको विरोध गरेका छन् । तर उनको विरोध बजेटको संरचनामाथि रहेको छ । यसरी यिनीहरूले विरोध गर्नुको आफ्नै स्वार्थ र उद्देश्य निहित छ ।

केपी सरकारले पन्ध्रौं पञ्चवर्षीय योजना लागू गर्ने भनी योजना आयोग जसको अध्यक्ष स्वयम् प्रधानमन्त्री हुने गर्दछन्– ले भर्खरै पारित गरेको छ । यो दस्ताबेजले वैचारिक आधार बेलायती अर्थशास्त्री जोन मिन्यार्ड किन्सको लोककल्याण तथा अमेरिकी मौद्रिक अर्थशास्त्री मिल्टन फ्रिडम्यानको नवउदारवादलाई बनाएको छ । त्यसैलाई आधार मानेर ल्याइएको बजेटलाई सरकारी नेकपा, नेपाली काङ्ग्रेस त्यसमा पनि रामशरण महतहरूले विरोध गर्नुको कुनै तुक छैन । किनभने उनीहरू अहिले त्यही वैचारिक आधारलाई समृद्धिको आधार भनेर फलाकिरहेका छन् ।

### बजेट घोषणापछिको प्रभाव

यो बजेटको संसद्को प्रतिपक्षले मात्र विरोध नगरेर सरकार पक्षका सांसदहरूले पनि विरोध गरेका थिए । त्यसमा समाजवादी पार्टीका सांसद बाबुराम भट्टराई, नेकपाका सांसदहरू भीम रावल, सुरेन्द्र पाण्डे अग्रपङ्क्तिमा उभिएका थिए । अतिलोकप्रियतावादमा आधारित रहेको देखिने यो बजेट भाषणसँगै जनताको दैनिक उपभोग्य वस्तुको मूल्य निकै आकासिएको छ । जब कि बजेटमा ती बस्तुको मूल्यवृद्धि नभएको भनिएको छ । तर पनि बढ्यो । यसरी मूल्य बढ्नुको मुख्य कारण व्यवसायीहरूले सरकारले ढुवानीमा मूल्य अभिवृद्धि कर लगाएकाले भनेका छन् । मूल्यवृद्धि कस्तो छ भनी बुझ्नका लागि तलको तालिका काफी छ :

| नाम | बजेट अघिको मूल्य | बजेटपछिको मूल्य |
|---|---|---|
| मुङको दाल (प्रतिकेजी) | रु. १४० | रु.१७०/१८० |
| मुसुरो (प्रतिकेजी) | रु.१२० | रु.१५० |
| रहर (प्रतिकेजी) | रु.१३५ | रु.१५० |
| मास (प्रतिकेजी) | रु.११० | रु.१३० |
| चिनी (प्रतिकेजी) | रु.७५ | रु.८० |
| सोयाबिन तेल(प्रतिलिटर) | रु.१३० | रु.१४० |
| सनफ्लावर तेल (प्रतिलिटर) | रु.१३५ | रु.१५० |
| चामल सोना (प्रतिबोरा) | रु.१४०० | रु.१५०० |

स्रोत : खुद्रा व्यापार सङ्घ । साभार : कान्तिपुर दैनिक ।

माथि पेस गरिएको तालिकाअनुसार सरकारले बजेट र नीति तथा कार्यक्रममा दैनिक उपभोग्य बस्तु त्यसमा पनि खाद्य वस्तुको मूल्यवृद्धि नभएको भनिए पनि बजेट संसद्बाट पारित हुनुअगावै यसरी बढ्नुलाई शुभसङ्केत मान्न सकिँदैन । माथि दिइएको कुनै पनि खाद्य वस्तुमा नेपाल आत्मनिर्भर छैन । सबैजसो यी सामानहरू भारतबाट आयात गरिन्छ । भारतमा भर्खरै चुनाव सकिएर नरेन्द्रदामोदरदास मोदीको पुनरागमन भएको छ । भाबी दिनहरूमा मोदी सरकारको केपी सरकारसँगको सम्बन्ध सामञ्जस्यपूर्ण नहुने सङ्केतहरू देखापरिसकेका छन् । त्यसैले जनताले खाद्य वस्तुको मूल्य वृद्धिको मार चर्कै खेप्नुपर्ने कुरामा द्विविधा रहेको छैन ।

### गत वर्ष र यस वर्षको बजेट

आर्थिक वर्ष २०७५/०७६ को वार्षिक बजेट १३ खर्व, १५ अर्ब १६ करोड र १७ लाख विनियोजन गरिएको छ । कुल विनियोजनमध्ये चालूतर्फले रु. ८ खर्ब ४५ अर्ब ४४ करोड ७५ लाख अर्थात् ६४.३ प्रतिशत आयतन ओगटेको थियो ।

पुँजीवादी राज्यप्रणालीमा भौतिक पूर्वाधार खडा गर्न र विकास गर्न चालूतर्फको बजेटको आकार पूर्ण बजेटको आधाभन्दा कम हुनु पर्दछ । तर यहाँ त यो लगभग दुई तिहाइ रहेको थियो जब कि पुँजीगततर्फ ३ खर्ब १३ अर्ब ९९ करोड ८२ लाख अर्थात् २३.९ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १ खर्ब ५५ अर्ब ७१ करोड ६० लाख अर्थात् ११.८ प्रतिशत रहेको थियो ।

यस वर्षको वार्षिक बजेट १५ खर्ब ३२ अर्ब ९६ करोड ७१ लाखमा चालूतर्फ ९ खर्ब ५७ अर्ब १० करोड १४ अर्थात् ६२.४ प्रतिशत, पुँजीगततर्फ ४ खर्ब ८ अर्ब ५९ लाख अर्थात् २६.६ प्रतिशत र वित्तीय व्यवस्थातर्फ १ खर्ब ६७ अर्ब ८५ करोड ९८ लाख अर्थात् ११ प्रतिशत रहेको छ । जसरी जुन अनुपातमा समग्र बजेटको वृद्धि भएको छ, त्यही अनुपातमा मात्र अन्य शीर्षकमा पनि बजेट बढेको छ । तर उनीहरूले संविधानमा व्यवस्था गरेको मौलिक अधिकारलाई कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन गरेका छैनन् । मूल रूपमा शिक्षा, स्वास्थ्यमा कुनै वृद्धि र नयाँ योजना छैन । यी क्षेत्रमा त झनै लोकप्रियता पनि रहेन ।

संविधान घोषणा भएपछि सबै तहका चुनाव भैसकेर सङ्घीय प्रणालीअन्तर्गत ३ वटै तहको सरकार बनिसकेपछिको दोस्रो आर्थिक वर्षको बजेट पनि गत वर्षकै निरन्तरतामा रहेको छ । अझ भन्नु पर्दा अहिलेसम्मका काङ्ग्रेस, तत्कालीन एमाले, माओवादी र अहिलेको सरकारी नेकपाको २ वर्षको बजेट तुलनात्मक रूपमा एउटै खालका रहेका छन् । गिरिजाप्रसाद कोइरालाको २०४८ सालमा बहुमतको सरकारले लिएको अर्थनीति वरिपरि घुमेको छ । गिरिजाप्रसादले खुला र उदार अर्थनीति लागू गर्नका लागि भनेर रामशरण महतलाई अर्थमन्त्री बनाउने सोचेका थिए । तर महतले चुनाव हारेपछि कोइरालाका भान्जा महेश आचार्यलाई बनाएका थिए ।

### पुँजीवादी दृष्टिकोणबाट यो बजेट

यो बजेटले ९ खर्ब ८१ अर्ब १३ करोड राजस्व उठाउने लक्ष्य लिएको छ । अहिलेसम्म साधारणतर्फ शतप्रतिशत प्रगति भएको देखिएको छ । तर यो वर्षको अन्त्यसम्म पुँजीगततर्फ भने केवल ४४ प्रतिशत भएको छ । अबको १ महिनामा सबै स्वाहा हुन पुग्छ । यो खर्च असारे विकासमा हुन्छ । उदाहरणका लागि प्रधानमन्त्री रोजगार कार्यक्रमको रकम अहिले आएर सार्वजनिक संस्थाको झाडी सफा गरेर खर्च देखाएको विवरण बाहिर आएको छ । पिच बनाएको १ महिनामा नै उप्किने अलकत्रे विकास यसको राम्रो उदाहरण हो । विनियोजित पुँजीगत बजेट यसरी पनि खर्च नभएर साधारण खर्चमा परिणत गरिन्छ । यसरी परिणत रकम राष्ट्रपतिदेखि कर्मचारीसम्मको तलबभत्तामा खर्च हुन्छ ।

पुँजीवादी विकास नीतिमा पनि कुल बजेटको पुँजीगत खर्च ४० प्रतिशत हुनु पर्दछ । तर चालू आर्थिक वर्षमा कुल बजेटको पुँजीगततर्फ केवल २३.६ प्रतिशत छुट्ट्याइएको छ । राज्यले लिएको ऋण तिर्न मात्रै कुल बजेटको ११.८ प्रतिशत अर्थात् १ खर्ब १५ अर्ब ७१ करोड विनियोजित थियो । कुल पुँजीगत खर्च ३ खर्ब १३ अर्ब ९९ करोडको ४४ प्रतिशत हुनुले यो देशको विकास पशुपतिनाथको शरणमा पर्नुसरह भएको छ । त्यसैले वली सरकारले लगाउँदै आएको 'समृद्ध नेपाल सुखी नेपाली' नारा समृद्ध सरकार सुखी सरकारी हुन पुगेको छ ।

### भारत पोस्ने बजेट

वार्षिक बजेटबराबर व्यापार घाटा हुने गरेको छ । सरकारी तथ्याङ्कअनुसार ४५ लाख वैदेशिक रोजगारीमा गएका जनताले विप्रेषण नपठाउने हो भने नेपालीले दालभातधरि खान नपाउने अवस्था बनिराखेको छ । आर्थिक वर्ष कटेको ४ महिनामा १६ अर्बबराबरको खाद्यान्न आयात हुने गर्दछ । ती ४ महिनामा ९ अर्ब ३६ करोडको चामल मात्र आयात भएको छ । त्यो चामल किन्न अमेरिकी डलर चाहिन्छ । नेपालीले चलाएका ४० वटा उद्योगमा आगामी वर्षमा कर लगाइदिएको छ । कृषि सेवाशुल्कका नाममा आयातित कच्चा पदार्थमा कर बढाएर धिकिरधिकिर चलेका उद्योगहरू बन्द हुने अवस्थामा पुगेका छन् । यति मात्र होइन, सांसदलाई दिने भनेर ९ अर्ब ९० करोड छुट्ट्याइएको छ जब कि बर्सेनि नेपालजस्तो जलस्रोतको धनी देशको सरकारले भारतबाट बिजुली आयात गरी लोडसेडिङ हटाएको सगर्व घोषणा गरिराखेको छ । यसरी आन्तरिक र नेपालीले सञ्चालन गरेका उद्योगहरूमा अनावश्यक कर लगाउनु, कुनै सुविधा नदिनु, कृषि सेवा कर लगाउनु, भारतबाट खाद्यान्नका साथै बिजुलीसमेत आयात गर्नु र व्यापारघाटाको आयतन बढ्दै जानु, भारतीय वस्तुको सहज प्रवेशलाई प्रोत्साहन दिनु त्यसमा पनि भारतसँगको व्यापारको आयतन ठूलो रहनुले यो बजेटले फेरि पनि भारतलाई पोसेको छ ।

### समाजवादी बजेट ?

संविधान–२०७२ मा समाजवादप्रति प्रतिबद्ध भनेको छ । त्यसपछिको चुनावमा केपी-प्रचण्ड गठबन्धनले संयुक्त चुनाव लडेपछि आएको परिणामले उनीहरू सरकार बनाउने हैसियतमा पुगे । त्यही समयदेखि केपी-प्रचण्डहरूले लगातार समाजवादको राग अलापिरहेका छन् । तर उनीहरूको समाजवादको मुकुन्डो पनि उत्रिएको छ । यो बजेटले झनै उदाङ्गो बनाइदिएको छ । समाजवादका सर्त पूरा नगरेको सत्ता संरचनामा समाजवादको कुरा गर्नु बेइमानीपूर्ण कार्य हो । यो त समाजवादीभन्दा पनि दलाल पुँजीवादी राज्य संरचना हो भनेर त सरकारी नेकपाका स्थायी समिति सदस्यहरूले नै सार्वजनिक रूपमा बोलिराखेका छन् । त्यसैले यो विकृत पुँजीवादी राज्यप्रणालीमा समाजवादी बजेट र कार्यक्रमको कुरा गर्नु बाघको छाला ओडेको ब्वाँसोलाई चिन्न नसक्नुजस्तै हो ।

# तस्करलाई जनपरिषद्को चेतावनी

**दाङ** : सरकारी निकायसँग सेटिङ मिलाएर विगत लामो समयदेखि अवैधानिक ढङ्गले दाङका नदीकिनारमा सञ्चालन गर्दै आइहेका क्रसर उद्योगहरू बन्द गर्न जनपरिषद् दाङले १५ दिनको समय दिएको छ । सरकारी निकायसँग सेटिङ मिलाएर अवैधानिक रूपमा राप्ती नदी र दाङका खोलाहरू व्यापक उत्खनन गर्न गिटी-बालुवा तस्करी भएको हुँदा क्रसर उद्योग सञ्चालनका लागि मिलाएका कागजपत्र यथाशीघ्र जिल्ला जनपरिषद् कार्यालयमा पेस गर्न पनि जिल्ला जनपरिषद् दाङले आग्रह गरेको छ ।

जिल्ला जनपरिषद् दाङका कार्यालय सचिव शिवु थारूले एक पत्रमार्फत अवैधानिक ढङ्गले राप्ती नदी र आसपासका खोलाहरू उत्खनन गरी गिट्टी, बालुवाको तस्करी भइरहेको भन्दै १५ दिनभित्र क्रसर उद्योग बन्द गर्न र उद्योग सञ्चालनका लागि मिलाएका कागजपत्र यथाशीघ्र जिल्ला जनपरिषद् कार्यालयमा पेस गर्न आग्रह गरेका छन् । जनपरिषद्को आग्रहलाई बेवास्ता गरे जनपरिषद्को नियमअनुसार क्रसर उद्योगमाथि कारबाही हुने चेतावनी पनि पत्रमार्फत दिइएको छ ।

# प्रतिबन्ध चिर्दै नेकपा रामेछापको बैठक

सरकारले लगाएको प्रतिबन्धकै बीच नेपाल कम्युनिस्ट पार्टी रामेछाप जिल्ला समितिको बैठक सम्पन्न भएको जानकारी प्राप्त भएको छ । बैठकपछि जारी विज्ञप्तिमा सामाजिक दलाल फासिवादी केपी-प्रचण्ड सरकारले लगाएको प्रतिबन्धपछाडि बसेको बैठकको विशेष महत्व रहेको जनाइएको छ ।

जिल्ला सेक्रेटरी अभिलाषाले प्रतिबन्धपछाडिको राजनीतिक घटनाक्रम र फासिवादी सरकारका स्थानीय सरकारहरूको लुटतन्त्रले जनताको जनजीवन अस्तव्यस्त बनाएको जनाएका छन् । उनले यसलाई रोक्नका लागि छिटो पहल लिन जिल्ला सदस्यहरूले माग गरेको जनाएका छन् ।

जिल्ला सेक्रेटरी अभिलाषाले जिल्ला सदस्यहरूको रिपोर्टिङको उत्तर दिएका थिए ।

पार्टी र क्रान्तिलाई मुख्य काम बनाएर आफ्नो घरायसी कामलाई सहायक बनाउनुपर्ने आवश्यकता औंल्याउँदै सेक्रेटरीले दृढतापूर्वक काममा खट्न निर्देशन दिएको समाचारमा जनाइएको छ । केही समयअगाडि पार्टीको बदनाम गराउने उद्देश्यले पार्टीबाट आत्मसमर्पण गरेका पूर्वजिल्ला सदस्यहरूलाई थप कारबाही गर्ने पनि उनले बताए ।

ब्युरो इन्चार्ज शेरबहादुरले प्रतिबन्धपछि देशको बदलिँदो राजनीतिक घटनाक्रम, अन्तर्राष्ट्रिय परिस्थिति र पार्टीका आगामी योजनाहरू प्रस्तुत गरेका थिए । उनले राज्यले एउटा राजनीतिक पार्टीमाथि लगाएको प्रतिबन्धले राज्यलाई नै घाटा भैरहेको र राज्यले अझै ठूलो क्षति बेहोर्नुपर्ने भन्दै जिल्ला पार्टी सदस्यहरूलाई अब पर्ख र हेरको अवस्था नरहेकाले ढुक्कका साथ क्रान्तिमा होमिन निर्देशन दिएका थिए ।

समाचारमा जनाइएअनुसार सेक्रेटरी अभिलाषाले सामाजिक दलाल फासिवादी सरकारका विरुद्ध प्रतिकारात्मक सङ्घर्ष छेडेर जानुको विकल्प नरहेको र आगामी दिनमा स्थानीय स्तरमा जन्मेका नयाँ अनुहारका दलाल, भ्रष्ट ठेकेदार, तस्कर र माफियाका विरुद्ध सशक्त कारबाहीको तयारी भइरहेको जानकारी दिँदै पार्टी सदस्यहरूलाई जुट्न निर्देशन दिएका थिए ।

# भ्रामक र बदनियतपूर्ण समाचारको नेकपाद्वारा खण्डन

**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय कार्यालयका सचिव ध्रुवले बुधबार विज्ञप्तिमार्फत कान्तिपुर राष्ट्रिय दैनिकले अत्यन्तै भ्रामक, कपोलकल्पित, दुराशय, बदनियतपूर्ण र तथ्यहीन समाचार सम्प्रेषण गरेकोप्रति कडा रूपमा खण्डन गरेका छन् ।

'नेपाल कम्युनिस्ट पार्टीको बढ्दो प्रभाव र साखबाट आतङ्कित दलाल तथा जनविरोधी तत्वहरूले क्रान्तिकारी पार्टीका प्रवक्ता प्रकाण्डका विरुद्ध निरन्तर भ्रमको खेती गरिराखेका छन् । यस क्रममा बुधबार कान्तिपुर राष्ट्रिय दैनिकले अत्यन्तै भ्रामक र कपोलकल्पित दुराशयमा बदनियतपूर्ण, तथ्यहीन समाचार सम्प्रेषण गरेकोप्रति पार्टीको ध्यान आकर्षण भएको छ', विज्ञप्तिमा भनिएको छ ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'हाम्रो पार्टी विचार, भावना र साङ्गठनिक रूपमा बुर्जुवा पार्टीजस्तो गुट-उपगुटको संयुक्त मोर्चा नभएर एकताबद्ध र एक ढिक्का रहेको छ । पार्टीको जिम्मेवार तहमा सम्पर्क नै नगरी कपोलकल्पित ढङ्गले दुराशयपूर्ण समाचार प्रसारण गर्नुको पछाडि कसको सेवा गर्ने उद्देश्य छ ? त्यसबाट प्राप्त लाभ के हो ? समाचारको न्यूनतम् विश्वसनीयता चाहिन्छ कि चाहिँदैन ? प्रश्न उठ्नु स्वाभाविक छ । तसर्थ फेक न्युजको खेती नगर्न, सनसनीपूर्ण र उत्तेजित समाचार परिकएर व्यवसाय धान्ने होइन, तथ्यगत समाचार बनाउन हामी सबै सञ्चारकर्मीसँग अनुरोध गर्दछौं ।' उनले नक्कली र बदनियतपूर्ण प्रचारयुद्धको डटेर सामना गर्नसमेत सबै पार्टी पङ्क्ति र न्यायपूर्ण समुदायमा विज्ञप्तिमार्फत अपिल गरेका छन् ।

# सिन्धुलीको युवा भेलामा प्रहरी दमन

**सिन्धुली** : सिन्धुलीको दुधौली नगरपालिका अरुढमारमा आज (शनिबार) युवा सङ्घ नेपालको दोस्रो भेलामा प्रहरी र युवाहरूबीच झडप भएको छ । प्राप्त समाचार अनुसार उक्त जिल्ला भेलामा २ सय ६० जनाभन्दा बढी युवा र नेकपाका केन्द्रीय सदस्य देवनारायण शाहको उपस्थितिमा कार्यक्रम सुरु हुन लाग्दा प्रहरी कार्यक्रम स्थलमा पुगेपछि युवाहरू प्रहरीको घेरा तोड्न सफल भएका थिए । प्रहरीले गाउँ घेरा हालेर सर्च अभियान चलाई स्थानीय सर्वसाधारणलाई भयभीत बनाइरहेको नेकपाका सिन्धुली जिल्ला सेक्रेटरी दिनेश सारूले बताएका छन् । सिन्धुलीको दक्षिणपूर्व र उदयपुरको कटारी बजारनजिकै कार्यक्रमस्थल पर्दछ ।

### अपर कर्णाली ...

तर सरकारले नेपाल र नेपाली जनताको हित र जनचाहनाविरुद्ध भारतीय कम्पनी जीएमआरलाई परियोजना सुम्पेको विज्ञप्तिमा जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'परियोजनाको माथिल्लो र तल्लो तटको पूरै क्षेत्रमा जीएमआर कम्पनीको अनुमतिबेगर कसैले पनि विद्युत् उत्पादन तथा कुनै आयोजना सञ्चालन गर्न नपाइनेजस्ता राट्घाती सम्झौता गरिएको हुनाले सुरुआतदेखि नै हामीले विरोध गर्दै आएका थियौं । पावरहाउसको तल्लो तटमा पर्ने बाँके, बर्दियालगायत जिल्लामा हिँउदमा सुक्खा हुने, वर्षायाममा बाढीपहिरोले गम्भीर क्षति पुर्याउने र पर्यावरणमा नकारात्मक परिणाम निम्त्याउने निश्चित हुँदाहुँदै सरकारले सोही कम्पनीलाई परियोजना सुम्पिएर राष्ट्रघाती कदम जारी राखेकाले चेतावनीस्वरूप अछामको तुर्माखाद गाउँपालिका ३ भैरवस्थानमा रहेको परियोजनाको सम्पर्क कार्यालयमा शनिबार बिहान हाम्रो पार्टीको नेतृत्वमा जनस्तरबाट उक्त कारबाही गरिएको जानकारी गराउँछौ ।'

नेकपाले नेपालको चौतर्फी अहित गर्ने, दलाल नेता, नीति निर्माता पोस्ने, भारतीय साम्राज्यवादलाई पोस्ने कार्य बन्द गर्न र त्यसप्रकारको राष्ट्रघाती कार्यमा संलग्न नहुन पनि सबैमा अपिल गरेको छ । परियोजनाका कुनै पनि कार्यहरू अघि बढाएर अटेर गरिरहेमा पार्टीले त्यसको प्रतिकार गर्ने र त्यसबाट आउन सक्ने कुनै पनि परिणामको जवाफदेही सरकार र लगानीकर्ता नै हुनुपर्ने विज्ञप्तिमा जनाइएको छ । अछामको तुर्माखाद गाउँपालिका ३ भैरवस्थानमा रहेको परियोजनाको सम्पर्क कार्यालयमा शनिबार बिहान प्रेसर कुकर बम विस्फोट भएको थियो ।

विस्फोटबाट जलविद्युत् परियोजनाको कार्यालय र नजिकैको शौचालय पूर्ण रूपमा ध्वस्त भएको छ भने एउटा मोटरसाइकलमा समेत आगजनी भएको छ । निकै विवादित उक्त जलविद्युत् परियोजनामा यसअघि पनि बम विस्फोट भएको थियो । ९ सय मेगावाट क्षमताको उक्त जलविद्युत् परियोजना भारतीय कम्पनी जीएमआरलाई दिइएको भन्दै विभिन्न राजनीतिक पार्टीहरूले विरोध जनाउँदै आएका थिए ।

नेपालको आफ्नै लगानीमा बनाउन सकिने जलविद्युत् आयोजना कमिसनको खेलमा भारतीयहरूलाई सुम्पिएको भन्दै सुरुदेखि नै विरोध भइरहेको छ ।

# दलाल संसद्वादको विकल्प वैज्ञानिक समाजवाद

सन् १८४८ मा कार्ल मार्क्सद्वारा प्रतिपादित कम्युनिस्ट घोषणापत्र जारी भएपछि आदिम साम्यवाददेखि यता विश्वभरमा स्थापित सत्ताको चरित्र र त्यहाँभित्रका वर्गसङ्घर्षहरू सूत्रबद्ध भए। विश्वमा निरन्तर हुँदै आएका सङ्घर्षहरू सत्ताको दमनात्मक रवैया र शोषणहरूविरुद्ध केन्द्रित छन्। सामन्तवाद, पुँजीवाद हुँदै दलाल निगम पुँजीवादको नेतृत्व साम्राज्यवाद र उत्तरसाम्राज्यवादले गरिरहँदा विश्वमा देखापरेका विभिन्न प्रकृतिका सङ्कटको समाधानका विषयमा गम्भीर बहसहरू उठेका छन्। ती सबै बहसहरू मार्क्सवादद्वारा समाज विज्ञानमा उद्घाटित तथ्य र मर्महरूका वरिपरि छन्। मार्क्सले ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा उजागर गरेको तथ्यअनुसार निरन्तर नयाँले पुरानोलाई निषेध गर्दै आइरहेको छ जसअनुसार सामन्तवादलाई पुँजीवादले निषेध गऱ्यो र पुँजीवादको चरम सङ्कट आजको विश्वमा स्पष्ट रूपमा पुँजीको अतिकेन्द्रीकरण हुँदै निगम पुँजीवादमा आइपुगेको छ जसकारण आजको विश्वसङ्कटको समाधान अब समाजवाद हुँदै साम्यवाद हुने कुरामा अब कुनै विवाद छैन।

सत्ताको अनेकौँ प्रताडना बेहोर्दै यहाँसम्म आइपुगेको नेपाली समाजले आफ्ना दुःखहरूबाट मुक्ति पाउनका निम्ति समाजवाद साम्यवादले प्रदान गर्ने उन्मुक्त सभ्यता र समाज निर्माणका निम्ति सङ्घर्ष गर्दै आइरहेको छ र त्यो सङ्घर्ष नेपाली समाजको सपनासँग जीवन्त जोडिएको छ। २० औँ शताब्दीको वरिपरि विश्वभरि ज्वालामुखी भएर उदाएको समाजवादी जागरण र साम्यवादको उत्कट सपनाहरूलाई पछ्याउने क्रममा २००६ सालमा पुष्पलाल श्रेष्ठलगायतको नेपाली युवाहरूको समूहले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरे। के नेपालजस्तो अर्धऔपनिवेशिक र राणाशाहीहरूको जगजगीमा कम्युनिस्ट पार्टी निर्माण गर्न सम्भव छ? भन्ने प्रश्नको व्यावहारिक जबाफ पार्टी स्थापनाको पहलले दिएको थियो।

कम्युनिस्ट पार्टी स्थापना भएपछिको अर्को महत्वपूर्ण सवाल थियो के नेपालजस्तो सामन्तवाद र उपनिवेश भएको मुलुकमा जनताले सशस्त्र युद्ध गर्न सम्भव छ? भन्ने प्रश्नको जबाफ ०२८ सालको झापाकाण्डले दियो। ख्रुस्चोभ र माओ त्सेतुङको लाइनमा विभाजित विश्वकम्युनिस्ट आन्दोलन (महाविवाद) को प्रभावको बीचबाट नौलो जनवादी खेमामा ध्रुवीकृत युवाहरूले 'सामन्तलाई ६ इन्च गिराऊ' भनेर टाउको काटेका थिए झापामा। हो व्यावहारिक रूपमा नेपालमा जनताले सशस्त्र क्रान्ति गर्न सम्भव छ भन्ने विषय पुष्टि भयो। त्यसबेलाको प्रमुख अन्तरविरोध किसान र सामन्त जमिनदारहरूको बीचमा थियो। यद्यपि प्रकारान्तरमा तत्कालीन नेतृत्व जनताको बहुदलीय जनवाद भन्ने संशोधनवादी आत्मसमर्पणमा पतन भएर गयो।

नेपालमा अर्को प्रश्न बाँकी थियो के नेपालजस्तो सामन्ती राजतन्त्र र भारतीय उपनिवेश रहेको मुलुकमा सशस्त्र युद्ध गरेर जनतालाई जिताउन सम्भव छ भन्ने काँचो र पेचिलो सवालको जबाफ ०५२ सालबाट सुरु गरिएको महान् जनयुद्धले दियो। ७ बुँदे प्रतिबद्धतापत्र जारी गरेर लडाइँको निर्मम प्रक्रियामा सामेल तत्कालीन नेकपा माओवादीले दीर्घकालीन जनयुद्धको कार्यदिशालाई लिएर ८०५ भूभागमा जनसत्ता चलाएर देखायो। जनयुद्धको महान् प्रक्रियाको जागरणमा हज्जारौँको बलिदानी भयो। त्यो बलिदानीपूर्ण आन्दोलनको जगमा उठेको विशाल जागरण २०६२-०६३ को जनआन्दोलनमा अभिव्यक्त भयो। अन्ततः राजाहरूको लामो विरासत तोड्दै जनताहरू विजयी बने। यसबाट के कुरा पुष्टि भयो भने नेपालमा सत्ताको जस्तोसुकै फोर्टिफिकेसन तोड्न सम्भव छ अर्थात् जित्न सम्भव छ। तर दुर्भाग्य तत्कालीन नेतृत्व प्रचण्डहरूमा देखापरेको आत्मसुरक्षावाद, आत्मसमर्पणवाद र परिस्थितिअनुकूल कार्यदिशा निर्माणको अभावमा प्राप्त उपलब्धि तिनै क्षुब्ध, निकृष्ट, संसद्वादी कुकुरहरूलाई सुम्पन पुगे।

यहाँसम्म आइपुगेको नेपाली कम्युनिस्ट आन्दोलन र नेपाली जनताहरूका बीचमा अझ उग्र रूपमा विकसित समाजवाद-साम्यवाद प्राप्तिको चाहना, सपनाको बीचमा आजको दिनमा विकसित सामाजिक अन्तर्विरोध, अन्तर्राष्ट्रिय परिस्थितिलगायत तमाम विषयहरूको गहिरो अध्ययन गरेर एकीकृत जनक्रान्तिको कार्यदिशा अगाडि आएको छ। यसका अध्येता महासचिव विप्लव हुनुहुन्छ। के अब यो परिस्थितिमा यो आन्दोलन र कार्यदिशाले कुनै प्रश्नको जबाफ दिनु पर्दैन त? सवालहरू छन् तर त्यसो होइन, यसले जबाफ दिनुपर्छ। त्यो जबाफ भनेको पार्टीलाई कसरी जीवन्त राख्ने? बदलिँदो परिस्थितिअनुसार कार्यदिशाहरूको विकास कसरी गर्ने र प्राप्त उपलब्धिलाई कसरी बचाउने? अर्थात् समाजवादलाई कसरी टिकाउने भन्ने प्रश्नको जबाफ अब नेपाल कम्युनिस्ट पार्टीले दिनुपर्ने छ।

नेपाल कम्युनिस्ट पार्टीको स्थापना ०७१ साल मङ्सिर ८ गते भयो। पार्टी महासचिव क. विप्लवले प्रस्तुत गर्नुभएको एकीकृत जनक्रान्तिको कार्यदिशा अगाडि आयो जसकारण संसदीय सत्ता सङ्कटको बीचमा अगाडि आएको कार्यदिशाका विषयमा



सुमनसिंह

आलोचना र समर्थनसहित प्रसस्तै बहस सञ्चालन भए। विकसित राजनीतिक घटनाक्रमसँगै सत्ता सङ्कटको विकल्प वैज्ञानिक समाजवाद आवश्यक छ भन्ने विषय आजको नेपाली समाजमा जबर्जस्ती स्थापित हुन पुगेको छ। नेपाल कम्युनिस्ट पार्टीले अगाडिको सारेको वैज्ञानिक समाजवादी-साम्यवादी सत्ता स्थापनाको पहल सुरु भैसकेको छ र यो कसरी सम्भव छ भन्ने प्रश्नको जबाफ प्राप्त गर्न एकीकृत जनक्रान्ति भनेको के हो भनेर बुझ्न आवश्यक छ। अति केन्द्रीकरण, अति उत्पादन, बजारको विस्तार र एकाधिकार आजको साम्राज्यवादको मूलभूत विशेषता हो। आर्थिक, राजनीतिक, सांस्कृतिक, प्राविधिक क्षेत्रमा भएको विकास र प्रभावको कारण यसको प्रभाव विश्वभर पर्न गएको छ।

आजको दुनियाँमा साम्राज्यवाद भूमण्डलीकृत चरित्रको बन्न गएको छ। साम्राज्यवादको प्रभाव र सम्बन्धबाट कुनै पनि देश अछुतो रहने स्थिति छैन। त्यसकारण जुनकुनै मुलुकमा गरिने क्रान्तिले साम्राज्यवादी अन्तर्विरोधलाई पनि समाधान गर्नुपर्ने हुन्छ।

एकीकृत जनक्रान्तिको अध्यता महासचिब विप्लव लेख्नुहुन्छ, 'साम्राज्यवादले यान्त्रिक प्रविधि र सूचनाप्रविधिको विकासलाई युद्ध प्रविधिमा बदल्दै सबैमा एकाधिकार कायम गरिरहेको छ। भूउपग्रह, कम्प्युटर, टेलिभिजन, मोबाइल सेलफोन सबैलाई एकलौटी नियन्त्रण गरिरहेको छ। साम्राज्यवादका उल्लिखित नयाँ विशेषताहरूले गर्दा देशहरूको चरित्र स्वतन्त्र देशमा हुनेखालको नभई साम्राज्यवादसँग गुजुल्टिएर रहेको अवस्थामा छ। यो हिजोको जस्तो सीधा उपनिवेश पनि छैन। स्वतन्त्र र स्वाधीन पनि छैन। यसले देशहरूलाई परम्परागत सामन्तवादमा पनि रहन दिएको छैन। स्वतन्त्र प्रगतिशील पुँजीवादमा पनि विकास हुन दिएको छैन। यसको चरित्र नयाँ छ जसलाई हामीले दलाल पुँजीवादी राज्यव्यवस्था भनेर संश्लेषण गरेका छौँ।'

हो, त्यसकारण नेपालमा पुँजीवादी देशको जस्तो सहरी सशस्त्र विद्रोह पनि होइन र सामन्तवादी देशको जस्तो लामो दीर्घकालीन जनयुद्ध पनि होइन। यहाँ विकसित विशेषताका आधारमा मध्यकालीन चरित्रको विद्रोह हुनेछ। नेपाल हिजोको जस्तो सामन्तवादी पनि नरहेको र पुँजीवादी पनि नरहेको तर दुवै स्थितिमा पाइने मिश्रित विशेषता रहेको परिस्थितिमा नेपाली विशेषताहरूको संश्लेषण यसरी गरिएको छ।

१. गाउँ र सहर २. राजनीतिक सत्तामा दलाल पुँजीवाद ३.मध्यम वर्ग ४. भौगोलिक रूपले सानो र भूपरिवेष्ठित ५. जातीय, क्षेत्रीय, लैङ्गिक उत्पीडनजस्ता विशेषताहरू आजको नेपालमा विद्यमान रहेका छन् जसअनुसार साम्राज्यवादी भूमण्डलीकृत सम्बन्धका कारण दलाल सत्ताका रूपमा रहेको नेपाली संसदीय सत्ता पुँजीवादी मुलुकको जस्तो उद्योग, मजदुर र सहरमा हुने विशेषता जस्तो पनि नरहेको र सामन्तवादी मुलुकमा जस्तो किसान, जमिन र सोही प्रकारको उत्पादन सम्बन्ध मात्र रहेको अवस्थामा पनि नभएको हुनाले यहाँ सहरी जनविद्रोहजस्तो वा दीर्घकालीन जनयुद्धजस्तो प्रकारले क्रान्ति हुन नसक्ने, बरु विकसित नेपाली विशेषताहरूका आधारमा एकीकृत जनक्रान्ति हुनेछ। हामीले यसलाई एकीकृत जनक्रान्ति भनेर बुझ्नु पर्ने र त्यसको मर्मलाई आत्मसातीकरण गरेर कार्यदिशाअनुसार तय भएका योजनाहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने हुन्छ।

विश्व-साम्राज्यवादको प्रभाव र त्यसको भूमण्डलीकृत चरित्र र नेपालमा विद्यमान दलाल राज्यसत्ताको वस्तुवादी संश्लेषणसहित नेपालजस्तो मुलुकमा गरिने क्रान्तिको योजना र त्यसको कार्यान्वयनको बीचबाट नेपालमा हामीले दलाल राज्यसत्तालाई खारेज गरेर वैज्ञानिक समाजवादी सत्ता स्थापना गर्न सम्भव छ भन्ने निष्कर्ष त छँदैछ तर नेपाली कम्युनिस्ट आन्दोलनलाई वस्तुवादी ढङ्गले सिंहावलोकन गर्दा प्राप्त सत्तालाई कसरी टिकाउने र व्यवस्थित गरेर सञ्चालन गर्ने भन्ने मात्र मुख्य विषय छ।

यस विषयमा विश्व कम्युनिस्ट आन्दोलनबाट हासिल सैद्धान्तिक ज्ञान दुनियाँलाई बुझ्ने, बदल्ने जो थियो त्यति मात्र होइन, बदलेको दुनियाँको रक्षा र विकासलाई दरोसँग पकड्ने विषय एकीकृत जनक्रान्तिको भावभूमिबाट उद्घाटित प्रमुख विषय हो। यसर्थ हामीले स्थापना गर्ने वैज्ञानिक समाजवादी सत्तालाई बचाउन र टिकाउन उल्लिखित मर्मलाई हाम्रो समाजवादी कम्युनिस्ट संस्कृतिभित्र सेकेन्डसेकेन्ड रक्तसञ्चार गराइरहनु पर्दछ। दोस्रो विषय मूल दृष्टिकोणको सुरक्षाको कुरा जसरी जनयुद्धले स्थापित नेतृत्वमा आत्मसुरक्षावाद, वैचारिक मतभेद, अन्तर्विरोध, पलायनजस्ता समस्याहरू देखापरे जसको कारण सिङ्गो जनयुद्ध पछि पर्न गयो। अब त्यस्तो हुन्न र त्यो हुन दिनु हुँदैन भन्ने विषय पनि प्रमुख विषय हो। यो सन्दर्भमा द्वन्द्ववादी दर्शनशास्त्रमा व्याख्या भएअनुसार विपरीतहरूबीचको एकता र सङ्घर्ष भन्ने थियो। यो नियमलाई नेपाली कम्युनिस्ट आन्दोलनमा सार्वभौम लागू गर्ने भुल भएको थियो। यो समस्याको सैद्धान्तिक हल खोज्ने विषय समाज विज्ञानमा महान् खोज भएको छ। त्यसमा भनिएको छ विपरीतहरूबीचको एकता र सङ्घर्षको विषयलाई सार्वभौम ढङ्गले आत्मसात गरिनु हुन्न। पार्टीको हकमा यो सजातीयबीचको एकता र विजातीयबीचको सङ्घर्ष हो। यसको अर्थ पार्टी भनेको निश्चित उद्देश्य प्राप्तिका निम्ति तयार गरिएको साधन हो। त्यहाँ एक मत, एक विचार र दृष्टिकोण रहन्छ। त्यसकारण पार्टीमा फरक दृष्टिकोण र विचार रहनु विज्ञानसम्मत हुँदैन भनिएको छ। यसले के देखाउँछ भने एकीकृत जनक्रान्तिलाई लागू गर्ने, स्थापित समाजवादी सत्ता सञ्चालनमा मूल दृष्टिकोणलाई तोडमोड हुन नदिने विषय रहेको छ जसकारण समाजवादी सत्ता टिकाउने सन्दर्भमा यो विषय महत्वपूर्ण रहेको छ।

महासचिव क. विप्लवका कृतिहरू एकीकृत जनक्रान्ति, वैज्ञानिक समाजवाद, महापतन, दस्ताबेजहरू र विभिन्न समयमा लेखिएका रचनाहरूलाई गहिरो गरी अध्ययन गर्दा लाग्छ विश्व कम्युनिस्ट आन्दोलनका विजय र पराजयहरू र समाजवादी सत्ताहरूको विघटनलाई अत्यन्तै सूक्ष्म ढङ्गले खोज-अनुसन्धान गरिएको छ। विश्व कम्युनिस्ट आन्दोलन र नेपाली कम्युनिस्ट आन्दोलनमा भएका कमजोरीहरू अब दोहोरिने छैनन् मात्र होइन, परिस्थितिको ठोस विश्लेषण गर्दै कार्यदिशालाई थप उचाइमा उठाउँदै नेपालबाट समाजवादी सत्ताको झन्डा फहराएर विश्वलाई साम्यवादमा प्रवेशको आह्वान गर्ने परिस्थिति निर्माण हुनेछ। त्यसकारण नेपाली कम्युनिस्ट आन्दोलनसँग रहेका तमाम सवालजबाफको बीचबाट हामी सगौरव भन्न सक्छौँ- नेपालमा दलाल संसदीय राज्यसत्तालाई मिल्काउने विषय ठूलो कुरा छैन। यो विषय नेपालमा प्रयोग भैसकेको छ। सम्भव साबित भैसकेको विषय हो। बरु अब हामीले स्थापना गर्ने समाजवादी सत्ताको प्रयोग, रक्षा र विकासमा हामी आमकार्यकर्ता चनाखो हुनुपर्नेछ।

## भोजपुर हत्याकाण्डको ...

लिनुपर्दा ठूलो, दिनुपर्दा सानो
अधम त्यो हो कुम्भीपाठ बास जाला।'

आर्यसमाजीको भोजपुरमा विद्रोह (समाजिक रूपान्तरण जागरण अभियान) चलिरहेको बेला धीरशमशेरका छोराहरूको राजकाज चलिरहेको थियो। त्यसबेला चर्को शोषण-दमन थियो। भोजपुर र पूर्वी पहाडमा दुईवटा लोकगीत लोकप्रिय बनेका थिए–

'कालेबुङको मैनाचरी टिस्टा खोला झऱ्यो
कर्म मेरो खोटी रैछ मागी खान पऱ्यो।'

शिक्षा र सङ्गतले मान्छेलाई रूपान्तरण गर्न सकिन्छ भन्थे आर्यसमाजीहरू। रत्नाकर डाँकु वाल्मीकि ऋषि बनेको उदाहरण उनीहरू दिन्थे। योगमायाको समूहले छोरीले पनि पढ्न पाउनुपर्छ भन्ने माग राखेको थियो। उनीहरुले राणा श्री ३ महाराजसमक्ष पटकपटक मागपत्र राखे। महिला र पुरुषबाहेक अरू जात हुँदैन भन्ने आर्यसमाजीहरूले सामूहिक अग्निदाह गर्ने निर्णय गरे। राणाका गुप्तचरहरूले थाहा पाएपछि वि.सं. १९९५ मा गिरफ्तार भए। त्यसको ३ वर्षपछि उनीहरू रिहा भए। त्यसपछि १९४८ असारमा विदूषी योगमायासहित ६० जनाभन्दा बढी (सङ्ख्या यकिन छैन) महिला, पुरुष र बच्चाहरूले अरुण नदीको भेलमा हामफालेर आत्महत्या गरे। आत्महत्या गर्नेमा महिलाको सङ्ख्या धेरै थियो। त्यो घटनालाई डा. मथुराप्रसाद श्रेष्ठले 'आत्महत्या थिएन, अत्याचारको विरोधमा आत्मदाह थियो' भनेका छन्। उसबेलाको बन्द समाज र कमजोर सामाजिक चेतनास्तरमा योगमाया नेतृत्वको आर्यसमाजी विद्रोह पूर्वी पहाडमा मात्रै सीमति भयो। तर भोजपुरको जनमत र मनोविज्ञानलाई गहिरो मनोवैज्ञानिक प्रभाव पारेको देखिन्छ। यस अर्थमा आजको भोजपुरको प्रगतिशील चेतना निर्माणमा योगमायाको योगदानको छाया देख्न सकिन्छ।

आर्यसमाजी धौलावीर राईले शैक्षिक जागरण र जातिवादका विरुद्ध जागरण अभियान चलाएका थिए। नारदमुनी थुलुङको नेतृत्वमा मुक्तिसेना निर्माण गरेर २००४ सालअघि नै भोजपुरमा राणा सरकारका विरुद्ध समानान्तर सरकार चलेको थियो। त्यसको प्रभाव पूर्वी पहाडमा फैलिँदै गएको थियो। भोजपुर, खोटाङ र ओखलढुङ्गामा फैलिएको समानान्तर सरकारलाई 'सामयिक सरकार' भनिन्थ्यो। २००७ सालमा दिल्ली सम्झौता हुँदा पनि पूर्व भारततिर गोर्खा फौजबाट अवकाश भएका नारदमुनी थुलुङ नेतृत्वको मुक्ति सेनाले आत्मसमर्पण गरेको थिएन। २००७ मङ्सिर २४ गते लडाइँ नै नगरी नारदमुनी थुलुङ, रामप्रसाद राई र हबल्दार श्रीपाल राईहरूको नेतृत्वमा भोजपुर कब्जा भएको थियो। मङ्सिर २५ गते खोटाङ, मङ्सिर २६ गते ओखलढुङ्गा र त्यसपछि दिङ्ला (छोटी भन्सार) कब्जा भएका थिए। त्यसपछि मात्र धनकुटा कब्जा भयो। त्यस बेलासम्म विराटनगर कब्जा भएको थिएन। अरुण र कोसीबीचको केन्द्र नै भोजपुर थियो। भोजपुर कब्जापछि विजयजुलुस निकालियो।

२०४६ सालमा पञ्चायती व्यवस्था ढलेपछि राजधानी नजिकैको रसुवा सदरमुकाम धुन्चेमा राजतन्त्र र पञ्चहरूका पक्षमा प्रदर्शन भएको थियो। यस्तो समाजमा २००७ सालमै भोजपुरमा राणाहरूका विरुद्ध जुलुस निस्केको थियो।

२०५२ सालपूर्व जनयुद्धको तयारीका क्रममा भोजपुर एउटा क्रान्तिकारी आधार भएको जिल्ला मानिन्थ्यो। तालिमका क्रममा केही युवाहरू घाइते भएका थिए। जनयुद्धका समयमा पनि भोजपुरले धेरै बलिदान गऱ्यो। नेता-कार्यकर्ता जन्मायो। दक्षिणपन्थी संशोधनवादले जरा गाडेको समय २०४६-२०५२ को बीचमा भोजपुरले क्रान्तिकारी झन्डा बचाइरह्यो र पूर्वको आस्थाको केन्द्र बनिरह्यो। प्रचण्ड-बाबुरामको नेतृत्वमा अर्को संशोधनवाद अगाडि आएपछि भोजपुरले आफ्नो ऐतिहासिक परम्परा र प्रतिष्ठा कायम राख्यो। दलाल संसदीय व्यवस्थाको निर्वाचन र त्यसका मतियारहरूका विरुद्ध चुनाव खारेज अभियान भोजपुरमा सशक्त भएको थियो।

दलाल संसदीय फासिवादी व्यवस्थाका विरुद्ध नेपालमा क्रान्ति जारी छ। पूर्वमा क्रान्तिको झन्डा झुकाउन, क्रान्तिको बिउ मास्न भोजपुरको क्रान्तिकारी विरासतलाई वर्तमानसँग कडी टुटाउन आवश्यक छ। भोजपुरले पूर्वी नेपालमा क्रान्तिकारी प्रवृत्तिको रक्षा र प्रेरणा दिइरहेको छ। शासकहरू त्यसलाई मार्न चाहन्छन्। मुख्यमन्त्री शेरधन राईले 'पुर्वबाट विप्लवको बिउ मास्ने' उद्घोष गरेको चर्चा छ। माघ १ गतेको अभियानपछि भोजपुर, उदयपुरसहित सगरमाथामा नेकपाको प्रभाव झनै विस्तार भएको छ। त्यसबाट शासकहरू अत्तालिएका छन्। उनीहरू वातावरणलाई उत्तेजित गराउन चाहन्छन्। भयवाद सिर्जना गरेर क्रान्तिकारी लहर रोक्न चाहन्छन्। त्यसैकारण जेठ ७ गते रामबहादुर गृह प्रशासनले भोजपुरका युवा कार्यकर्ता तीर्थ घिमिरे 'राजु' लाई नियन्त्रणमा लिएर हत्या गऱ्यो। कमरेड राजुको हत्या सामान्य विषय होइन। गृहयुद्ध भड्काउने सरकारी षड्यन्त्र हो। सरकारको युद्धअपराध हो। सरकारले नै आम अराजकताको नेतृत्व गरेको, आफ्नै कानुन आफैँले तोडेको विषय हो। त्यो घटनाले विद्रोही पक्षलाई सत्ताका विरुद्ध जुनसुकै कदम चाल्न नैतिक अधिकार दिएको छ। भोजपुरकाण्ड बदलाको कारबाही गर्ने ढोका पनि हो।

भोजपुर हत्याकाण्डका विरुद्ध राजनीतिक परिचालन गर्ने उद्देश्यले नेकपाले जेठ १३ गते देशव्यापी आमहडताल घोषणा गऱ्यो। त्यस क्रममा काठमाडौँमा आन्तरिक दुर्घटनामा परेर चारजना होनहार कमरेडहरूको बलिदान भयो। त्यसपछि भोजपुर हत्याकाण्डका पक्षमा झन् भयानक रूपमा फैलियो। भोजपुर हत्याकाण्डमार्फत सरकारले युद्धको घोषणा गरेको सन्देश प्रवाह गरेको छ। नेकपाले त्यसलाई गम्भीरतापूर्वक लिएको छ। त्यो कुरा सरकार, अधिकारकर्मी र नागरिक समाजले कसरी बुझेका छन्? भविष्यमा त्यसको प्रमाण कसरी प्रकट होला? त्यो अलग विषय हो। सोलुखुम्बुमा हल्लाकै भरमा प्रहरी भाग्नु र काठमाडौँमा सुरक्षा समितिको बैठक बस्नुले भोजपुर हत्याकाण्डको परकम्प कति रहेछ, सहजै मापन गर्न सकिन्छ। भोजपुर हत्याकाण्ड र त्यसको परकम्प भविष्यमा अझ बल्नेछ। यो क्रान्तिकारी विरासत र प्रतिरोधी वर्तमान चेतनाको निरन्तरता हो। कमरेड राजु विगतका योगमाया, नारदमुनी र रामप्रसाद राईकै उत्तराधिकारी हुन्। भोजपुर स्वतन्त्रता र स्वाभिमानको प्रतीक हो। भोजपुर कायरहरूको भूमि होइन। जुठो हाडका लागि ऱ्याल चुहाउने विरासत भोजपुरको होइन। भोजपुरको चेतना र अग्रसरता पूर्वका हरेक क्षेत्रमा देख्न सकिन्छ।

## अदालतबाट मुक्त नेकपाका नेता पुनः गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' र रोल्पाका स्थानीय नेता लालबहादुर ओली 'विश्व' लाई सर्वोच्च अदालतले रिहा गरेलगत्तै प्रहरीले पुनः पक्राउ गरेको छ। बन्दी प्रत्यक्षीकरण रिटको सुनुवाइ गर्दै सर्वोच्चले प्रहरीद्वारा लगाएको अभियोग पुष्टि नभएको भन्दै शुक्रबार रिहा गर्न आदेश दिएको हो। रिहालगत्तै पुनः गिरफ्तार गरी दाङ प्रहरीले केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श' लाई सुनसरी र लालबहादुर ओली 'विश्व' लाई गृहजिल्ला रोल्पा पठाएको छ।

रिट निवेदनमाथि शुक्रबार भएको बहस माननीय न्यायाधीश ईश्वर खतिवडा र तेजबहादुर केसीको संयुक्त इजलासले बन्दीद्वयलाई थुनामा राख्नुपर्ने कुनै आधार र कारण नभएको भन्दै रिहा गर्न आदेश दिएको हो। आदर्श र विश्वलाई राज्यले प्रहरी हिरासतमा गैरन्यायिक तरिकाले थुनामा राखेको जनाउँदै तत्काल रिहाइको मागसहित लालबहादुरका छोरा विनोद ओलीले बन्दी प्रत्यक्षीकरण रिट निवेदन दायर गरेका थिए। सर्वोच्च अदालतमा शुक्रबार भएको बन्दी प्रत्यक्षीकरणको रिट निवेदनमाथि निवेदकका पक्षमा वरिष्ठ अधिवक्ता एकराज भण्डारी, अधिवक्ता कपिलचन्द्र पोखेल र अधिवक्ता कान्तिराम ढुङ्गानाले बहस गरेका थिए।

वैशाख ६ गते पार्टी काममा खटिरहेका बेला नेकपाका केन्द्रीय सदस्य चूडामणि ओली 'आदर्श', चन्द्रबहादुर खड्का 'असल' र रोल्पाका स्थानीय नेता लालबहादुर ओली 'विश्व' लाई तुलसीपुर उपमहानगरपालिका ३ स्थित राम्रीबाट गिरफ्तार गरिएको थियो। तीनैजनाविरुद्ध सङ्गठित अपराध, विस्फोट, हातहतियार तथा खरखजाना र राजद्रोहको अभियोग लगाइएको थियो। सोही अभियोगका अभियुक्त नेकपाका केन्द्रीय सदस्य चद्रबहादुर खड्का 'असल' लाई भने राज्यले लगाएको अभियोग र कसुरसम्बन्धी मागदाबीमा आधार र प्रमाण नदेखिएको भन्दै सर्वोच्चले यही जेठ ७ गते रिहा गरेको थियो। तर रिहालगत्तै असललाई पुनः गिरफ्तार गरेर दाङ प्रहरीले मोरङ पठाएको थियो।

# नेपाली जनप्रगतिशील मोर्चा साउदीको अधिवेशन

**साउदी** : नेपाली जनप्रगतिशील मोर्चा साउदीको चौथो अधिवेशन सम्पन्न भएको छ । 'संसारका श्रमिक तथा उत्पीडित जनता एकजुट हौं ‼ स्वाभिमान, समानता र रोजगारी ग्यारेन्टीका लागि प्रवासी मजदुर एक हौं ‼ विचार सम्प्रेषण गर्दै नेपालमा वैज्ञानिक समाजवाद स्थापना गरौं ‼' भन्ने नाराका साथ जेठ २३ गते साउदीमा सम्पन्न भएको अधिवेशनले युवराज कार्की (शिखर) अध्यक्ष रहने गरी १९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ।

नेपाल कम्युनिस्ट पार्टी निकट नेपाली जनप्रगतिशील मोर्चा साउदीको नयाँ कार्यसमितिमा उपाध्यक्ष सेते घर्तीमगर (कसम), महासचिव टीकाराम ओली (सुरेश), सचिव प्रवीण जीसी र कोषध्यक्ष विपीन शर्मा रहेका छन् । त्यस्तै सचिवालय सदस्यहरूमा हिक्मत रोक्कामगर, राम थापा, कैलाश मैनाली, गणेश अर्याल, इन्द्र विक र इस्लाम अली छन् । सदस्यहरूमा थोम गुरुङ, माधव घिमिरे, सन्देश मगर, तोया भट्ट, केदार रावत, मोहन विक, राम खत्री र वीरबहादुर खड्का रहेका छन् ।

त्यसैगरी मोर्चा सल्लाहकारमा दिल सुब्बा, तीर्थ पाख्रिन र भानु परदेशी रहेका छन् । तीर्थ पाख्रिनको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन शिखरले गरेका थिए । सहिदप्रति मौनधारणबाट सुरु गरिएको कार्यक्रममा दीपेश परियारले स्वागत मन्तव्य राखेका थिए । उनले नेपालको दलाल प्रवासमा व्याप्त भएकै कारण नेपाली जनप्रगतिशील मोर्चाले त्यसको डटेर सामना गर्ने उद्घोष गरे । त्यस्तै महासचिव सुरेशले प्रवासमा रहेर आफ्नो धन्दा, व्यवसाय चलाएर आफूलाई खाँट्टी समाजसेवी भन्दै दलाली गर्नेविरुद्ध लड्ने घोषणा गरे । उक्त कार्यक्रममा एनआरएनका सदस्य धर्म केसीले नेपाली राजनीतिमा एक मात्र प्रस्ट र देशभक्त रहेको पार्टी विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टी भएको जिकिर गरे ।

उनले साउदीमा पनि यो सङ्गठनको भरपूर खाँचो रहेकोमा जोड दिए । नेपालमा उक्त पार्टीलाई प्रतिबन्ध लगाइएकोमा उनले सरकारको कडा आलोचनासमेत गरे । कार्यक्रममा सहिदपुत्र दुर्गा ओलीले कवितामार्फत प्रतिबन्धित मान्छे अब प्रतिवाद गर्दै थप प्रतिबद्ध हुनुपर्ने बताएका थिए । नेपाली जनप्रगतिशील मोर्चाका सल्लाहकार दिल सुब्बाले हिजो पनि लडी आएको र आवश्यक परे राज्यको नालायकपन, भ्रष्टाचार, घुसखोर, दलालहरूका विरुद्ध प्रतिवाद गर्न नेपाल फर्किन तयार रहेको बताए । मोर्चाका पूर्वअध्यक्ष तथा सल्लाहकार भानु प्रदेशीले गतिशील भाइचारा मोर्चाहरूले पठाएको शुभकामना वाचन गरेका थिए ।

कार्यक्रममा अन्य वक्ताहरूले पनि मुक्तकण्ठले साउदीमा नेपाली जनप्रगतिशील मोर्चा हिजोभन्दा झन् द्रुत गतिमा अघि बढोस् भन्ने शुभकामना दिएका थिए । कार्यक्रमको समापन गर्दै नेपाली जनप्रगतिशील मोर्चा चौथो अधिवेशन सभा अध्यक्ष तीर्थ पाख्रिनले भने, 'हामीले राज्यलाई टेवा पुग्ने काम गर्दा पनि राज्य हामीलाई मान्दैन । हामीलाई प्रतिबन्ध लगाउँछ तर आफ्नै भ्रातृ सङ्गठनले राज्यकै आडमा प्रवासमा दलाली चलाउँदा पनि राज्यले संरक्षण गर्छ ।' उनले विदेशमा बसी दलाली धन्दा चलाएर हुन्डी व्यवसाय गर्ने राज्य संरक्षितहरूको प्रतिवाद गर्न आफूहरू तयार रहेको प्रस्ट पारे ।

# हावाहुरी प्रभावितलाई सहयोग गर्न अपिल



**काठमाडौं** : नेपाल कम्युनिस्ट पार्टीले आँधीहुरीसहितको असिनापानीका कारण कैलालीमा मृत्यु भएकाहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल परिवारजनप्रति सहानुभूति व्यक्त गरेको छ । नेकपाले आफ्ना कार्यकर्ताहरूलाई हुरी प्रभावित क्षेत्रका जनतालाई सहयोग गर्न पनि अपिल गरेको छ । उक्त पार्टीका प्रवक्ता प्रकाण्डले शुक्रबार विज्ञप्ति जारी गर्दै बिहीबार साँझ कैलाली र कञ्चनपुरमा भीषण हावाहुरी आउँदा २ जनाको मृत्यु र दर्जनौं घाइते भएकोमा दुःख व्यक्त गरेका हुन् ।

जेठ २३ गते (बिहीबार) साँझ पश्चिम नेपालका कैलाली र कञ्चनपुर जिल्लामा आँधी-हुरीसहित असिनापानीका कारण २ जना नागरिकको दुःखद् मृत्यु भएको थियो भने ५० भन्दा बढी घाइते भएका थिए । प्रकाण्डको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी मृतकहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोकाकुल आफन्तजनप्रति सहानुभूति व्यक्त गर्दछ । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछ । मृतकका परिवारलाई राहत, घाइतेहरूको निःशुल्क उपचार र पीडितहरूलाई उचित क्षतिपूर्ति दिन माग गर्दछ ।'

विज्ञप्तिमा भनिएको छ, 'वर्षा, आँधी, हुरी, शीतलहर, बाढी, पहिरो र आगलागीलगायत सानोभन्दा सानो प्राकृतिक प्रकोपमा ठूलो धनजनको क्षति हुने गरेको छ । प्राकृतिक प्रकोप तथा दुर्घटनालाई रोक्न सकिन्न तर न्यूनीकरण गर्न सकिन्छ । नागरिकप्रतिको राज्यको बेवास्ता र लापरबाहीका कारण यसप्रकारका घटना बढिरहेका छन् र मूलतः गरिब जनता प्रताडित भैरहेका छन् । प्राकृतिक प्रकोपलाई न्यूनीकरण गर्न र उचित व्यवस्थापनका लागि पनि जनपक्षीय शासनप्रणाली आवश्यक हुन्छ । त्यसका लागि दलाल पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्था स्थापना हुनुपर्छ । यो पीडाको घडीमा सम्पूर्ण पार्टीपङ्क्तिलाई राहत र उद्धारको काममा खट्न पनि निर्देशन गर्दछ ।'

# प्राविधिक प्रतिष्ठानलाई कारबाही गर्ने क्रान्तिकारीको चेतावनी

**कपिलवस्तु** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) कपिलवस्तुले कपिलवस्तु प्राविधिक प्रतिष्ठान पिपरामा कालो ब्यानर टाँसेर साङ्केतिक कारबाहीको चेतावनी दिएको छ । क्रान्तिकारीले प्राविधिक प्रतिष्ठानले विद्यार्थीसँग मनपरी लिएको रकम फिर्ता गर्नुपर्ने, विद्यालयको क्यान्टिनमा जङ्क फुड निषेधित गर्नुपर्ने, विद्यार्थीलाई दिएको मानसिक र शारीरिक यातना रोक्नुपर्ने माग गर्दै कालो ब्यानर टाँसेको हो । साथै क्रान्तिकारीले प्राविधिक प्रतिष्ठानले आफ्नो सङ्गठनसँग विगतमा गरेको सहमति कार्यान्वन गर्नुपर्ने र सीटीईभीटीअन्तर्गतको नियमावली पालना गरी कलेज सञ्चालन गर्नुपर्ने बताएको छ । सङ्गठनको केन्द्रीय नीतिअन्तर्गत लुम्बिनी अञ्चल समितिको निर्देशनमा उक्त ब्यानर राखिएको जानकारी क्रान्तिकारीका केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी क्षेत्रीय समन्वय समिति संयोजक वीरेन्द्र विकले दिएका छन् । साथै उनले सङ्गठनले राखेका माग पूरा नगरे प्राविधिक प्रतिष्ठानमाथि कडा कारबाही गर्ने चेतावनी दिएका छन् ।

## एकीकृत जनक्रान्तिको ...

जुइदै क्रान्तिकारीले साहसका साथ मालेमावादको विकास गर्न आवश्यक हुन्छ र पार्टीले त्यो साहस गरेको छ ।

माओले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको उद्देश्य 'विश्वदृष्टिकोणको समस्या समाधान गर्नु हो' भनेका छन् । विश्वमा कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवाद आएर पनि किन टिकेन ? मार्क्सले भनेझैं संसार त बदलियो तर त्यो बदलिएको संसार अर्थात् समाजवाद किन साम्यवादतिर नगएर पुँजीवादमै फर्कियो ? हो, यहींनेर माओले विश्वदृष्टिकोणको समस्या देखेको हो । यो वस्तुतः दर्शन विकासको समस्या थियो जो अधुरै रह्यो । उसो त पछिल्ला चर्चित भौतिकशास्त्री स्टेफन हकिन्सले पनि दर्शनको विकासको आवश्यकतामा जोड दिएका छन् । त्यसैले मार्क्सको सुप्रसिद्ध दार्शनिक मान्यता 'संसारलाई बुझ्ने मात्र हैन, मुख्यतः बदल्ने मान्यता' मा 'बदलिएको वस्तुको रक्षा र विकास मुख्य हो भन्ने मान्यता' का रूपमा विकास आवश्यक भएको हो । यसले त्यो विश्वदृष्टिकोणको समस्या सामाधान गरेर मानवसमाजलाई साम्यवादतिर अग्रसर हुन निर्देशित गर्नेछ ।

यहाँ मुख्यतः विपरीतको एकता र सङ्घर्षको नियमको चर्चा गर्न जरुरी छ । यो नियम महासचिव विप्लवले भनेझैं 'सजीव र निर्जीव वस्तुमा एकै प्रकारले लागू हुँदैन ।' यो सन्दर्भमा यान्त्रिकता र गतिशीलता एक महत्वपूर्ण प्रवर्ग बन्दछ । गतिशीलताको दर्शनका अनुयायी कम्युनिस्टहरू यान्त्रिकताको सिकार भएर हारेका छन् भने यान्त्रिकता तथा जडताको दर्शनका अनुयायी पुँजीवादीहरू गतिशील भएर जितिरहेका छन् । यद्यपि यो अस्थायी हारजित हो । त्यसैले विपरीतको एकता र सङ्घर्षको नियम र पार्टीको जीवनबारे चर्चा गरौं ।

पार्टी विपरीतको एकत्व हो र विपरीतका बीचको सङ्घर्षले त्यो गतिशील हुन्छ भन्ने दार्शनिक मान्यता पार्टीमा यान्त्रिक ढङ्गले लागू गरिन्छ । परिणामतः अनावश्यक फुट हुन्छ जो जनतालाई मन पर्दैन । (हामी जनगणतन्त्र कोरिया जाँदा सोधिएको थियो- नेपालमा यति धेरै कम्युनिस्ट पार्टी किन ?) यस्लाई सच्याउन आवश्यक छ । जस्तो कि हाम्रो शरीर जीवनशील र मरणशीलजस्ता विपरीत जीवकोषको एकत्व हो र ती विपरीत जीवकोषका बीचको सङ्घर्षले शरीर गतिशील हुन्छ अर्थात् हामी बाँचिरहेका हुन्छौं । तर हामी सुरुआतदेखि नै जीवनशील कोषलाई बलियो बनाउन उचित खानपिन, रहनसहन र शारीरिक अभ्यासमा जोड दिन्छौं । यति गर्दागर्दै पनि कहिलेकहीं मरणशील जीवकोषको वृद्धिले रोग लाग्छ तर यसलाई विपरीतको एकत्वका नाममा छूट दिँदैनौं वा चुपचाप बस्दैनौं, बरु तुरुन्त उपचार गर्छौं । गम्भीर रोग नै लागेको भए अप्रेसन गर्छौं । हो, यही शरीर भएका मानिसहरू मिलेर एउटा वर्गको प्रतिनिधित्व गर्ने पार्टी बन्छ भने त्यो पार्टीमा पनि यह गर्न किन सक्दैनौं ? अर्थात् सचेतन प्रयत्नको भूमिका किन हुँदैन ?

पार्टीले 'सजातीय र सवर्गीय विचारको सङ्घर्षलाई प्रोत्साहन' दिने भनेको पार्टीको जीवनशील पक्ष बलियो बनाउने र यति गर्दागर्दै पनि विकासको निश्चित चरणमा मरणशील पक्ष (पुँजीवादी पक्ष) को वृद्धिले रोग लाग्यो भने विपरीतका नाममा छूट दिनु हुँदैन, छिटो उपचार गर्नुपर्छ भनेको हो । यसले त पार्टीमा विचार सङ्घर्षलाई निषेध हैन, नयाँ उचाइमा उठाएको छ । नेपाली कम्युनिस्ट आन्दोलनमा पार्टीसम्बन्धी यान्त्रिक बुझाइको परिणाम एकातिर अनावश्यक फुट भयो भने अर्कोतिर वर्गसङ्घर्षमा जान वा त्यसको नेतृत्व गर्न सकेनन् किनकि जहिले पनि एकातिर पार्टीमा आन्तरिक रूपमा विपरीत विचार, प्रवृत्ति र पात्र देखिइरहे । साथै ती कथित गलत वा विपरीत प्रवृत्ति र पात्रमा आएको बदलाव पनि देख्न सकेनन् जस्तो कि कुनै बेला नेतृत्वसँग पऱ्यो भने ऊसँग नेतृत्व कहिल्यै सकारात्मक भएन भने अर्कोतिर आन्तरिक कारण प्रधान हुने मान्यतामा त्यो समस्या कहिल्यै हल गर्न नसकेर वर्गसङ्घर्षमा जानै सकेनन् । यो समस्यालाई सापेक्ष रूपमा प्रचण्डले हल गरे पनि एकातिर विपरीतको एकत्वको मान्यतामा बाबुरामसँगको सम्बन्ध र अर्कोतिर बाबुरामलाई स्थायी दक्षिणपन्थी, किरणलाई स्थायी जडसूत्रवादी र आफूलाई स्थायी क्रान्तिकारीका रूपमा प्रस्तुत गरेर पार्टीमा यान्त्रिक धारणा बनाइदिए । परिणामतः पार्टीको समस्यालाई कि बाबुराम कि त किरणसँग जोडेर मात्र हेरियो । अन्ततः प्रचण्ड आफैं यान्त्रिकताको सिकार भै (उल्टो र सुल्टो गति छुट्ट्याउन नसकी भ्रमित भए) विचलित भए । बाबुरामले उनलाई निलिदिए । यी इतिहासका शिक्षाबाट कम्युनिस्ट पार्टीसम्बन्धी दार्शनिक दृष्टिकोणमा नै विकास गर्न आवश्यक ठानिएको हो ।

एकीकृत कम्युनिस्ट स्कुल र विश्वको नयाँ सभ्यता

सामन्तवादी मध्ययुगीन बर्बरताका विरुद्ध पुँजीवादले दिएको सभ्यताको नारालाई पुँजीपतिद्वारा यसरी स्थापित गरियो कि यही नै सम्पूर्ण मानवजातिको विकसित उच्च सभ्यता हो । पुँजीवादले चारपाँच सय वर्षको समयावधिमा मानिसहरूलाई कसरी प्रशिक्षित गऱ्यो भने पुँजीवादी सभ्यतामै सिङ्गो मानव जाति मुक्त र स्वतन्त्र हुनेछ अनि समान र समृद्धशाली बन्नेछ । त्यसैले यो नै मानव जातिको अन्तिम सभ्यता हो । हुन पनि यो निजी सम्पत्तिको उत्पत्तिपछि त्यसमाथि आधारित अन्तिम सभ्यता हो, हजारौं वर्षदेखि विकसित मानव सभ्यताको समुच्चय हो । तर जब पुँजीवादी सभ्यतामा सबै मानिसहरू मुक्त र स्वतन्त्र हुन सकेनन् र समाजको ९५ प्रतिशत सर्वहारा श्रमिक वर्गका मानिस आधुनिक दासझैं जीवन जिउन बाध्य भए । पुँजीवादी सभ्यता अमानवीय हुँदै बर्बरतामा परिणत भएको देखे । तब उनीहरूले आफ्नो बाँच्ने सङ्घर्षद्वारा पुँजीवादी सभ्यतामा प्रश्न खडा गरिदिए । यही पृष्ठभूमिमा जब मार्क्स-एङ्गेल्सले कम्युनिस्ट विचारको प्रतिपादन गरे तब ती ९५ प्रतिशत श्रमिकहरू आफू बाँच्ने सङ्घर्ष मात्र हैन, पुँजीवादी सभ्यताको विकल्प नयाँ कम्युनिस्ट सभ्यताको लडाइँ लड्न सक्षम भए । परिणामतः पुँजीवादी र कम्युनिस्ट सभ्यताको लडाइँ सुरु भयो ।

हरेक वस्तु, विचार र सभ्यताको जन्मपछि मृत्यु अवश्यम्भावी हुन्छ । मानव सभ्यता मानिसको निरन्तर भौतिक र बौद्धिक श्रमको एकीकृत समुच्चयद्वारा गरिने आविष्कार र सिर्जना हो तर हजारौं वर्ष पुरानो निजी पुँजीमा आधारित पुँजीवादी पुरानो सभ्यता हो भने योभन्दा विकसित र विकल्पमा अगाडि आएको सामूहिक पुँजीमा आधारित कम्युनिस्ट नयाँ सभ्यता हो । पहिलो र दोस्रो विश्वयुद्ध पुँजीवादी विचार, सत्ता र सभ्यताको सङ्कट र अन्त्यका सूचक थिए । ती विश्ययुद्धपछि जब पुँजीवादी स्कुलका विचारकले पुँजीवादी सभ्यताको अन्त्य र कम्युनिस्ट सभ्यताको उदय देखे तब न उनले कम्युनिस्ट सभ्यतालाई स्वीकार्न सके, न त पुँजीवादी सभ्यताको खुलेर रक्षा गर्न सके । ठीक यही स्थितिमा समग्र इतिहास, सभ्यता, समाज र राजनीतिका क्षेत्रमा ' अन्त्य र उत्तर' जस्ता अवधारणा अगाडि ल्याए । पहिलो र दोस्रो विश्व युद्धपछि ब्रिटिस इतिहासकार आर्नोल्ड टोयनवीले 'उत्तरआधुनिक समयसँग इतिहासको अन्त्य' को अवधारणा अगाडी सारेपछि त्यो स्पेङ्लरको 'सभ्यताको अन्त्य' र डेनियलको ' विचारधाराको अन्त्य' हुँदै फुकोयामाको 'मान्छेको अन्त्य' मा उत्कर्षमा पुग्यो । यसरी जब कालान्तरमा, कम्युनिस्ट समाजवादमा समस्या आयो, अन्ततः त्यो ढल्यो तब उनहरूले कम्युनिस्ट सभ्यताको ' अन्त्य' सँग जोडेर नयाँ रूपमा पुँजीवादी सभ्यताको दीर्घायु र अमरताको पक्ष लिए । यसरी एकातिर पुँजीवादी कोणबाट र अर्कोतिर नवमार्क्सवादी वा नवसंशोधनवादी कोणबाट मार्क्सवादमाथि भीषण हमला गरियो । यहाँ पुँजीवादी स्कुल दृढ र गतिशील देखियो र के भ्रमपूर्ण दाबी गरियो भने 'अन्त्य र उत्तर' जस्ता अवधारणा कम्युनिस्ट सभ्यताको सङ्कटका सूचक र परिणाम हुन् । साथै संशोधनवादीहरूले पनि उनहरूसँग स्वरमा स्वर मिलाउँदै मार्क्सवादमाथि जडसूत्रवादको आरोप लगाउँदै 'वर्गीयता र बल प्रयोग' जस्ता अवधारणा पुराना भएको दाबी गरे । वास्तवमा यी 'अन्त्य र उत्तर' जस्ता अवधारणा पुँजीवादी सभ्यताका सङ्कट र अन्त्यका सूचक थिए । साथै कम्युनिस्ट सभ्यतालाई भ्रूणावस्थामै मार्ने पुँजीवादी कुटिल षड्यन्त्र पनि जुन षड्यन्त्रका अंशियार विभिन्न रूप र रङका संशोधनवादी पनि भए । तर उनीहरूले जुनसुकै रूपमा रक्षा गरे पनि पुँजीवादी सभ्यता चिहानघाटको सभ्यता हो भने संशोधनवाद पुँजीवादी सालको (संशोधनवाद पुँजीवादकै सालनाल हो) सभ्यता हो । त्यसैले जसरी मानवसमाजको अग्रगति भ्रूण हत्याले रोकिँदैन ठीक त्यसरी यो सभ्यताको लडाइँ पनि रोकिनेछैन र अन्ततः नयाँ कम्युनिस्ट सभ्यता विजयी बन्नेछ । कम्युनिस्ट सभ्यताको छोटो समयको भव्य लोकप्रियता र अस्थायी हारलाई ध्यानमा राख्दै यसका विचारकहरूले दृढतापूर्वक एकीकृत कम्युनिस्ट स्कुल खडा गर्न आवश्यक भएको छ जसले कम्युनिस्ट नयाँ सभ्यताको अन्तर्राष्ट्रिय लडाइँ विजयमा पुऱ्याउन सकोस् । जब निजी स्वामित्वका साथै राज्यको पनि अन्त्य हुनेछ तब कम्युनिस्ट सभ्यता र संस्कृति विकासको उच्च चरणमा प्रवेश गर्नेछ । यसरी मात्र नयाँ सभ्यता र संस्कृतिले समाजको नेतृत्व गर्नेछ । यो पुँजीवादवाट कहिल्यै सम्भव हुनेछैन, बरु उल्टै विश्व कथित पश्चिमी र पूर्वीय सभ्यता अनि क्रिस्चियन र हिन्दु, क्रिस्चियन र इस्लाम वा मुस्लिम सभ्यताको अन्त्यहीन लडाइँमा फस्नेछ र फसाइनेछ ।

त्यसैले नेकपाले सबैभन्दा पहिले कम्युनिस्ट पार्टीको नेतृत्व निजी पुँजीको मोहबाट मुक्त हुनुपर्ने दृष्टिकोणसहित कम्युनिस्टहरूको पार्टी नै सच्चा कम्युनिस्ट पार्टी हुने साथै कम्युनिस्ट पार्टी मात्र हैन, कम्युनिस्ट समाज बनाउने अवधारणा अगाडि सारेको छ । एकीकृत कम्युनिस्ट स्कुलद्वारा पुरानो पुँजीवादी सभ्यताभन्दा विकसित उच्च कम्युनिस्ट सभ्यताको लडाइँलाई विजयमा पुऱ्याउने उद्देश्य लिएको छ ।

म कम्युनिस्ट स्कुलको प्रभावबारे सानो व्यक्तिगत अनुभूति राख्न चाहन्छु । व्यक्तिगत आवश्यकता र दायित्वबोध नहुँदै माओवादी जनयुद्धमा समाहित भइयो । जनयुद्धको स्कुलले व्यक्तिको महत्व झन् घटायो अनि देश र जनताको सामूहिक महत्वलाई माथि उठायो । जब पार्टी शान्तिप्रक्रियामा आयो तब व्यक्तिगत आवश्यकता र दायित्व थपियो र राजनीतिमा पनि व्यक्तित्वको खास अर्थ र स्थान रहने भयो । तर विडम्बना ! प्रचण्डको व्यक्तित्व डरलाग्दो भयो जो विचलनको परिणाम थियो । त्यही व्यक्तित्वको दर्शन मात्र गर्न पनि जनयुद्धमा बलिदानीपूर्ण सङ्घर्ष स्वीकार्य हुन्थ्यो । मलाई सधैं लाग्छ, मैले जे प्राप्त गर्छु त्यो जनयुद्धको लिगेसीबाट अझ भनौं सामूहिकताको नारामा गर्छु । हुनत प्राप्त नै के हुन्छ र ? जे हुन्छ त्यसमा पनि जति सामूहिक हिस्सेदारी हुन्छ र त्यसको मात्रा जति बढ्छ त्यति बढी गर्व महसुस हुन्छ भने सामूहिक हिस्सेदारी भएन वा शून्य भयो भने असजिलो र अपराधबोध हुन्छ । यही नै कम्युनिस्ट स्कुलबाट बनेको कम्युनिस्ट दृष्टिकोण र सभ्यता होला । तर कसैले यसलाई ' लाटोपन' भन्छन् । कसैले नक्कली अभिव्यक्ति ठान्छन् । वास्तवमा यहाँ पार्टीको अनुशासनभन्दा ठूलो आफ्नो दृष्टिकोण हुन्छ । अझ यसो भनौं नेता, कार्यकर्ता बन्नु र बिग्रिनुमा पार्टीभन्दा उनीहरू स्वयम् बढी जिम्मेवार हुन्छन् ।

आज एकातिर जनयुद्धले धक्का खाएपछि सामूहिकताको मान्यता भत्किन पुगेको छ भने अर्कोतिर ढोंगी (जे गर्छ त्यो नभन्ने जे भन्छ त्यो नगर्ने) मानिसको बोलवाला भएको समाज छ । त्यसमा पनि नयाँ पुस्तामाथि एकपछि अर्को उपभोगवादी संस्कृतिको जबर्जस्ती प्रभाव पर्दै गएको छ । सामूहिकतामा आधारित हाम्रा सामाजिक मान्यताहरू पनि तीव्रतामा ध्वस्त भै विस्मृतिमा गएका छन् । जनयुद्धकालीन सामूहिक मान्यताहरू विकृत भै भत्केका छन् । आजका युवाहरू आफ्नै पुर्खाले गरेको निःशुल्क सामाजिक काममा लाटोपन देख्छन् । जनयुद्धकालीन सामूहिकतामा लहड र मूर्खपन देख्छन् । त्यसैले यो नयाँ पुस्तासहितको समाज र क्रान्तिको नेतृत्व गर्ने पार्टीलाई कम्युनिस्ट स्कुलद्वारा शिक्षित-दीक्षित बनाउनु झन् अनिवार्य भएको छ । यो सन्दर्भमा विश्वका सबभन्दा धनी तीनजनालाई उल्लेख गर्न जरुरी छ । वारेन बफेटले भने, 'आजको समाजमा वर्गसङ्घर्ष चलिरहेको छ र धनी वर्गले जितिरहेको छ ।' साथै उनले यो पनि भनेका छन्, 'म अरूकै पैसा खेलाउँछु र धनीलाई झन् धनी बनाउँछु ।'

जेफ बेजोसले दोस्रो विवाह गरेर सजिलै आफ्नो लाइनमा नयाँ सदस्य थपेका छन् भने बिल गेट्सले 'विश्वसनीय राज्य भए आफ्नो सम्पत्ति दिइदिने धारणा' दिएका छन् । यसबाट एकातिर पुँजीको स्रोत शोषण हो । पुँजी सबैभन्दा ठूलो हैन जति ठानिएको छ र त्यो साध्य हैन साधन हो भन्ने देखिन्छ भने अर्कोतिर उनीहरूको समाजमा वर्ग र वर्गसङ्घर्षको स्वीकारोक्ति, विद्यमान पुँजीवादी राज्यप्रतिको आशङ्का र वैकल्पिक समाजवादी राज्यको खोजीलाई इङ्गित गर्दछ । त्यसैले पृथ्वी र यो संसारको मालिक मानिस मात्र हो तर त्यही श्रेष्ठ मानिसमाथि मृत पुँजीको मालिकत्व स्थापित गर्ने पुँजीवादी सभ्यताको विकल्पमा पुँजीमाथि मात्र हैन, चौतर्फी मानिसको सर्वश्रेष्ठता र नेतृत्व स्थापित गर्ने नयाँ कम्युनिस्ट सभ्यताको विजय अवश्यम्भावी छ ।

अन्त्यमा, कम्युनिस्टको लडाइँ अभाव र गरिबीको मात्र लडाइँ होइन जसरी पुँजीवादीले अर्थ्याउँछन् । कम्युनिस्टको लडाइँ पुरानो पुँजीवादी सभ्यता जो अमानवीय बर्बरतामा रूपान्तरण भइसकेको छ, यसका विरुद्ध नयाँ कम्युनिस्ट सभ्यता जो समानता, मानवता र विज्ञानमा आधारित छ, यसको लडाइँ हो । विश्वमा हारेर पनि जितिरहेको पुँजीवादी सभ्यताविरुद्धको लडाइँ जित्न एकीकृत कम्युनिस्ट स्कुल आवश्यक छ । यसले कम्युनिस्ट हुनु ठीक हो । पुँजीवादी हुनु ठीक होइन भन्नेजतिलाई एकीकृत गरेर वैज्ञानिक समाजवाद हुँदै साम्यवादतिर डोऱ्याउनुपर्छ । यसका लागि अन्तर्राष्ट्रिय स्तरमै वैचारिक, राजनीतिक र साङ्गठनिक मोर्चा खोल्नुपर्छ । भौतिक र नैतिक सहयोगी अभियान चलाउनुपर्छ । यही स्कुलको विशेषतासहित नेकपाले एकीकृत जनक्रान्तिको कम्युनिस्ट स्कुल खडा गरेको हो । यसले मानिसहरूलाई ज्ञानको भोकको तिर्खा जगाउनेछ र समाजलाई ज्ञानले नेतृत्व गर्नेछ । सबै मानिसलाई श्रम गर्न उत्प्रेरित गर्नेछ र सामूहिक श्रममाथि सामूहिक स्वामित्व स्थापित गर्नेछ । मानिस एकआपसमा कोही कसैको दुस्मन हुनेछैन जो आजको मुख्य समस्या हो । यसैमा खडा हुनेछ नयाँ विश्वको नयाँ सभ्यता । हो, यसैका लागि तत्काल मुख्य बाधक बनेको नेपालको दलाल पुँजीवादी सत्ताको अन्त्य गर्न बलिदानीपूर्ण सङ्घर्षमा भाग लिनु अनिवार्य छ । यही अनिवार्यताको बोध गराउन हाम्रो स्कुलले एक हदसम्म भूमिका निर्वाह गरेको छ ।

प्राचीन नेपालमा जन्मिएका बुद्धले खडा गरेको स्कुलले विश्वलाई प्रभावित गरेको थियो भने फेरि आधुनिक युगमा विप्लवले खडा गरेको एकीकृत जनक्रान्तिको कम्युनिस्ट स्कुलले विश्व नै प्रभावित गर्न सक्छ किनभने यो स्कुल विश्वको नयाँ सभ्यतासँग जोडिएको छ । माओले भनेझैं यो विश्वको भौतिक एकताको सिद्धान्त विकास गरेर प्रकृति र समाजको इतिहासमा विस्तार गर्न सक्षम हुनेछ ।

# सपना देख्दै निद्रा हराएका रातहरू



सीता विक सम्झना

निस्पट्ट अँध्यारोले भरिएको यो रात किन यति धेरै लामो लाग्दैछ ? निद्राले किन छुँदैन ? कोल्टे फेर्दै अनगिन्ती विगतहरूलाइ सम्झँदै झस्कँदै भावनामा डुब्दै अनेक प्रश्न र उत्तरहरूसँग मुकाबिला गर्दैछु । कतिकति बेला गुनगुन आवाज बाहिर आएको पनि पत्तो हुँदैन रहेछ । यताउता छाम्छु बच्चाहरू मस्त निद्रामा छन् । मलाई भने छट्पटी भैरहेको छ । आलसतालसजस्तो लाग्छ । तिर्खा लागेजस्तो भयो । बिस्तारै बिस्तराबाट उठेँ । लामो सास फेर्दै बत्ती बालेँ । कोठा उज्यालो भयो । हातको घडी हेरेकी, भर्खर रातको बाह्र बजेको रहेछ । बस्ती सुनसान छ । घरर्र पर्दा खोलेर बाहिर हेरेँ । अँध्यारोले आफैँलाई जिस्क्याएजस्तो लाग्यो । फेरि पर्दा तानेँ र थचक्क खाटमा बसेँ । यसो निधारतिर छामेको चिट्चिट पसिना आइरहेको रहेछ । बेचैन मनलाई सम्झाउने कोसिस गरेँ । सकारात्मक सोचाइ बनाउने कोसिस गरेँ तर मन आफ्नै गतिमा जलिरहेको छ । नजिकैको बोतलको चिसो पानी घट्घट पिएर रित्याइदिएँ तर मन भने शीतल हुँदैन !

बाहिरको त्यो निस्पट्ट रात अनि मेरो मनलाई मैले एकचोटि २०६१-६२ तिर पुऱ्याएँ । यो सङ्कटकाल हो ? होइन । यो समय खारा लडाइँको ब्याटल हो ? त्यो पनि होइन तर मन किन यसरी बेचैन ? मलाई १५ वर्षअगाडि र आज किन उस्तै लाग्दैछ ?

हिजोका धेरै मध्यरातहरूमा, कहालीलाग्दा क्षणहरूमा पुगेँ म । हिजोका धेरै रातहरूले हामीलाई ठूलाठूला चोट र घाउहरू छोडेर जाने गरेका थिए । जुन घाउ र चोटहरू आज पनि चहऱ्याउँदैछन् । यस्तै मध्यरातहरूमा कोही सहिद परिवार त कोही टुहुरा, कोही अपाङ्ग, कोही बेपत्ता । व्यक्तिगत जीवनका खुसीहरू राष्ट्रका लागि अर्पण भैसकेका हुन्थे बिहान हुँदा । आज फेरि यी र यस्ता कथाहरू दोहोरिँदैछन् । यस्ता सोचाइहरूले झन् मेरो बाँकी रहेको निद्रा पनि खोसिदियो र मेरो मनको उद्वेलनलाई कापीको पानामा कोर्नतिर लागेँ ।

आजको दिन क. सविन र मेरो विवाह वर्षगाँठको दिन हो । २०६४ साल जेठ २४ को दिन । हामी जनयुद्धको रक्षा र निरन्तरताकै एउटा रूप शान्तिप्रक्रियाका क्रममा जनवादी विवाहमा बाधिएका थियौँ । त्यो दिन मेरो जीवनका अनेक मोडमध्येको एउटा खास दिन थियो । किनकि पहिलो त जनवादी विवाह र पुनर्विवाह, अर्को बाहुनको छोरा र कामीको छोरीको विवाह, तृम्रो सहिदपत्नी र कुमार केटाका बीचको विवाह, चौथो जनताका बीचमा सार्वजनिक स्थलमा पार्टीको झन्डा साक्षी राख्दै सहिदले देखाएको बाटोबाट विचलित नहुने कसम खाँदै पार्टीको उच्चस्तरीय नेता, जनमुक्ति सेनाका कमान्डर र जिल्लाका प्रजिअ, स्थानीय विकास अधिकारीलगायत कर्मचारीहरूको उपस्थिति तर मञ्च सामान्य । बाहिर कतै खासखुस सुनियो- विधायक र कमान्डरको विवाह पनि यस्तो ? कतैकतै सुनियो- विवाह त यस्तै गर्नुपर्छ । जे होस् सामन्ती रूढिवादी समाजलाई चुनौती दिँदै एउटा सन्देश दिएकै थियौँ । हामीले पनि समाज परिवर्तनमा इँट थपेको महसुस गरेकै थियौँ । आदरणीय कमरेड सुदर्शनले हामीलाई शुभकामना दिँदै यो जोडी नमुना बनोस् । सधैँ क्रान्तिको ऊर्जा बनोस् भन्नुभएको



थियो । आज उहाँ जेलमा हुनुहुन्छ । उहाँलाई आज सम्मान र सम्झना गरेको छु । जनयुद्धका सुप्रिम कमान्डर पुष्पकमल प्रचण्डलाई पनि सम्झिएकी छु । उहाँले हामीलाई समाज परिवर्तनका शिक्षाहरू घोकाउनुभयो । हामी दिलोज्यान लगाएर उहाँको आदेशमा कुनै कसुर बाँकी राखेनौँ । हामीलाइ नयाँ संस्कृतिको विकास गर्नुपर्छ । विभेदरहित समाज निर्माण गर्नुपर्छ भन्नुहुन्थ्यो तर भर्खरै उहाँले मनाएको विवाह वर्षगाँठ ज्वलन्त छ । प्रतिक्रान्तिको सानो नमुना । उहाँ बेहुला र सीता कमरेड बेहुली बनेर ५० औँ विवाहउत्सव मनाउनुभयो । उहाँलाई यत्ति पनि हेक्का भएन- हिजो उहाँ आफैँले नेतृत्व गरेको युद्धमा विवाह गरेको केही दिनमै, केही महिनामै एकल भएका र आज पनि टुहुरा बच्चाहरूलाई झूटो खबर दिँदै बाबा विदेश जानुभएको छ, आकाशमा हुनुहुन्छ भन्दै आँसु पिएर बाँचेका कमरेडहरूलाई कस्तो पर्ला भन्ने ? उहाँले भन्नुभयो- सीतालाई थेरापी गराएको रे ! हो, थेरापी आवश्यकता होला । अरू कुनै उपाय थिएन ? १७ हजार सहिद, बेपत्ता परिवार डिप्रेसनको सिकार छन् । उनीहरूलाई कसले गराउने थेरापी ? तपाईंमा थोरै पनि जनयुद्धको स्मरण छ भने सरकार र सत्तामा हुनुहुन्छ । सीता कमरेडसँगै टुँडिखेलमा लगेर थेरापी गराउनुस् । सहिद-बेपत्ताका आफन्तहरू, घाइतेहरू सडकमा अनशन बस्छन् । आफ्नै नेताले सरकार चलाएको बेला आफ्नै सहयोद्धा अनशन बस्नुपर्ने हो ? यी र यस्ता कुराले म जनयुद्धका सुप्रिम कमान्डरलाई सम्झिरहन्छु भने उता क्रान्तिको अभिभारा पूरा गर्छु भनेर अहोरात्र खट्नुभएका कमरेड विप्लवलाई पनि सम्झन्छु ।

हिजोआज क्रान्तिमा लामबद्ध कमरेडहरूले जुन कुरा गर्नुहुन्छ, सत्य बोलिरहनुभएको छ । समाज परिवर्तन भएन । क्रान्ति पूरा भएको छैन । घाइतेले उपचार पाएन । बेपत्ता योद्धा कहाँ छन् ? सहिद परिवारको व्यवस्थापन भएन । जनयुद्धका पूर्णकालीन कार्यकर्ताको व्यवस्थापन भएन । देशको सिमाना मिचियो । राष्ट्रियता खतरामा पऱ्यो । भ्रष्टाचार मौलायो । के यो सत्य होइन र ? विप्लवलाई त सलाम पो गर्नुपर्ने उहाँहरूले । प्रतिबन्ध लगाउनुहुन्छ । पार्टी नेता-कार्यकर्तादेखि सर्वसाधारणसम्मलाई जेल र हिरासतमा राख्नुहुन्छ । बादल कमरेड खुट्टामा गोली हान्ने आदेश दिएर छातीमा गोली हान्नुहुन्छ । उहाँ पटकपटक भन्नुहुन्थ्यो- अधिकार नपाएसम्म विद्रोह गर्नुपर्छ भनेर । उहाँले नै विस्फोटमा मर्ने नागरिक नभएको बताउनुभयो तर कोही असामान्य किन बन्छ ? उहाँलाई थाहा भएकै कुरा हो ।

मर्न कसैलाई रहर हुँदैन । समयले बाध्य बनाउँछ । समयलाई कुनै प्रतिबन्ध पनि लाग्दैन । उसको आफ्नै गति हुन्छ । यो त विज्ञानको नियम पनि त हो । त्यसकारण फेरि देशका भर्भराउँदा ताराहरूलाई गोली हानी मारेर बच्चाहरूलाई टुहुरा बनाउने, सिन्दुर पुछ्ने काम र हामीजस्ता इमानदार कार्यकर्ताको निद्रा समाप्त हुँदैछ । गोली हानेर, गिरफ्तार गरेर सम्भव छैन । समयलाई बुझेर बदल्नुस् । आजका प्रधानमन्त्री केपी वलीसँग मोरो कुनै गुनासो छैन । उहाँ हिजो पनि त्यही हुनुहुन्थ्यो, आज पनि र भोलि उही हुने हो । तर हिजो जनयुद्ध लडेर आएका तपाईंहरूलाई देखेर मलाई लाज लाग्छ । जुन कुरा अनिवार्य छ त्यही किन रोक्दै हुनुहुन्छ ?

यी सबै कुरा स्मरण र बोध गर्दै कापीको पानामा कोरेँ । महान् सहिद क. जलनलगायत सम्पूर्ण सहिदहरूलाई सलाम गरेँ र आफैँले ल्याएको गणतन्त्रमा आफ्नैबाट बन्दी बनाइनुभएका आदरणीय कमरेड सुदर्शनलगायत कमरेडहरूलाई हृदयदेखि सम्मान गरेँ । यसो झ्यालतिर आँखा लगाउँदा पूर्वबाट क्षितिज बिस्तारै अँध्यारोलाई पन्छाउँदै आफ्नो शक्ति जमिनतिर प्रवाह गर्दै थियो । निस्पट्ट रातको सामना गरेर धर्तीमा आउने उज्यालो आशालाग्दो हुने गर्छ । छिट्टै उज्यालोको आशा गर्दै झ्यालबाट पूर्वतिर हेरिरहेँ ।

आज हाम्रो सहयात्रा १२ वर्ष पार गरेर १३ वर्षमा प्रवेश गर्दैछ । हामी हाम्रो यात्रामा दृढ छौँ । महान् जनयुद्धले गरेको समाज रूपान्तरण र हाम्रो योगदान बाँचिरहनेछ । हामीलाई कुनै पश्चाताप छैन । कुनै चीज बदल्नुछ भने आफू पहिले बदलिनु अनिवार्य हुन्छ । केही पाउनलाई केही गुमाउनैपर्छ । इज्जत र स्वाभिमान नै जीवनको सम्पत्ति हो । कसैको पाउ मोलेर खुसी हुनुभन्दा सङ्घर्ष गरेर बाँच्नुमा छुट्टै आनन्द हुन्छ ।

# अभियानमा हिंड्दाका अनुभूतिहरू



माधव गौतम

सामन्ती, निरङ्कुश राजतन्त्रसँगसँगै संसदीय व्यवस्थाको अन्त्यका लागि २०५२ साल फागुन १ गते जनताको आन्दोलन जनयुद्ध सुरु भएको थियो । जनयुद्धले राजतन्त्रको अन्त्य गऱ्यो तर संसदीय व्यवस्थाको अन्त्य भएन । जनयुद्धको लक्ष्य थियो राजतन्त्रको अन्त्यसँगसँगै संसदीय व्यवस्थाको अन्त्य गर्ने, नयाँ जनवादी राज्यव्यवस्था लागू गर्ने, सामन्तीहरूले कब्जा गरेका स्रोतसाधन, जनताको पहुँचमा ल्याउने, उत्पादन बढाउने, राष्ट्रिय पुँजीको विकास गर्ने । जनयुद्ध अघि बढ्दै जाँदा राजतन्त्रबाट निर्देशित संसदीय व्यवस्थाका चाटुकारहरू गाउँ पस्न सकेनन् । सदरमुकाममा खुम्चन बाध्य भए । आन्दोलन बढ्दै गयो । थुप्रै सहिद, बेपत्ता, घाइते भए । त्यसको परबाह नगरी जनयुद्ध अगाडि बढ्यो । दुस्मनको कित्तामा ८ रेक्टरको भुकम्प जाँदाजाँदै खुम्चन बाध्य भएका सिद्धिएका संसदीय व्यवस्थाका चाटुकारसँग प्रचण्डले ५ बुँदे हुँदै १२ बुँदे सहमति गरी नेपाल लोकतान्त्रिक गणतन्त्र मुलुक हुनेछ भनी खुम्चिएका चाटुकारसँगै सती गए । विधिवत् रूपमा जनयुद्ध समाप्त भएको घोषणा गरे । क्रान्ति पूरा भएको छैन भन्दै क्रान्तिकारी नेता, कार्यकताले असहमति जनाउँदै आए । त्यही पर्वको महत्वलाई अझ बढी प्रकाश पार्नुपर्छ भन्दै नेपाल कम्युनिस्ट पार्टीले देशैभर २४ औँ जनयुद्ध दिवस मनायो । यो पर्व मनाउनका लागि र सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान २ मा भाग लिनका लागि कमरेड डीबी र म १ गते बिहान तेह्रथुमतिर लाग्यौँ । त्यस दिन हामी क्रान्तिकारी परिवर्तन चाहने शक्तिको महान् पर्व थियो । पर्वसँगसँगै हाम्रो २ महिने अभियान उद्घाटन थियो । यी दुवै कार्यक्रम हाम्रा लागि महत्वपूर्ण थिए । तेह्रथुम लाग्दै गर्दा हामीसँग केही कलाकारका सामान पनि थिए । हामी २ जना दिउँसो २ बजे तेह्रथुम पुग्यौँ । हामी पुग्दा कार्यक्रम उद्घाटन हुने तयारीमा रहेछ । कार्यक्रमका प्रमुख अतिथि पार्टीका केन्द्रीय सदस्य कमरेड आधार र अन्य कमरेडसँग हाम्रो भेट भयो । भेट हुँदा हामी सबै खुसी भयौ । किनकि फागुन १ गते सच्चा कम्युनिस्टहरूको पर्व थियो । पर्वसँगसँगै नेपालमा बाँकी रहेको दलाल संसदीय व्यवस्था जरैदेखि उखेल्ने सङ्गठन सुदृढीकरण तथा विस्तार अभियान उद्घाटन थियो । त्यस अर्थमा हामी खुसी थियौँ ।

प्रमुख अतिथिद्वारा अभियान उद्घाटन भयो । त्यहाँ केही मानिसहरू चौरमा बसेका थिए । केही विद्यार्थी लहरै बेन्चमा बसेका थिए । सबैजना कार्यक्रमलाई राम्रोसँग नियालिरहेका थिए । कार्यक्रमको तालिकाअनुसार कार्यक्रम अगाडि बढ्यो । शुभकामना आदानप्रदान र सङ्गठन विस्तार अभियानका विषयमा शुभकामना मन्तव्य राख्न सञ्चालक कमरेड दीपाले मलाई बोलाउनुभयो । मैले शुभकामना आदानप्रदान र सङ्गठन सुदृढीकरण तथा विस्तारको मन्तव्य राखेँ । उपस्थित अतिथिहरूले पनि शुभकामना आदानप्रदान मन्तव्य राख्नुभयो । प्रमुख अतिथिका रुपमा पार्टीका केन्द्रीय सदस्य कमरेड आधारले मन्तव्य राख्नुभयो । सञ्चालक कमरेडले त्यस स्कुलका सबै शिक्षकहरूलाई अतिथिका रुपमा बोलाउनुभयो तर उहाँहरू डरत्रास बोकेर अगाडि आउन सक्नुभएन । पछाडि चौरमै बसिरहनुभयो । यो देशको शासन सत्ता दलालहरूको हातमा थियो । त्यही दलालहरूका मतियार हुनाले अगाडि आउन सक्नुभएन ।

कार्यक्रम अगाडि बढ्दै थियो । एक्कासि २ वटा मोटरसाइकलमा दलाल राज्यसत्ताका चौकीदार पुलिसहरू बन्दुकसहित आए । लाग्थ्यो, त्यहाँ ठूलै भिडन्त हुँदैछ । उनीहरूको अगाडि १ जना सई रहेछ पर्शुराम गिरी । यसले आफूलाई निकै ठूलो हुँ भन्ने व्यवहार प्रदर्शन गरिरहेको थियो । सबै ब्यानरको नारा रिपोर्ट गर्दै थियो । हामीले भन्यौँ- के हो, आज फागुन १, जनयुद्ध दिवस । सरकारले पनि मनाएको छ । हामीले विभिन्न जिल्लाको सदरमुकाममा ठूलो कार्यक्रमका साथ मनाएका छौँ

समाज जनताभन्दा बाहिरको जस्तो देखिने त्यो प्रहरीले हाम्रो कुरा सुनेको नसुनेझैँ गरी माथिको आदेश भन्दै हाम्रा कलाकारका झोला खोली नागरिक स्वतन्त्रतामाथि हनन गने काम गऱ्यो । त्यो कदम जनताका कलाकारमाथि थियो । त्यो कदम सहन नसकी कमरेड आधारको नेतृत्वमा हामीले प्रतिवाद गऱ्यौँ र आङ्डिमबाट हामी कार्यक्रम सकी एकीकृत जनक्रान्तिको कार्यदिशाबाट वैज्ञानिक समाजवाद लागू गर्न हामी अगाडि बढ्यौँ । बढ्दै जाँदा जनताको अपार साथ पायौँ । हामी पञ्चकन्या पुग्दा बाटोमा एकजना युवा र एकजना वृद्धा भेटिए । उहाँहरूले हामीलाई सोध्नुभयो- तपाईंहरू को हो ? कहाँ जाँदै हुनुहुन्छ ? हामीले भन्यौँ- हामी नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता हौँ । उहाँहरू बडो उत्सुकताका साथ सोध्दै हुनुहुन्थ्यो- सरकार पनि कम्युनिस्टको छ हैन सर ? कि क्या हो ? त्यसैबीचबाट मैले भनेँ- सामाजिक दलाल सरकार नक्कली कम्युनिस्ट नामधारी हो । प्रश्न गर्ने जनता छेउमै आएर- तपाईंहरूचाहिँ कुन हो त ? भनी जान्न चाहेजस्तो गरी सोधे । मैले भनेँ- हामी सच्चा कम्युनिस्ट पार्टीका क्रान्तिकारी हौँ । हाम्रो महासचिव विप्लव हुनुहुन्छ । यसो भनेपछि उहाँले भन्नुभयो- धेरै राम्रो । जनताका कुरा लिएर आउनुभयो । मेरो घर पञ्चकन्या खिरखिरे हो । तपाईंहरू मेरो घरमा आउनुपर्छ

हामी हुन्छ भन्दै त्यहाँबाट छुट्यौँ । अगाडि बढ्दै जाँदा हामीले त्यो बस्तीलाई राम्रोसँग नियालिरहेका थियौँ । नियाल्दा-नियाल्दै हाम्रोअगाडि एउटा धारो देखियो । त्यस धारामा २३ वटा गाग्री थिए । मलाई उत्सुकता जाग्यो । किन यत्रो गाग्री भन्दै थिए । पञ्चकन्यामा पढाउने एकजना शिक्षक आएर भने- के गर्नु, पानीको धेरै अभाव छ ।

मैले भनेँ- सामन्ती राज्यसत्ताको दोष हो । हामीले हाम्रो यात्राका विषयमा कुरा गरेर अघि बढ्यौँ । त्यसबेला बिहानको ९ बजेको थियो । बाटोमा जाँदाजाँदै जनप्रतिनिधि भेट भयो । केहीबेर देश र सरकार, राष्ट्रिय स्वाधीनता, भ्रष्टाचार दलालीकरण, बलात्कार, जनजीविकाका विषयमा कुरा गऱ्यौँ । उनी निरीह हुँदै देशको अवस्था खत्तम भयो भन्ने जबाफ दिँदै थिए । समाजको अन्तरविरोधलाई सही पहिचान गरी राष्ट्रिय पुँजीको निर्माण गरी समान वितरण प्रणाली लागू गर्ने व्यवस्था वैज्ञानिक समाजवादी व्यवस्था हो भन्दा उनले ठीक छ, शुभकामना भने ।

त्यहाँ संवाद चलिरहँदा केही दलाल सरकारका चाटुकारहरूको फोन आइरहेको थियो । उनी फोन उठाउने पक्षमा थिएनन् । हामीले फोन उठाई कुरा गर्नुहोस्, केही पऱ्यो भने हामीलाई सम्झनुहोला भनी अगाडि लाग्यौँ । जनतासँग गहिरोसँग सम्बन्ध कायम गर्ने यात्रा अगाडि बढ्यो । मजदुर, किसान, दलित, जनजाति, श्रमजीवी वर्गको राज्यसत्ता स्थापना नभइन्जेल यात्रा अगाडि बढ्नेछ भन्दै हामी जनताको घरघरमा गई सबैलाई सङ्गठित गरी वैज्ञानिक समाजवादी व्यवस्था ल्याउन आमजनता, शोषित-पीडित, मजदुर, महिला, किसान, अग्रगमन र परिवर्तन चाहने सबैलाई एक हुनका लागि यस क्षेत्रका जनतासँग अन्तरक्रियामा भाग लिई हाम्रो यात्रालाई निरन्तर अगाडि बढाउन हिंड्यौँ । दलाल, भ्रष्टाचारी, बिचौलिया नवऔपनिवेशिक, नवसामन्तहरूको अन्त्य गरी राष्ट्रियता, स्वाधीनता, समानता, शान्ति, समृद्धि, राष्ट्रिय पुँजीको विकास, निजी पुँजीको अन्त्य गरी एकीकृत जनक्रान्तिको कार्यदिशाबाट वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न सबै श्रमजीवी तथा उत्पीडित जनता, मध्यम वर्ग, बुद्धिजीवी, कलाकर्मी, सेना, प्रहरी, कर्मचारी, पत्रकार, न्यायालय सबैमा आह्वान गर्दछौँ ।

## कविता

### सपना

*सृजन अविरल*

प्रिय कमरेड !
आऊ, म तिमीलाई तिम्रो जमिन देखाउँछु
मैले स्पर्श गरेका हरेक खोला र नदी
बगेका हुन्, यही जमिनबाट
अग्लिएको पहाड र हिमाल
अनि दगुरेर पनि कहीँ नपुगेको मानिस
यही जमिनको हो ।

प्रिय कमरेड !
मलाई तिम्रो जरा-जरा थाहा छ
तिमीले आफ्नो जमिन बिर्सिएपछि
आएको हो यो आँधी र बगाएको हो यो बस्ती
मेरै आँखाअघि तिमीले च्यातेर मिल्काएपछि
विचारको घोषणापत्र
बदलिएको हो तिम्रो स्वर
र बगेको हो योद्धा बाबुको आँखामा आँसु
थर्थराएको हो लडाकु बहिनीको गोडा
कापेको हो यो सिङ्गो जमिन

तिमीले भुलेर गए पनि आदिम सपना
दिनहुँ हाम्रो भाग्य छेकी उभिएको यो पहाड
तिमीले नै सिकाएको हो उक्लिन
र यही पहाडको खोचमा
बगिरहेको दुःखको नदी
तिमीले नै सिकाएको हो तर्न
अब तिम्रो उचाइबाट सायद देखिँदैन
अभावको जङ्गल, त्यो आँसुको नदी
र आदिम सपना ।

प्रिय कमरेड !
तिम्रो अनुहारको उज्यालो
यही गाउँको हो
तिम्रो निधारमा सल्किएको भाग्य
र तिमीलाई बर्सौंदेखि बोकेर काँधमा
यहाँसम्म पुऱ्याउने
यही बस्तीका मानिसहरू हुन्
दिनहुँ गइरहने अभावको भूकम्प
र तिमीले भर्खरै पढेको
अखबारको मूल समाचार यही गाउँको हो
निधारमा टाँसेर आफ्नै मूल्यसूची
झस्किँदै खाडीमा ब्युँझने युवाहरू
यही बस्तीका हुन् ।

प्रिय कमरेड !
अझ म तिमीलाई तिम्रो जमिन देखाउँछु
दरबार छिरेपछि तिमीले भुलेको बस्ती र
नचिनेका खोला र नदीहरू
हरेक बिहान रेडियोमा बज्ने शोकधुन
यही बस्तीको हो ।

### जनसरकार चाहियो



कल्पना पौडेल 'जिज्ञासु'

शोषितपीडित गरिबका दर्द सुन्ने सरकार
चाहियो
भत्केका गाउँबस्तीकै सामुन्ने सरकार चाहियो
धेरै खपिन् आँधीहुरी देशमा तुफान उठ्दाखेरि
नयन पुछी आमाको आँसु थुन्ने सरकार चाहियो
सरकारी लूट-हत्याले खुसी लुट्यो मुहारबाट
निराशा हटाई विकासको मार्ग चुन्ने सरकार
चाहियो
जरा गाडेकै छ समाजमा जात, धर्म, छुवाछूतले
बन्धन तोडी नयाँ सोच गुन्ने जनसरकार
चाहियो
हिमाली-पहाडी-मधेसी एकै दाजुभाइ हौँ सबै
हामी
सयौँ फूल जोडी एकताको माला उन्ने सरकार
चाहियो ।

## दूरसञ्चार सेवामा ...

सरकार चलाउन आशीर्वाद दिएका छन् । तर देश निरङ्कुश पञ्चायतीकालमा भन्दा अझ बढी परनिर्भर भएको छ । दाताहरूको दबाब लाजमर्दो भएको छ र देशले आत्मनिर्णयको क्षमता गुमाएको छ । शासकहरू दाताहरूको नाजायज दबाबसामु घुँडा टेकन बाध्य भएका छन् । यसरी देशको राष्ट्रिय सुरक्षामा नै गम्भीर खतरा पैदा भएको छ । विडम्बना कथित कम्युनिस्ट सरकारको आजको समयमा पनि त्यो हर्कत झन् बढेको छ ।

दलाल पुँजीवादले गोरखापत्र संस्थान, नेपाल आयल निगम, नागरिक उड्डयन प्राधिकरण र नेपाल टेलिकमलाई पछिल्लो समयमा निशाना साधेको छ । ती संस्थाहरूमा चौतर्फी हमला भएको छ । गोरखापत्र संस्थानलाई जनपक्षीय र आधुनिकीकरण गर्नुपर्नेमा विदेशी लगानीका निजी सञ्चारगृहमा नीति निर्माताको ध्यान छ । नेपाल आयल निगमलाई सत्तारूढ दलको दुहुनो गाई बनाइएको छ । गोपाल खड्काहरू नियमित रूपमा उत्पादन गरिन्छन् । नागरिक उड्डयन प्राधिकरण भ्रष्टाचारले उठ्नै नसक्ने गरी थलिएको छ । मन्त्रीहरू नै भ्रष्टाचारका नाइके भएका छन् । नेपाल टेलिकम डुबाउन अनेक प्रपञ्च भइरहेको छ । एनसेलनामक समानान्तर दूरसञ्चार सेवा प्रदायक कम्पनीलाई सेवा नियमित गर्ने अनुमति प्रदान गर्दा नै अपारदर्शी ढङ्गले अनुमति दिएको चर्चा सेलाएको छैन । बदनाम व्यापारी अजेय सुमार्गी र तत्कालीन सञ्चार तथा सूचनामन्त्री कृष्णबहादुर महराको भूमिका उसैबेला विवादित भएको थियो । अहिले एनसेल कम्पनी अर्बौं करछली गरेको प्रमाणित हुँदा पनि शासकहरू मौन छन् । उनीहरूको मुखमा एनसेलले नगदरूपी मोहला लगाइदिएको छ ।

## गम्भीर घाइते ...

जनसमुदायलाई तर्साउने र राजनीतिक वातावरण उत्तेजित पार्ने उद्देश्यले हत्या गऱ्यो । त्यसप्रकारको सरकारी अपराधका विरुद्ध पार्टीले जेठ १३ गते आमहडतालसहितका सङ्घर्षका कार्यक्रम घोषणा गरेको थियो । उक्त कार्यक्रम सफल पार्ने क्रममा प्राविधिक समस्याका कारण घाइते भएका ५ जना कमरेडहरू सहिद मेमोरियल अस्पताल (कलङ्की), ट्रमा सेन्टर (रत्नपार्क) र ओम अस्पताल (चाबहिल) काठमाडौंमा उपचार गराइहनुभएको छ । तर फासिस्ट दलाल सरकारको गृहप्रशासनले घाइतेका आफन्तलाई सहज रूपमा भेट्न नदिने, तर्साउने, अवरोध गर्ने, बिरामीलाई 'एम्बुस' का रूपमा प्रयोग गर्ने, कुरुवालाई दुःख दिने, बिरामीलाई भयभीत पारेर उपचारमै अवरोध गरिरहेको छ । हाम्रो पार्टी त्यो व्यवहारको निन्दा गर्दछ ।'

विज्ञप्तिमार्फत प्रवक्ता प्रकाण्डले त्यसप्रकारको ज्यादती तत्काल नरोके कडा सङ्घर्षमा उत्रने चेतावनी दिँदै यस्तो अवस्थामा सरकारी ज्यादती रोक्नका लागि आवश्यक कदम चाल्न सबै अधिकारकर्मी, नागरिक समाज र न्यायप्रेमी जनसमुदायमा समेत अपिल गरेका छन् ।

### सुकेधारा विस्फोटका घाइतेको परिचय खुल्यो

काठमाडौं : काठमाडौंको सुकेधारामा भएको बम विस्फोटमा परी गम्भीर घाइते भएका व्यक्तिको परिचय खुलेको छ । ओम अस्पतालको आईसीयूमा उपचार गराइरहेका घाइते रामेछाप मन्थली नगरपालिका वडा नं.४ गैराथोक निवासी रामकुमार श्रेष्ठ रहेका छन् । घटना भएको दिन जेठ १२ गते सुकेधारास्थित छोटे ठाकुरको सैलुनमा पुनेबित्तिकै कुकर बम विस्फोट हुँदा श्रेष्ठ गम्भीर घाइते भएका थिए । बम विस्फोटकै घाइते अरू २ जना सुरेन्द्र महर्जन र हरि खड्काको पनि ओम अस्पतालमै उपचार भइरहेको छ । उक्त बम विस्फोटमा परी दाङका गोकुल रानामगर, कालीकोटका दीपेन्द्र विक र बागलुङका कृष्ण भण्डारीको मृत्यु भएको थियो । सुरुमा घाइतेहरूको पहिचान नखुले पनि तत्काल उपचार गरिहालनुपर्ने भएकाले अस्पतालमा घाइतेहरूलाई एक्स, वाई र जेड नाम दिएर उपचार थालिएको थियो । एक्स नाम दिएका परिचय नखुलेका व्यक्ति रामेछापका रामकुमार हुन् भने वाई र जेड नाम दिइएका व्यक्ति क्रमशः सुरेन्द्र महर्जन र हरि खड्का हुन् । उनीहरूको पनि ओम अस्पतालमा उपचार भइरहेको छ । बिहीबार मात्र परिचय खुलेका रामकुमारको उपचारमा संलग्न डाक्टरका अनुसार उनी खत्रामुक्त छन् । बमको छर्राले उनको टाउको, छाती र खुट्टामा गम्भीर चोट छ । जेठ १२ गतेदेखि नै रामकुमार सम्पर्कमा नआएपछि उनका आफन्त अस्पताल स्रोतको सूचनाका आधारमा ओम अस्पताल पुगेका थिए । रामकुमारसहित सुरेन्द्र र हरिको ओम अस्पतालले अहिलेसम्म निःशुल्क उपचार गरिरहेको थियो । भवितव्य घटनामा परेकाले पहिचान नभए पनि खुरुखुरु उपचार गरिहेको तर अब उनीहरूको परिचय खुलेर आफन्त सम्पर्कमा आएपछि सहज हुने ओम अस्पतालका निर्देशक बाबुकाजी कार्कीले बताए । रामकुमार श्रेष्ठकी दिदी सुनीता श्रेष्ठले घाइते र बिरामीको उपचारप्रति राज्य असहिष्णु हुन नहुने बताइन् ।

## जनपरिषदले गऱ्यो ...

दाम जग्गा कब्जा गरिएको हो । उक्त जग्गा भक्तपुर चाँगुनारायण नपा ५ छालिङका निर्मलाकुमारी पुरी र भक्तपुर नपा १० कमलविनायक निवासी चन्द्रमाया सुवालको संयुक्त नाममा रहेको छ । चाँगुनारायण नपा २ किता नम्बर १९९८ रहेको उक्त जग्गाको क्षेत्रफल एक रोपनी एक दाम रहेको छ ।

झन्डा गाडेर कब्जा गरिएको सोमबार जनपरिषद्ले जनाएको छ । जग्गा भएको स्थानमा ' यो जग्गा कुनै पनि व्यक्तिले हडप्न पाइँदैन । अन्यथा जनपरिषद्ले कडा कारबाही गर्नेछ' लेखिएको ब्यानरसमेत गाडिएको छ । ब्यानरसँगै जिल्ला जनपरिषद् भक्तपुरका प्रमुख एसीको हस्ताक्षर रहेको जेठ २० गतेको प्रेसविज्ञप्तिसमेत टाँसिएको छ । प्रेसविज्ञप्तिमा उक्त जग्गा कब्जा गरिएको उल्लेख गरिएको छ । कब्जा गरिएको उक्त जग्गा पैसा र पहुँचका आधारमा चलखेल गरेमा कडाभन्दा कडा कारबाही गर्ने चेतावनी दिइएको छ ।

## गुठी विधेयकविरुद्ध ...

काठमाडौंको माइतीघरमा भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको छ । प्रहरीले प्रदर्शनकारीलाई हटाउनका लागि पानीको फोहोरासहित बल प्रयोग गरेको छ । प्रहरीसँगको झडप र पानीको फोहोराबाट करिब एक दर्जन प्रदर्शनकारी घाइते भएको बताइएको छ ।

संशोधन विधेयक जस्ताको तस्तै पारित भए धर्म, संस्कृति र सम्पदाको अस्तित्व नै मेटिन सक्ने भन्दै उनीहरू विरोध प्रदर्शनमा उत्रिएका हुन् । उनीहरूले विधेयक संविधानविपरीत भएकाले खारेज गर्न मागसमेत गरेका छन् । परापूर्वदेखि चलिआएका ती गुठीका जग्गा हडप्ने र आफ्ना मान्छे भर्ती गर्ने नियतले सरकारले गुठीसम्बन्धी कानुन संशोधन गर्न लागेको गुठीयारको दाबी छ ।

देशभर देवीदेवताका नाममा ७ लाख ५६ हजार बिघा जमिन र २ हजार ६ सय गुठी छन् । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले वैशाख १६ गते सङ्घीय संसद्मा दर्ता गराएको विधेयकमा गुठी संस्थान खारेज गरी गुठी प्राधिकरण बनाउने व्यवस्था छ ।

## घेरा हालेर ...

प्रहरीको गिरफ्तारीमा पर्नेहरूमा नेकपा कास्की जिल्ला सेक्रेटरी विवेक भण्डारी 'आक्रोश', नेकपा कास्कीका जिल्ला सदस्य एवम् एरिया इन्चार्ज सन्तोष परियार 'परिवर्तन', पार्टी जिल्ला सदस्य तथा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य मिलन राई, पार्टी जिल्ला सदस्य, अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य तथा कास्की जिल्ला अध्यक्ष काजी गुरुङ, जिल्ला उपाध्यक्ष आस्था नेपाली, अखिल (क्रान्तिकारी) पीएन क्याम्पस जिल्ला अध्यक्ष प्रकाश बास्तोला, विद्यार्थी नेता एवम् सहिदपुत्र सुजन सापकोटालगायत छन् । नेपाल कम्युनिस्ट पार्टीले बैठक स्थलबाट आफ्नो पार्टीका नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरेको जानकारी दिएको हो । प्रहरीले भने घटनाका बारेमा सार्वजनिक गरेको छैन ।

## पत्रकार महासंघले ...

छ । यसअघि गरेको दुई चरणको आन्दोलनको समीक्षा गरी तेस्रो चरणको आन्दोलनको कार्यक्रम तय गरिएको जानकारी महासङ्घले दिएको छ ।

महासङ्घले दिएको जानकारीअनुसार मध्याह्नमै लाल्टिन जुलुस निकालेदेखि लिएर सिटी जुलुससम्मका आन्दोलनका कार्यक्रमहरू समावेश गरिएको छ ।

सरोकारवालासँग छलफल गरी महासचिव रमेश बिष्टले विज्ञप्ति जारी गरी आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । आगामी असार ३ गते प्रेस स्वतन्त्रताका पक्षमा देशव्यापी हस्ताक्षर अभियान चलाउने, ६ गते सङ्कलित हस्ताक्षर जिल्ला प्रशासन कार्यालयमा बुझाउने, १० गते कार्टुन प्रदर्शन गर्ने, २५ गते जिल्लाका सबै शाखाहरूबाट आफ्ना क्षेत्रका सांसदहरूलाई सन्देश पठाएर ध्यानाकर्षण गर्ने, २० गते प्रेस स्वतन्त्रतासभाको आयोजना गर्ने, २५ गते दिउँसै लाल्टिन जुलुस गर्ने र ३० गते देशव्यापी सिटी जुलुस र सभा गर्ने कार्यक्रम महासङ्घले तय गरेको छ ।

वैशाख २९ देखि जेठ २५ गतेसम्म दुई चरणमा गरिएको आन्दोलन पूर्ण रूपमा सफल भएको भन्दै विज्ञप्तिमा उल्लेख गरिएको छ, 'आन्दोलनमा आमसञ्चारकर्मी, सञ्चारसम्बद्ध सङ्घ-सङ्गठन, सञ्चारमाध्यम, विभिन्न पेसाकर्मीहरू, राजनीतिक दल, नागरिक समाज, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरू र आमजनताको सहयोग र सहभागितासमेत प्राप्त भएको छ ।'

तेस्रो चरणको आन्दोलनका लागि महासङ्घले देशव्यापी हस्ताक्षर सङ्कलनदेखि लिएर देशव्यापी सिटी जुलुससम्मको कार्यक्रम घोषणा गरेको छ ।

'नेपाली प्रेसजगत्‌का जायज मागहरू अघि सारेर आन्दोलित नेपाल पत्रकार महासङ्घ र समग्र सञ्चार क्षेत्रप्रति सरकारले उपेक्षा गरेकोमा बैठकले दुःख प्रकट गरेको छ', विज्ञप्तिमा उल्लेख गरिएको छ, 'विशुद्ध पेसागत स्वतन्त्रताको माग राखेर गरिएको आन्दोलनलाई सरकारले राजनीतिक रङ दिनु र विदेशी दातृ संस्थासँग जोडेर लाञ्छित गर्नु आपत्तिजनक छ ।'

विगत ६ दशकदेखि प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षाका लागि सङ्घर्षरत महासङ्घ कुनै पनि पक्षको अभीष्ट पूरा गर्ने आन्दोलनका पक्षमा नभएको महासङ्घले स्पष्ट पारेको छ ।

संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा दृढ रहेको महासङ्घले जनाएको छ । प्रेस स्वतन्त्रता र यसको विश्वव्यापी मान्यताविपरीत हुने गरी ल्याइएको विधेयक फिर्ता गरी सरोकारवाला निकायहरूसँग छलफल गरेर समस्याको समाधान गर्नुपर्ने अडान महासङ्घले राखेको छ ।

# पीत-पत्रकारिता कान्तिपुरको

**अनिल शर्मा**

गृह मन्त्रालयको भत्ता थापेर भाडाको कलम चलाउने चलन नेपालमा पञ्चायतीकालमा झाङ्गिएको हो । त्यो चलन अहिले पनि चलिरहेकै छ । सामाजिक दलाल सरकार बनेपछि त्यसलाई अझ तीव्र पारिएको छ । गत भदौमा प्रकाण्ड गिरफ्तार हुनासाथ घुसपैठिया, शङ्कास्पद र कारबाहीमा परेका व्यक्तिहरू र संवाददाताहरूको दारुपाटी चलाउने र भाडामा लेख्ने-लेखाउने क्रम तीव्र भएको छ । कान्तिपुर दैनिकको पटकपटकको समाचार विश्लेषणमा भूमिकाको विषयलाई लिएर कारबाही गरेको बताइएको छ । त्यो यस्तो नाङ्गो झूट, नियोजित षड्यन्त्र र क्रान्तिकारी शक्तिका विरुद्ध अपराधकर्म हो कि सो दाबीलाई नेकपा स्थायी समितिद्वारा २०७५ कात्तिक १८ मा जारी परिपत्र बुँदा नं. २ मा भनिएको छ । '...दमनका विरुद्ध पार्टीले गरेको सङ्घर्ष, कमरेड प्रवक्ताको नेतृत्वमा बन्दी कमरेडहरूले हिरासतभित्र गरेको सङ्घर्ष र नेपाली जनताको समर्थनले यो लडाइँमा सामाजिक फासिवादको हार र हाम्रो पार्टीको जित भयो । ...स्थायी समिति बैठकमा महासचिव कमरेड विप्लवले रिहा हुनुभएका कमरेड प्रकाण्डलाई बैठकमा स्वागत गर्ने प्रस्ताव गर्नुभयो र बैठकले मुट्ठी उठाएर स्वागत गऱ्यो ।' त्यसकारण भएको होइन कि उनीहरूले त्यस्तो अपेक्षा गर्छन् । उनीहरूको हर्कतलाई अर्थात् प्रचारयुद्ध र फौजी युद्धलाई आठौं पूर्ण बैठक (२०७५ साउन) मा पारित राजनीतिक प्रस्तावको पृष्ठ १ मा भनिएको छ, 'गिरफ्तारपछि प्रतिक्रियावादीहरूले अनेकौं रङ्गीविरङ्गी विषालु प्रचारसमेत गरेर पार्टीभित्र र बाहिर भ्रम पार्ने खेलसमेत खेले ।' प्रवक्ता गिरफ्तार हुनासाथ त्यसलाई तीव्र पारियो । विषम राजनीतिक परिस्थिति र केही टार्ने नसकिने व्यस्तताका कारण केही दिन प्रवक्ताको नामबाट विज्ञप्ति नआउँदासाथ 'मनको लड्डु घ्युसँग' खान थालियो- प्रकाण्ड कारबाहीमा । त्यो त नेकपामा विषयअनुसार महासचिव, प्रवक्ता, कार्यालय सचिव अथवा सङ्गठन प्रमुखले आपसी सरसल्लाहमा विज्ञप्ति दिने चलन छ । प्रवक्ताको विज्ञप्ति देख्नासाथ अर्को कथा सुरु गरे- प्रकाण्डको पुनरागमन । कतिपय संवाददाताहरूले आफ्नो समाचारको स्रोत नेकपाको स्थायी समिति बताउँदै हिँडेका छन् । नेकपाका केन्द्रीय सदस्यहरूलाईसमेत पार्टी स्थायी समितिसँग पहुँच सहज छैन भने काठमाडौंको गल्ली र गृह मन्त्रालयका ढोका चहार्ने कथित बिग हाउसका फन्डुसहरूले त्यसप्रकारको दाबी गर्नु कति हास्यास्पद छ, सहजै बुझ्न सकिन्छ ।

नेकपा गुटहरूको संयुक्त मोर्चा होइन । महासचिव विप्लवले नै सबै कुराको अन्तिम निर्णय गर्छन् । कारबाहीमा परेकाहरू मूलतः पत्रकार सङ्गठन र स्वास्थ्यमा हो । उनीहरू तीन प्रकारका थिए-

(क) घुसपैठिया र शङ्कास्पद व्यक्तिहरू
(ख) गृह मन्त्रालयबाट रकम बुझ्नेहरू
(ग) अराजक र हुलमुलमा फसेकाहरू

अनुशासनमा नबस्ने र भावनामा भड्किएका तर इमानदार कमरेडहरूलाई रूपान्तरण गरेर काममा फर्काउने प्रयास भइरहेको छ । वैद्य नेतृत्वको नेकपा-माओवादीको ताम्साल्हिङ अधिवेशन, धुलिखेलमा चल्दै गर्दा राती १२ बजे सूर्य सुवेदी 'पथिक' ले शङ्कास्पद भन्दै होटेलबाट लखेटेका र शक्ति बस्नेतबाट पैसा खाएर क्रान्तिकारी आन्दोलनका विरुद्ध झूठ र अपराधमा संलग्नहरूको हिसाबकिताब समयमा फैसला हुन्छ नै । सबै नेता, कार्यकर्ता र इमानदार पङ्क्ति स्पष्ट हुनुपर्दछ । लोलोपोतो, अवसरवाद धेरै टिक्दैन । 'एक पाइला अगाडि, दुई पाइला पछाडि' नामको आफ्नो चर्चित रचनामा लेनिन भन्नुहुन्छ, 'तिमी कोसँग सङ्गत गर्दछौं भन अनि तिमी को रहेछौ भन्ने कुरा म तिमीलाई बताउँला । तिम्रा पक्षमा कसले मत प्रदान गर्दछ भन, अनि तिम्रो राजनीतिक अनुहार कस्तो रहेछ भन्ने कुरा म तिमीलाई बताउँला ।' त्यसकारण आफ्नो व्यक्तिगत प्रतिष्ठा मात्र ख्याल गर्नेले हुल्लडबाजहरूको लहैलहैमा आफूलाई बर्बाद गर्नु हुँदैन । अवसरवाद जतिसुकै लुकाउन खोजे पनि लुक्दैन । त्यसको कुनै भविष्य पनि हुँदैन । अवसरवादको सन्दर्भमा लेनिन भन्नुहुन्छ, 'अवसरवादी व्यक्तिको स्वभाव नै कस्तो हुन्छ भने यसले कुनै पनि प्रश्नलाई कहिल्यै निश्चित तथा ठाडो रूपले प्रस्तुत गर्न खोज्दैन । उसले सधैं कुनै बीचको बाटो भेट्टाउने दाउ खोजेर बसेको हुन्छ । दुई परस्पर विरोधी दृष्टिकोणहरूका बीचमा सर्पजस्तो सल्बलाइरहेको हुन्छ र दुवै दृष्टिकोणसित 'सहमत हुने' प्रयास गर्दछ । सुन्दरता र कुरूपता, सत्य र असत्यका बीचको सङ्घर्षमा बीचको कुनै बाटो हुँदैन ।

दलाल सत्ताका मतियारहरूले पदम राईलाई बोकेर लड्न खोजेका छन् । तर भुत्ते हतियार बोकेर लडाइँ जितिन्न । सतीदेवीको लास बोकेर हिँड्ने पागल महादेवको हालत कान्तिपुर दैनिकको हुनु दुःखद विषय हो । पदम राई कुनै रहस्यमय कथाले होइन, उनी पार्टीको घोषित र आधारभूत नीतिविरुद्ध सार्वजनिक रूपमा गएपछि सार्वजनिक रूपमा नै कारबाहीमा परेका हुन् । उनी गत माघदेखि जिम्मेवारीमा थिएनन् । सरकारले पार्टीलाई प्रतिबन्ध लगाएपछि गृहसचिवसँग सम्पर्कमा बस्ने र पार्टीका विरुद्ध बोल्न थालेपछि कारबाहीमा परेका हुन् । कमरेड प्रकाण्ड र वार्ताको चर्चासँग उनको कुनै साइनो छैन । कान्तिपुरको दलाल चस्माले हेर्दा पदम राई इमानदार होलान्, सर्वहारा तथा क्रान्तिकारी चस्माले हेर्दा उनी कायर, लोभीपापी तथा स्वाभिमान नभएका लास हुन् । 'सर्पको बच्चामा विष र मान्छेको बच्चामा इख' भएन भने मरेतुल्य हुन्छ भन्छन् । जसका बारेमा पार्टीले आफ्नो धारणा स्पष्ट पारिसकेको छ । नेकपाका विषयमा कान्तिपुरमा आएका समाचारहरू गृह मन्त्रालय र भगौडा तथा घुसपैठियाहरूले बनाएको र कान्तिपुरको अमूक व्यक्तिका नाममा प्रकाशित गरेको सहजै बुझिन्छ । किनकि पत्रकारको भाषा, शैली र गुप्तचरको भाषा, शैली आधारभूत रूपमा नै फरक हुन्छ । भाकपा (माओवादी) विरुद्ध खनिनु, पैसा खाएर फेक न्युज प्रसारण गर्नु र सनसनीपूर्ण समाचार बेचेर खर्चपर्च धान्नु भारतीय सञ्चारको मूल प्रवृत्ति देखिन्छ । कान्तिपुर दैनिक त्यही धन्दामा छ किनकि दलाल सरकार र दिल्लीको चाकरी नगरी उसले नजराना र विज्ञापनरूपी तलब पाउँदैन । नेकपाले अरुण-३, विराटनगरस्थित भारतीय शिविर र माथिल्लो कर्णालीमा प्रहार गरेपछि कान्तिपुर दैनिक अझ बढी नेकपाका विरुद्ध खनिएको छ । सिंहदरबार र दिल्ली दरबारका कारिन्दाहरू आफ्नो समाचारको पुष्टि गर्न आवश्यक ठान्दैनन् । तर यी नौरङ्गी दलालहरू जनताको निगरानी र हिसाबकिताबभन्दा बाहिर छैनन् ।

# सिराहामा युवा सङ्गठनको भेला

**सिराहा** : युवा सङ्गठन नेपाल सिराहाको प्रथम जिल्ला भेला सम्पन्न भएको छ । जेठ २१ गते जिल्लाको मिर्चैया नगरपालिका ९ मा भएको भेलाले महेशकुमार यादवको नेतृत्वमा १५ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य देवनारायण शाह प्रमुख अतिथि थिए भने सिराहाका इन्चार्ज अमर क्षेत्री विशेष अतिथि थिए । प्रमुख अतिथिलगायतले नवनिर्वाचित कार्यसमितिलाई बधाई ज्ञापन गरेका थिए । भेलाको अध्यक्षता गणेशले गरेका थिए भने सञ्चालन भक्तकुमार कार्की र स्वागत मन्तव्य श्याम यादवले गरेका थिए ।

# गिरफ्तार नेता-कार्यकर्ताको रिहाइको माग

**कास्की** : संविधानले दिएको मौलिक अधिकारलाई कुल्चिएर आफ्ना २२ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरिएकोमा नेपाल कम्युनिस्ट पार्टी जिल्ला सङ्गठन समिति कास्कीले आपत्ति प्रकट गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी जिल्ला सङ्गठन समिति कास्कीका इन्चार्ज रूपेशले आइतबार प्रेसविज्ञप्ति जारी गर्दै आफ्ना २२ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरिएकोप्रति आपत्ति प्रकट गरेका हुन् । उनले संविधानले दिएको अधिकार प्रयोग गरी शान्तिपूर्ण तरिकाले बिनाहातहतियार जम्मा भै बैठक गरिरहेको अवस्थामा गरिएको गिरफ्तारीको घोर भर्त्सना पनि गरेका छन् ।

उनले आफ्नो विज्ञप्तिमा भनेका छन्, 'विदेशी शक्तिको इशारामा सञ्चालित वर्तमान सामाजिक फासिवादी दलाल सत्ताले वैज्ञानिक समाजवादी राज्य स्थापनाका लागि देशमा चलिरहेको एकीकृत जनक्रान्तिलाई दमनको माध्यमबाट समाप्त गर्ने दिवास्वप्न देख्दै व्यापक दमनमा उत्रिएको सर्वविदितै छ । आफ्नो दलाल सत्ता जोगाउन उसले संविधानले नै मौलिक हकका रूपमा निर्धारण गरेको 'बिनाहातहतियार भेला भई आफ्नो कुरा जनतामाझ निर्धक्कका साथ राख्न पाउने' अधिकारलाई कुल्चिँदै व्यापक मात्रामा गैरकानुनी धरपकड, गिरफ्तारी र खानतलासीलाई तीव्रता दिइरहेको छ ।'

'संविधानले दिएको अधिकार प्रयोग गरेर आफ्नो पार्टी निकट विद्यार्थी सङ्गठन अनेर स्ववियु (क्रान्तिकारी) को जिल्ला समिति कास्की र पृथ्वीनारायण क्याम्पस जिल्ला समितिको संयुक्त बैठक शनिबार कास्की जिल्लाको अन्नपूर्ण गाउँपालिका वडा नं. ११ उरीस्थित एक आमा समूहको घरमा बसिरहेका बखत दलाल सत्ताका मतियारहरूले बैठकस्थललाई घेरा हाली आतङ्क मच्चाएर व्यापक गिरफ्तारी गरिएको' को कुरा विज्ञप्तिमा उल्लेख गर्दै बैठक स्थलबाट कास्की पार्टीका जिल्ला सेक्रेटरी विवेक भण्डारी 'आक्रोश', अनेर स्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य एवम् गण्डक ब्युरो संयोजक मिलन राई, अनेरास्ववियु (क्रान्तिकारी) का अध्यक्ष, जिल्ला समिति कास्कीका काजी गुरुङ, पृथ्वीनारायण क्याम्पस जिल्ला समितिका प्रकाश बास्तोलालगायत २२ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरिएको जानकारी दिएका छन् ।

उनले सोही विज्ञप्तिमार्फत भनेका छन्, 'सामाजिक दलाल प्रवृत्तिका केपी नेतृत्वको सरकारले गिरफ्तार गरेका नेता तथा कार्यकर्तालाई निःसर्त रिहाइको माग गर्दछौं ।' साथै उनले राजनीतिक स्वतन्त्रताको सुनिश्चितता नभए र जनदमन जारी रहे थप सङ्घर्षमा जान बाध्य हुने चेतावनी पनि दिएका छन् ।

नेकपा कास्की इन्चार्ज रूपेशले भनेका छन्, 'सामाजिक फासिवादी दलाल सरकारद्वारा जारी जनदमनको विरोधमा उत्रिन न्यायप्रेमी देशभक्त, राष्ट्रवादी, उत्पीडित समुदाय, व्यवसायीहरू, बुद्धिजीवी, पत्रकार, मानवअधिकारवादी सङ्घसंस्था, राष्ट्रसेवकलगायत सबैमा अपिल गरेका छन् भने जनताको राजनीतिक अधिकारको रक्षार्थ भएगरेका सङ्घर्षहरूमा सहयोग, समर्थन र ऐक्यबद्धता जनाइदिनुहुन पनि सोही विज्ञप्तिमार्फत हार्दिकतापूर्वक अनुरोध गरेका छन् ।

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ५, अङ्क १, पूर्णाङ्क १९६ रातो खबर

समाचार

# नेकपामाथिको प्रतिबन्ध र अविराम लुटतन्त्र

**प्रकाश शाही**

राज्यव्यवस्थाको व्यवहार र विभेदले निम्त्याएको विद्रोह, करिब छ दशकपछि ल्याएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाका मालिक जनता र त्यसका सेवक राज्य सञ्चालकहरूको जनताप्रतिको व्यवहार र हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीमाथि लगाइएको राजनीतिक प्रतिबन्धले यतिबेला समाज तातेको छ । ठूलो तामझाम र उत्सवसहित घोषणा गरिएको 'नेपालको संविधान २०७२' र त्यसयता बनेका सरकार र त्यसका नेताहरूले आफ्ना विगतका सबै अप्ठ्याराहरू फुकाउने विराट अपेक्षा जनतामा थियो यद्यपि यो प्रक्रियाका बारेमा हाम्रो पार्टीले आफ्नो धारणा २०७२ असोज २ गते नै शान्तिवाटिकाबाट घोषणा गरिसकेको छ । हामी त्यही घोषणाको निरन्तरतामा वैज्ञानिक समाजवाद प्राप्तिको महान् यात्रामा छौँ ।

संसदीय दल अझ हिजोका एमाले, माओवादी केन्द्र (प्रचण्ड) सङ्घ र प्रदेशका चुनावको मुखमा एकजुट हुने घोषणा गर्दा कम्युनिस्ट रुझानको नेपाली समाज खुबै हौसियो । चुनावमा सायद डब्बल नेकपाले पनि अपेक्षा नगरेको चुनावी परिणाम देशभरबाट आयो । २ नं प्रदेशबाहेकका सबै प्रदेश र केन्द्र सरकार डबल नेकपाले गठन गऱ्यो । फागुन ३ गते केन्द्रमा केपी नेतृत्वको सरकार गठन भयो । जनतामा केपी ठूला राष्ट्रवादी हुन् भन्ने ठूलो भ्रम थियो । देश र जनताको समस्या समाधान हुनेमा जनता केही विश्वस्त पनि थिए । जनता तब छाँगाबाट खसेजस्ता भए जब जनकपुरमा मोदी आउँदा प्रदेश सरकारको गुलामी र केन्द्र सरकारको भद्दा उपस्थिति देखियो । देशको राष्ट्रिय झन्डाको आकार बिगारेका मुख्यमन्त्रीको भाषणमा राजस्थानी रुझान, जनकपुरदेखि मुक्तिनाथसम्म बेलगाम भारतीय सैन्य परेडको हर्कत नै पर्याप्त थियो केपी सरकारको राष्ट्रवाद के हो भन्ने बुझ्नका लागि । कुरा यतिमा मात्र सीमित रहेन, केपी सरकारको भूमिव्यवस्था मन्त्रालयले नेपालको राजनीतिक नक्सा प्रकाशनमा ल्यायो जहाँ सार्वभौम नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत क्षेत्र नक्साबाटै हटाइएको थियो । नागरिक स्तरबाट यसको विरोध भए पनि सरकार र डबल नेकपाको आधिकारिक धारणा नआउनुले सरकार प्रमुख र पार्टी प्रमुख रहेका केपी वलीको नक्कली राष्ट्रवाद उदाङ्गो भयो । त्यसमै अहिले नागरिकता विधेयक पनि जोडिनु संयोग मात्र हुन सक्दैन । यो प्रभु रिझाउने खेल हो भन्ने जनताले गज्जबले बुझेका छन् ।

सरकार गठनको छसात महिना पुग्दै थियो । मौसमका हिसाबले हिउँद लाग्ने समय । पश्चिमाहरूको एजेन्ट एकनाथ ढकालको परिवार दल आयोजक रहेको पूर्वप्रधानमन्त्री माधव नेपालसमेतको अग्रसरतामा नेपाल सरकारको विशेष सहयोगमा देशभरका स्थानीय जनप्रतिनिधिका श्रीमान्श्रीमतीलाई हवाईजहाजको टिकट र जडौरी ज्याकेटसमेत दिएर बोलाइएका आफूलाई जिसस क्राइस्टको दूत भन्ने उत्तरकोरियाका भगौडा दम्पती मेडम मुन होली वाइनमा केपीदम्पती सरिक रहनु, मुनको महिमागान गर्नु र पुरस्कार ग्रहण गर्नुले केपीको धर्मनिरपेक्ष राज्यको मज्जैले धज्जी उडायो । जनताको आक्रोश र आलोचनाले केपी सरकारलाई छोएन । उनका गृहमन्त्री रामबहादुर थापाले यातायातको सिन्डिकेट तोड्ने, कामचोर ठेकेदार तह लगाउने, सुन तस्करीको सञ्जाल भत्काउने भनेर ठूलै कोसिस गरेजस्तो देखियो तर ती सबै भागबन्डा र ठूला माछाको आदेशमा पानीका फोकाजस्तै हराए, गए । यता केपी सरकार सडकदेखि बिजुलीका खम्बासम्म समाजवादको विज्ञापन झुन्ड्याउँदै थियो, उता निर्मला पन्त बलात्कारपछि हत्याको पुलिस प्रशासनको मिलिभगतमा निर्दोष मानिसलाई थुनेर थामथुम पार्दै थियो । त्यसयता सयौँ बलात्कार र हत्या थपिए तर निर्मला प्रकरण अझै रहस्यकै विषय बन्नु गज्जबको समाजवादी न्याय देखिन्छ ।

विषय यतिमा सीमित रहँदैन । नेपाल सरकारको एक मात्र नेपाल वायुसेवा निगम र त्यसभित्र रहेको वाइडबडी जहाज खरिद प्रकरणमा भएको अनियमितताले नेपालमा नीतिगत भ्रष्टाचार कुन हदसम्म झाँगिएको छ भन्ने धेरै तथ्य उजागार गरिदिएको छ । ल(अर्भी कर प्रकरण, गोपाल खड्का आयल निगम जग्गा प्रकरण, चूडामणि कर छूट काण्ड, भ्रष्टाचार रोक्नुपर्ने अख्तियारका आयुक्त राजनारायणको घूस प्रकरणको भिडियो सार्वजनिक, राष्ट्रिय गौरवका आयोजनाहरू, सिक्टा आयोजना, बूढीगण्डकी जलविद्युत् आयोजना, मेलम्ची खानेपानी ठेक्कालगायत तमाम क्षेत्रहरू भ्रष्टाचार, ढिलासुस्ती, न्यायपालिकामा भएको दलीय भागबन्डा र सेटिङले राज्य कता जाँदैछ भन्ने बुझ्न पर्याप्त छ । नेपाली समाज बिस्तारै केपीको स्वर्णिम सपनाबाट आफ्नो जमिनी यथार्थमा आइपुगेको छ । समाजमा रहेका समस्या र सम्भावनाको उचित व्यवस्थापनभन्दा उखान-टुक्का र हाँसीमजाकमा सरकारको एकसबर्से कार्यकाल पूरा भयो । यसबीच जनतामा ठूलो निराशा र आक्रोश पैदा हुनु स्वाभाविक छ । रुष्ट जनताले सरकारी हर्कतको विरोध गरी न्याय मागे । धर्ना-जुलुस गरे तर सामाजिक फासिवादी सरकार जनताको न्यायको आवाज सुन्नुभन्दा जनताले धर्ना-जुलुस गर्ने क्षेत्रलाई निषेध गर्नतिर लाग्यो । न्यायको आवाजमा हस्तक्षेप भयो । भोजपुर, कपिलवस्तु, जुम्ला, चितवनलगायत स्थानमा जनतामाथि गोली चलाइयो । देशभर दमन र धरपकड गरियो । सरकार दिन-प्रतिदिन नाङ्गिँदै आफ्नो अस्तित्वको सङ्कटमा छ । उसलाई सामान्य हेक्का पनि छैन- आफ्नो प्राथमिकता के हो ? भैरहेका सडक सुधार कता हो कता, केपी रेलको गफ हाँक्छन् । किसान सिँचाइ सुविधाको अभावले छट्पटिएको छ, मतलब छैन तर पानीजहाज नचलाई मानौँ वली सरकारको समृद्धि आउँदैन । लाखौँ युवा बेरोजगार छन् । गरिबी, अशिक्षा र रोगले तड्पेको समाजलाई चुनावताका मत माग्दा गरेको वाचा आज सरकारलाई भालुको कन्पाटो हुनु स्वाभाविक थियो । जनताले हावा गफ होइन, परिणाम खोजेका छन् । जनता मर्दा सिटामोल छैन । नेताले अमेरिका र थाइल्यान्डमा उपचारका नाउँमा मस्ती गरेको देख्दा एक किसिमको ठूलो आक्रोश समाजमा विद्यमान छ । यसैले निकट भविष्यमा विद्रोहको रूप ल्याउने देखेका केपी-पीकेहरूले समाजभित्र विभेद, अन्याय, अत्याचार, राष्ट्र, राष्ट्रियता र नेपाली समाजको सुन्दर भविष्यका लागि दिनरात जनतामा खटिरहेको हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीलाई आफ्नो पतनको बीज देख्नु स्वाभाविक छ । त्यसैले वास्तवमा नेपाली समाजलाई तर्साउनका खातिर वली सरकार हाम्रो पार्टीमाथि राजनीतिक प्रतिबन्धको अस्त्र प्रहार गर्न चाहन्थ्यो जुन फागुन २८ गतेको प्रतिबन्धमार्फत पूरा गऱ्यो । त्यसयता हाम्रो पार्टीप्रति आमजनताको समर्थनको देशव्यापी लहर चलेको छ । यसले सरकारको प्रतिबन्ध आफैँ खारेज भएको प्रमाणित भएको छ । यसको उदाहरण देशभर हाम्रो पार्टीका समर्थक, सामान्य जनता र शुभचिन्तकहरूलाई खोजीखोजी गिरफ्तार गर्नुले पुष्टि गर्दछ । सरकारलाई डर छ, आफ्नो लुटको स्वर्ग गुम्ने । त्यसैले त मिर्गौला बिग्रिएर अस्पतालमा भर्ना भएका कालीबहादुर मल्ललाई अजङ्गको दुस्मन देख्छ । दुर्घटनाले अस्पतालमा थलिएका नवराज भट्टराईहरूलाई चार घेरामा राखेरा पहरा दिन्छ । सरकारलाई आफ्ना स्वार्थका खातिर बालुवाटार हडप्नेहरूभन्दा जनताका लागि रोल्पामा आफ्नो जमिन दिने हाम्रो पार्टीका जागृतिहरूबाट डर छ । समाजवादी सरकार आफ्नै पार्टी महासचिवको अगुवाइमा सरकारी सम्पत्ति हडप्ने अभियानमा छ ।

हामी नेपाली जनताको साझा भविष्यका खातिर वैज्ञानिक समाजवादी व्यवस्था ल्याउने अभियानमा छौँ । त्यही फरक अभियानको डरले सरकार हामीमाथि प्रतिबन्ध लगाउन बाध्य छ तर हामी नेपाली जनता र राष्ट्रका लागि बलिदानसहित आफ्नो अविराम यात्रामा अझ दृढ छौँ, प्रतिबद्ध छौँ । बाँकी फैसला नेपाली जनताले समयको मागसँगै दुनियाँलाई देखाउने गरी गर्नेछन् जुन हिजोका सबै इतिहासले सिद्ध गरिसकेको छ किनकि यो शासकहरूले जालझेल गरेको र जनताले रगत, पसिना र बलिदानबाट प्राप्त गरेको गणतन्त्र हो । अब फैसला साढे तीन करोड जनताले गर्नेछन्- प्रतिबन्ध लुटतन्त्रका नवराजा/महाराजाहरूलाई गर्नु पर्दछ र लुटतन्त्रको अविराम यात्रा रोक्न सचेत आमनेपाली जनताको साझा दायित्व बन्न गएको छ ।

(लेखक अखिल (क्रान्तिकारी) का महासचिव हुन् ।)

# अखिल (क्रान्तिकारी) द्वारा असार ६ गते आम शैक्षिक हडताल

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) ले विज्ञप्तिमार्फत आफ्ना नेता तथा कार्यकर्ता गिरफ्तारीविरुद्ध असार ६ गते आम शैक्षिक हडतालसहितको चरणबद्ध सङ्घर्षका कार्यक्रमहरू घोषणा गरेको छ ।

सङ्गठनका अध्यक्ष चिरञ्जीवी ढकालले विज्ञप्ति जारी गर्दै भनेका छन्, 'हाम्रो महान् तथा गौरवशाली सङ्गठन नेपालमा चलिराखेको दलाल पुँजीपति वर्गको जनविरोधी राज्यव्यवस्था र त्यसको जगमा अडेको असमान र अवैज्ञानिक दलाल पुँजीवादी शिक्षाप्रणालीको विरुद्धमा अनवरत रूपमा जीवनमरणको सङ्घर्षमा रहेको विषय सर्वविदितै छ । केपी-पीके कम्पनीको सरकार र रामबहादुर गृह प्रशासन बनेदेखि नै यसले हाम्रो सङ्गठनमाथि निरन्तर रूपमा दमन, गिरफ्तारी, झूटा मुद्दा र राज्यआतङ्कका शृङ्खलाहरू नै चलाइरहेको छ । आफ्नो जनविरोधी र कुरूप चरित्र ढाकछोप गर्न यसले क्रान्तिकारी विद्यार्थीहरूको न्यायपूर्ण आन्दोलनलाई जेल, नेल र बन्दुकको सहाराले दबाउने फासिवादी हर्कत प्रदर्शन गरिरहेको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'यसै सन्दर्भमा हाम्रो सङ्गठनका सचिवालय सदस्य तथा भेरी ब्युरो संयोजक पुष्प न्यौपाने, गण्डक ब्युरो संयोजक मिलन राई, केन्द्रीय सदस्य तथा बाँके जिल्ला अध्यक्ष मदन चन्द, केन्द्रीय सदस्य तथा जाजरकोट जिल्ला अध्यक्ष प्रेम शाही, केन्द्रीय सदस्य तथा धादिङ जिल्ला अध्यक्ष अटल पाण्डे, केन्द्रीय सदस्य तथा कास्की जिल्ला अध्यक्ष काजी गुरुङ, कैलाली जिल्ला अध्यक्ष बबरजङ्ग सिंह, पृथ्वीनारायण क्याम्पस जिल्ला अध्यक्ष प्रकाश बास्तोला, पर्सा जिल्ला अध्यक्ष राधेश्याम साह, बारा जिल्ला अध्यक्ष भूपति साह, मुगु जिल्ला संयोजक नरसुर बुमी, पीएन जिल्ला उपाध्यक्ष आस्था नेपालीलगायत देशैभरिबाट दर्जनौँ कमरेडलाई राजनीतिक आस्थाका आधारमा गैरन्यायिक रूपमा गिरफ्तार गरी झूटा मुद्दाहरूमा फसाई हिरासत र जेलमा अमानवीय तरिकाले राखिएकोप्रति हाम्रो सङ्गठन घोर भर्त्सना र निन्दा गर्दछ । हामी यो सामाजिक दलाल फासिवादी सरकारलाई चुनौती दिन चाहन्छौँ- तिम्रो यो अन्यायपूर्ण, जनविरोधी, राष्ट्रघाती, भ्रष्ट र फासिवादी राज्यव्यवस्थाका जुनसुकै प्रकारका दमनका अगाडि हामी कदापि झुक्नेछैनौँ । वैज्ञानिक समाजवादी राज्यव्यवस्था र वैज्ञानिक समाजवादी शिक्षाप्रणाली स्थापनाको हाम्रो महान् लक्ष्य प्राप्तिको जनक्रान्तिमा हाम्रो सङ्गठन अनवरत अगाडि बढ्नेछ ।' भनिएको छ ।

'हामी सामाजिक दलाल फासिवादी केपी-पीके सरकार र रामबहादुर गृह प्रशासनलाई देशैभरिबाट गैरन्यायिक गिरफ्तार गरिनुभएका हाम्रो सङ्गठनका सबै कमरेडहरूलाई २४ घन्टाभित्र बिनासर्त रिहा गर्न जोडदार माग गर्दछौँ', विज्ञप्तिमा भनिएको छ ।

गिरफ्तार नेता-कार्यकर्ताको रिहाइका निम्ति जेठ ३० र ३१ गते देशव्यापी स्कुल, क्याम्पस र विश्वविद्यालयहरूमा विरोध कार्यक्रम, अन्तरक्रिया, विरोध ब्यानर, पर्चा वितरण, भण्डाफोर, राष्ट्रिय मानवअधिकार आयोगमा उजुरी, हस्ताक्षर सङ्कलन र कोणसभा, असार १, २ र ३ गते जुलुस प्रदर्शन, असार ४ गते देशव्यापी क्याम्पसहरूअगाडि १ घन्टा चक्काजाम (९ बजेदेखि १० बजेसम्म), असार ५ गते देशव्यापी मशालजुलुस र असार ६ गते गैरन्यायिक गिरफ्तार गरिएका स्थानहरू उपत्यकाका ३ जिल्ला काठमाडौँ, ललितपुर, भक्तपुर, त्यसैगरी धादिङ, बारा, पर्सा, कास्की, बाँके, कैलाली, जाजरकोट र मुगु जिल्लामा १ दिने आम शैक्षिक हडताल घोषणा गरिएको छ । विज्ञप्तिमा असार ७ गतेपछि दोस्रो चरणका सङ्घर्षका कार्यक्रहहरू घोषणा गरिने जनाइएको छ । विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'हाम्रा यी न्यायपूर्ण आन्दोलनका कार्यक्रमहरू सफल पार्न सहयोग गरिदिनुहुन सम्पूर्ण देशभक्त, वामपन्थी, प्रगतिशील जनसमुदायहरू र आम युवा विद्यार्थीलाई आग्रह गर्दछौँ । यो सङ्घर्षबाट उत्पन्न हुने असहज परिस्थितिको जिम्मेवार स्वयम् यो सामाजिक फासिवादी सरकार हुने विषय पनि स्पष्ट पार्दछौँ ।'

# निर्मला पन्तका हत्यारालाई सरकारी संरक्षण : सीपी गजुरेल

**रातो खबर संवाददाता**/काठमाडौँ

मोहन वैद्य नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी समिति सदस्य सीपी गजुरेलले वर्तमान सरकारले निर्मला पन्तका हत्याराहरूकै संरक्षण गरेको बताएका छन् । सरकारले नै अपराधीहरू बचाइरहेको आरोप लगाउँदै गजुरेलले भने, "सरकारले संरक्षण गरेको छैन भने अहिलेसम्म किन कारबाही हुन्न ?"



संवाद डबलीमा अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) ले शनिबार आयोजना गरेको 'बढ्दो महिला हिंसा र यसको निकास' विषयक अन्तरक्रियामा गजुरेलले देशको आमूल परिवर्तनका खातिर लडेको तत्कालीन क्रान्तिकारी नेतृत्वको आत्मसमर्पण तथा आन्दोलनप्रतिको गद्दारीको परिणाम आज महिला हिंसा बढिरहेको बताए ।

गजुरेलले भने, "प्रचण्डले जहाँ पनि आत्मसमर्पणको संस्कार बसाए । क्रान्तिमा अत्मसमर्पण, पछिल्लोपटक केपी वलीसँग आत्मसमर्पण, अहिले अमेरिकासँग आत्मसमर्पण, प्रचण्डको हरूवा चालले प्रतिक्रान्तिले घर गरेको छ । यसले गर्दा जनयुद्धमा उत्साहित महिलाहरूलाई फेरि चुलो-चौको र महलभित्रै कैद हुने अवस्था आएको छ ।"

नेता गजुरेलले देशमा क्रान्तिकारी झन्डा पुनः एकपटक जोडदारसँग उठ्ने, त्यसको नेतृत्व होचा निमुखा, उत्पीडित महिलाहरूले गर्ने र मुक्तिकामी आन्दोलनले सबैको न्याय गर्ने धारणा राखे ।

आयोजक अखिल नेपाल महिला सङ्घ (क्रान्तिकारी) की अध्यक्ष अम्बिका मुडभरीले कार्यक्रममा पेस गरेको कार्यपत्रमाथि बहस भएको थियो । मुडभरीले नयाँ कानुनले विगतमा जस्तै महिलालाई प्रशस्त अधिकार दिएको भए पनि त्यो कार्यान्वयनको कमीको कारण महिला हिंसा वा समस्या घट्नुको साटो बढेको बताइन् । राज्यका अङ्गहरूमा महिला सहभागिताका लागि आरक्षित कोटाको विषय उठ्ने हुनाले महिलाको क्षमतामै प्रश्न उठ्नु गलत भएको उनको भनाइ थियो । मुडभरीले महिलाले जनयुद्धमा पनि प्रमाणित गरिसकेको र अब पनि आफूलाई प्रतिस्पर्धी बनाउन ध्यान दिनुपर्ने बताइन् ।

जनयुद्धकालमा जाँडरक्सी, जुवा, तासजस्ता विकृतिविरुद्ध सशक्त अभियान सञ्चालन गरेकाले आममहिलाले मुक्ति र सुधारको सास फेरेर माओवादीलाई 'भगवान्' को संज्ञा दिने गरेको अनुभव सुनाउँदै मुडभरीले भनिन्,"हाम्रा क्रान्तिनायकहरूले तिनै जाँडरक्सीका घैँटा र जुवातासका खालमा पसेर महिला हिंसा गर्ने अपराधीको संरक्षण गरेको देख्दा काहाली लाग्छ ।"

क्रान्तिकारी माओवादीका नेतासमेत रहेका प्रा.डा.जगदीशचन्द्र भण्डारीले सामाजिक, धार्मिक, आर्थिक क्षेत्रमा अत्यधिक पीडित भएकाले क्रान्तिकारी अन्दोलनमार्फत सगोलमा महिला मुक्तिको उपाय खोज्नुपर्ने धारणा राखे । उनले मिहिला हिंसा निकै खतरनाक विषय भएको धारणा राख्दै महिलालाई भोग गर्ने साधन र उपयोगिताको वस्तुका रूपमा पुँजीवादी व्यवस्थाले झन् विकराल समस्या थपेको बताए ।

कार्यक्रममा नेपाल प्रगतिशील कानुन व्यवसायी एसोसिएसनका कार्यबाहक अध्यक्ष अधिवक्ता देवकुमार मोक्तान, नेकपा (माओवादी केन्द्र) निकट महिला सङ्घ क्रान्तिकारीकी अध्यक्ष धनकुमारी मगर, आयोजक सङ्गठनकी पूर्वअध्यक्ष लक्ष्मी मुडभरीलगायतले नेपाली महिलाहरूले मुक्ति र स्वतन्त्रताका लागि निरन्तर क्रान्तिमा सहभागी हुनुपर्ने धारणा राखे ।

"हाम्रो बालबालिका, हाम्रो भविष्य"

बालमैत्री स्थानीय शासनमा बाल सहभागिता किन र केका लागि ?

१. बाल अधिकारको अभ्यास गर्न ।
२. लोकतान्त्रिक प्रणालीको अभ्यास र प्रवर्द्धन गर्न ।
३. सुशासनको पूर्वाधार तयार गर्न ।
४. नेतृत्व विकास तथा सशक्तिकरण गर्न ।
५. अन्यायपूर्ण विभेदकारी परिपाटी हटाउन ।
६. स्थानीय विकास प्रक्रियामा आफ्नो पन र स्वामित्व बढाउन ।
७. बालबालिका वयस्क अवस्थामा पुगेपछि आफ्नो जिम्मेवारी लिनका लागि सक्षम बनाउन ।
८. विकास तथा निर्माण प्रक्रियामा बालमैत्री पद्धतिको विकास गर्न ।
९. बालबालिकालाई समुदायमा योगदान गर्ने अवसर प्रदान गर्न ।

टोखा नगरपालिका
काठमाडौँ

छिटो, छरितो, भरपर्दो, सरल

सस्तो दरमा डकुमेण्ट, पार्सल तथा कार्गो नेपालको हरेक ठाउँमा पठाउनु परेमा यती एअरलाइन्समा सम्पर्क गर्नुहोला ।



सम्पर्कः ०१ ४४८६१५७, ०१ ४४६५८८८ Ext. १०४, ११८,

Yeti Airlines
You come first
www.yetiairlines.com

Yeti Airlines operates 7 Jetstream-41 advanced turbo prop aircrafts catering to widest network sectors every day.

Yeti Airlines Domestic Pvt. Ltd. Corporate Office: Tilganga, Kathmandu, Tel: 4465888 Fax: 4465115 Reservations: 4464878 (Hunting Line), Kathmandu Airport: 4493901 Email: reservations@yetiairlines.com
•Bhadrapur: 023-455232•Biratnagar: 021-536612•Tumlingtar: 029-575120•Janakpur: 041-520047•Bharatpur: 056-523136•Pokhara: 061-464888•Bhairahawa: 071-527527•Nepalgunj: 081-526556•Dhangadi: 091-520004
For any service suggestions, call 977-1-4465888 (Ext. 621) or email us at feedback@yetiairlines.com

निर्देशक : **अनिल शर्मा**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाईं**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ